राष्ट्रिय किसान आयोगको
प्रथम वार्षिक प्रतिवेदन
२०७४

नेपाल सरकार

राष्ट्रिय किसान आयोग

कलंकी, काठमाडौं

आयोगको दुरदृष्टिः

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

आयोगको लक्षः

किसान अधिकारमैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

आयोगको ध्ययः

विश्वव्यापीरुपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निश्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार संस्थाको रुपमा आयोग रहनेछ ।

आयोगको मूल्य मान्यताहरुः

समानता र न्याय, निश्पक्षता, साधनस्रोतमा सबै किसानको समान पहुँच र लाभांसको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान आयोगका मूलभूत मान्यताहरु हुन् ।

मन्तब्य

नेपाल मुलतः कृषिमा आधारित अर्थतन्त्र भएको देश हो । देशका दुई तिहाई सकृय नागरिकको जिवनको आधार कृषिमा नै आश्रीत छ । बिश्वब्यापीकरण र अन्तर्राष्ट्रिय जगतसँग बिस्तार हुँदै गएको सम्बन्धको कारण नेपालले पनि खुला अर्थतन्त्रलाई आत्मसात गरीसकेको छ । तसर्थ नेपाल जस्तो पिछडिएको अर्थतन्त्र भएको देशका किसानहरुलाई बिश्वजगत सँग प्रतिस्पर्धा गर्न सक्ने क्षमताको बिकास गर्न ठुलो चुनौति छ ।

नेपालमा कृषि बिकासको सँस्थागत थालनी भएको धेरै भएको छैन । यसबिच नेपाल सरकारले कृषि बिकासको क्षेत्रमा केही प्रयासहरु गरेको भएपनि किसानहरुले अपेक्षा गरे अनुसारको प्रतिफल पाउन सकेका छैनन । जसले गर्दा किसानहरु समयानुकुल जिवन जिउन सक्ने अवस्थामा छैनन । परम्परागत कृषि, पिछडिएको अर्थतन्त्र र आवश्यक सरकारी संरक्षणको अभावमा नेपालका किसानहरु र कृषि उत्पादनले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । तसर्थ यस्तो अवस्थामा कृषि विकासको गतिमा तिब्रता दिनको साथै किसानहरुको आय स्तर बढाउन किसानहरुको संरक्षकको आबश्यकताको महशुस गरी नेपाल सरकारले मिति २०७३।१०।६ गतेका दिन "राष्ट्रिय किसान आयोग कार्यकारी आदेश २०७३" जारी गरी राष्ट्रिय किसान आयोग गठन गरेको छ ।

राष्ट्रिय किसान आयोगको गठन पश्चात अध्यक्ष तथा सदस्य ज्यूहरुको नियुक्ति र कर्मचारी तथा कार्यालय ब्यवस्थापनमा केहि समय लाग्यो । तर पनि आयोगले पूर्णता पाए लगत्तै कृषि बिकास मन्त्रालय मार्फत केहि बजेट तथा कार्यक्रमको ब्यवस्था गरी कामको थालनी गरेको थियो । आयोग गठनको छोटो अबधिमै श्रोत साधनको अभावमा पनि आयोगले सरोकारवालाहरुको सहकार्य तथा समन्वयमा केहि राष्ट्रिय महत्वका बिषयहरुमा गोष्ठी सँचालन गरी आयोग गठनको जानकारी गराउनको साथै आयोगले भावी दिनमा पहल गर्नुपर्ने बिषयहरुमा सुझाव सँकलन गर्ने काम सम्पन्न गरेको छ ।

आयोग गठन पश्चात आयोगले सम्पन्न गरेका केहि कामहरु र किसान र कृषि पेशामा सँलग्न सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई समेत संलग्न गरी आयोगले यो पहिलो वार्षिक प्रतिवेदन २०७४ प्रकाशन गरेको छ । समयको माग अनुसार किसानहरुको संरक्षकको रुपमा काम गर्ने जिम्मेवारी सहित यस आयोगको स्थापना गर्न सहयोग गर्ने कृषि विकास मन्त्रालय लगायत आयोगको काम कारवाहीमा सकृय सहभागि भई योगदान गर्ने संघ संस्था तथा महानुभावहरुलाई धन्यबाद दिन चाहन्छु । आयोगका सदस्य महानुभावहरुलाई पनि श्रोत साधनको अभावको बावजुद आयोगको दैनिक काम कारवाहीमा सकृय सहयोग तथा योगदानको लागि धन्यबाद दिन चाहन्छु । साथै आयोग गठनको शुरु अवस्थामा सदस्य सचिवको रुपमा कामगरी आयोगको सम्पुर्ण कृयाकलाप तथा कार्यालय ब्यवस्थापनमा सहयोग पुऱ्याउनु हुने मदन थापा तथा नव नियुक्त सदस्य सचिब श्री तेज बहादुर सुबेदीको साथै बाली विकास अधिकृत श्री निर्मल रेग्मी, नायब सुब्बा श्री खुम बहादुर घर्ती तथा अन्य सहायक कर्मचारीहरुलाई समेत धन्यबाद दिन चाहन्छु ।

चित्र बहादुर श्रेष्ठ
अध्यक्ष

नेपाल सरकार

राष्ट्रिय किसान आयोग

काठमाण्डौं, नेपाल

पत्र संख्याः- २०७४/७५
चलानी नं.:- १०६

मितिः २०७४/०५/३०

विषय-प्रथम बार्षिक प्रतिवेदन ।

माननिय कृषि विकास मन्त्री ज्यू
कृषि विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ को दफा २४ बमोजिम आर्थिक वर्ष २०७३/७४ को बार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय

चित्र बहादुर श्रेष्ठ
अध्यक्ष

"निजामती कर्मचारिको प्रतिवद्वता, पारदर्शिता र चुस्तता"

विषयसूची

क्र.सं.	विवरण	पेज नं.
१.	पृष्ठभूमि	१
२.	आयोगको २०७३/७४ को कार्य प्रगति विवरण	२
३.	आयोगको प्रतिवेदन सारांश.....	५
४.	अनुसूचिहरु	६ देखि ९३ सम्म

पृष्ठभूमि

१. नेपाल एक कृषि बाहुल्य देश हो । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहदै आएको छ । देशको कुल गाहृस्थ उत्पादनमा करिव एक तिहाई योगदान गर्ने र करिव दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकोपार्जनको लागि यसै क्षेत्रमा निर्भर रहदै आएका छन् । नेपालको विभिन्न आवधिक योजनाहरुमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भए तापनि अपेक्षाकृत रुपमा यस क्षेत्रको विकास हुन सकेको छैन ।

२. आर्थिक रुपले सकृय जनशक्ति विदेशिने क्रम बढदै जाँदा कृषि क्षेत्रमा बढदै गई रहेको श्रम शक्तिको अभाव, बढ्दो जग्गाको खण्डिकरण, उर्वर कृषि भूमिको गैर कृषि क्षेत्रमा प्रयोग, कृषि तथा पशु जन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामाग्रीहरुको समयमा अप्रयाप्त आपूर्ति, आवश्यक प्रविधि, सिप र प्राविधिक पहुँचको अभाव, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, कृषि तथा पशु जन्य उत्पादनहरुको विविधिकरण, प्रतिस्पर्धी र बजारमुखि हुन नसक्नु, जीवनाशक विषादी, जुनोटिक, सिमाविहिनपशुपंक्षीहरुको महामारी रोगहरु, खाद्य स्वच्छता बारे जानकारी नहुनुको साथै कृषि शिक्षा, अनुसन्धान र प्रसार विच समन्वयको अभावले गर्दा आशातित उपलव्धी हासिल हुन सकेको देखिदैन ।

३. किसानहरुको अधिकार सुनिश्चितताको लागि अभिभावकत्वको जिम्मेवारी निर्वाहा गर्ने निकायको अभावमा किसानहरु कृषि पेशाबाट पलायन हुदै आएको अवस्था छ। कृषि जैविक विविधता नीति २०६३ (पहिलो संशोधन, २०७१) ले कृषकहरुको अधिकारको सुनिश्चितताको लागि नीतिगत रुपमा अंगिकार गरेको भएपनि सोही अनुरुप कानुनी प्रावधानहरुको निरन्तरता हुन सकेको छैन ।

४. मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरुको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउनु वान्छनीय भएको तथ्यलाई आत्मसाथ गर्दे कृषि विकास रणनीति (सन् २०१५–३५) ले परिलक्षित गरे बमोजिमका उद्येश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३।१०।६मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार "राष्ट्रिय किसान आयोग" गठन भएको हो । आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई उदेश्य ठानी कृषि नै विकास र समृद्धिको मूलआधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने लक्ष्य रहेको यस आयोगले किसान अधिकारमैत्री वातावरण निर्माण मार्फत किसानलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने काम गर्ने छ । साथै समानता र न्याय, निष्पक्षता, साधनस्रोतमा सबै किसानहरुको समान पहुँच र लाभांसको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान भन्ने मूलभूत मान्यताहरुलाई आफ्नो दूरदृष्टि मानेको छ ।

आयोगको आ.ब २०७३/७४ को कार्यप्रगतिको विवरण

५. राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ को दफा २४ बमोजिम आयोगले सम्पादन गरेका कामको विवरण बार्षिक प्रतिवेदनको रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था भए अनुरुप आयोगले आर्थिक बर्ष २०७३/७४ मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको बार्षिक प्रतिवेदन तयार गरेको छ ।

६. राष्ट्रिय किसान आयोगले पूर्णता पाए लगतै मिति २०७४/२/१७ गते विभिन्न सरोकारवाला निकायको उपस्थितिमा मा. कृषि विकास मन्त्रीज्यूको प्रमुख अतिथ्यतामा केन्द्रीयस्तरमा अभिमुखिकरण गोष्ठी संचालन गरी आयोग गठनको आवश्यकता र औचित्य बारे सबै सरोकारवाला निकाय समक्ष जानकारी गराई कार्यान्वयनको लागि सबै सरोकारवालाहरुसँग आह्वान गरेको थियो ।

७. कृषकहरु बाट लागतको आधारमा न्युनतम समर्थन मूल्य तोकी बजार व्यवस्थापन हुनु पर्ने, करार र कबुलियती खेतीको नीतिगत व्यवस्था हुनु पर्ने, भू-उपयोग नीति कार्यान्वयन हुनु पर्ने, एकृकित खेती प्रणालीको विकास हुनु पर्ने, कृषि विकास मन्त्रालय लगायत विभिन्न निकाय मार्फत वितरण हुने अनुदानको उचित वितरण र कृषि सूचना संचार केन्द्र को समूचित प्रयोग हुनु पर्ने, वितरणमूखी भन्दा पनि परिणममूखि कार्यक्रम कार्यान्वयनमा आउनु पर्ने जस्ता सुझावहरु प्राप्त भएको थियो ।

८. प्राप्त सुझावहरु हालको सन्दर्भमा समसामयिक र दिगो कृषि विकासको लागि प्रेरणादायी हुन सक्ने देखिन्छ । अत: यस्ता सुझावहरुमा सहमत भई कृषि विकास मन्त्रालय मार्फत सम्बान्धी सरोकारवालाहरुसँग समन्वय हुन आवश्यक देखिन्छ ।

९. आयोगले २०७४/२/२२, २३ र २०७४/३/७,८ मा पोखरा र सुर्खेतमा "**प्रादेशिक स्तरिय कृषक अधिकार एवं कल्याणकारी नीति पहिचान गोष्ठी**" संचालन गरेको थियो । कृषि पेशा बाध्यताले होइन रहरले नै अवलम्वन गर्ने परिस्थिति श्रृजना गरि कृषि पेशामा आकर्षण गर्नु आजको आवश्यकता हो । कृषि पेशमा प्रत्यक्ष रुपमा संलग्न किसानहरुले भोगेका समस्याहरुको आधारमा आएका सुझाव तथा विषय वस्तु निकै सान्दर्भिक र कृषि/पशुपंक्षी विकासका कार्यक्रम कार्यान्वयनमा अहम भूमिका खेल्न सक्ने देखिन्छ । व्यापक अन्तरकृया र छलफल पश्चात आएका बिषयवस्तुहरुहरु क्रमश: कार्यान्वयन गर्न सम्बन्धीत निकायहरुले अभिभावकको भूमिका लिइ प्रभावकारी कार्यान्वयनको लागि आयोगलाई सुझव प्राप्त भएको थियो।

१०. राष्ट्रिय किसान आयोग पूर्ण सबैधानिक आयोग र अधिकार सम्पन्न हुनु पर्ने जस्ता सुझाव प्राप्त भएको सन्दर्भमा राष्ट्रिय किसान आयोग सम्बन्धी ऐन र नियमावलीको मस्यौदाबारे नेपाल सरकार मन्त्रिपरिषद्वाट सैदान्तिक सहमतिको लागि पहल हुन आवश्यक देखिएको छ ।

११. किसानको हक हित र अधिकार सुरक्षित गर्न कृषि क्षेत्रमा हाल संचालित कृषि ऋण र कृषि बिमाका कार्यक्रहरुको पँहुच वास्तविक किसान सम्म पुग्न नसकेको वर्तमान अवस्थामा सबै बाली तर्फ बिमा कार्यक्रम लागु नहुंदा किसानहरुले कृषि बिमा बाट अपेक्षीत प्रतिफल पाउन

नसकेको हुँदा सबै सरोकारवालाहरुको समन्वयमा ऋण सहजिकरण र कृषि बिमालाई विकट गांउवस्तीहरुमा पुर्याउन सके किसानहरु सो कार्यक्रमहरुबाट बढी भन्दा बढी लाभान्दित हुन सक्ने देखिन्छ ।

१२. किसानहरुले आफ्नो सक्रिय श्रम शक्ति खर्च गरि कृषि विकासमामा अहम भूमिका निर्वाह गर्दा गर्दै पनि श्रमको योगदानका कदर स्वरुप अन्य क्षेत्रमा भएका सामाजिक सुरक्षा भत्ताबाट वचित रही, अपहेलित र अपमानित रुपमा निष्कृय भै वाच्न बाध्य हुने अवस्थावाट वचाउन र सबैधानिक आधारमा खाद्य सम्प्रभुताको अधिकारको कार्यान्वयनक लागी मासिक किसान सामाजिक संरक्षण भत्ता ब्यबस्थापन हुन सिफारिस साथ आयोग अनुरोध गर्दछ ।

१३. किसानहरुले आफ्नो जमिनमा खेती गर्ने नैसर्गिक अधिकारको लागि चाहिने उत्पादन सामाग्रीहरुको नियमित सर्वसुलभ रुपमा उपलव्ध गराउने दायित्व नेपाल सरकारको भएता पनि समयमा उत्पादन सामाग्रीको अपर्याप्त आपूर्तिले एक तर्फ उत्पादन कम हुने अर्को तर्फ उत्पादित बस्तुहरुको उचित बजार र न्युनतम समर्थन मुल्य नपाउदा किसान सधै मर्कामा नै रही रहेको परिपेक्षमा उत्पादन सामाग्रीको निर्वाध आपूर्ति व्यवस्था तथा सबै वालीहरुको न्यून्तम समर्थन मुल्य तोकी बजारीकरण, सहजीकरणको लागि सम्बन्धित सरोकारवाला निकायहरुमा निर्देशन हुन आवश्यक देखिन्छ ।

१४. बालीबस्तु उत्पादनको क्रममा जंगली जनाबरवाट हुने क्षति सम्वन्धमा देशका विभिन्न जिल्लाहरुमा हाल बाँदर बाट भएको क्षती पनि धेरै भएको जानकारी प्राप्त भयो। बाँदरबाट हुने क्षती सम्बन्धमा किसानहरुलाई कुनै पन क्षतिपुर्तीको कानुनी व्यवस्था नभएको हुँदा यस तर्फ बन तथा भू-संरक्षण मन्त्रालयसँग समन्वय गरी बाँदरको व्यवस्थापन तथा बाँदरबाट हुने क्षतीकोसमेत किसानहरुलाई क्षतिपूर्ति उपलब्ध गराउनेतर्फ पहल हुन आवश्यक रहेको छ ।

१५. खेती योग्य जग्गाहरु गैर खेतीमा प्रयोग हुने क्रम वढ्दो अवस्थामा रहेको हुँदा उत्पादनमा कमी हुने कारक रहेकोमा भू-उपयोग निति २०६९ जारी भएता पनी तदअनुसार ऐन नियामको अभावमा कृषि भूमिको गैर कृषि क्षेत्रमा उपयोग नियन्त्रण गर्न नसकिएको सन्दर्भमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरि भूउपयोग ऐन र नियमावली तत्काल जारी हुनु पर्ने देखिन्छ ।

१६. देशमा रोजगारीको अभावले यूवाहरु विदेशिने क्रम जारी छ । कृषि विकासको लागि यूवा जनशक्तिको अभावले खेतीहरु बाझो रहेको अवस्था छ भने निर्वाहमूखि खेती प्रणालीले आशातित रुपमा लाभ दिन नसक्ने अवस्थामा कृषिको व्यवसायिकरण र आधुनिकिकरणमा परिवर्तन गर्न यूवा मैत्री वैज्ञानिक कृषि प्रणाली अवलम्वनको लागि प्रविधि प्रसार र अनुसन्धानको समन्वयकारी भूमिका प्रभावकारी रुपमा संचालन भएको खण्डमा प्रति ईकाई उत्पादकत्व वृद्धि भै आर्थिक उपार्जनमा सहयोग पुगी विदेशिने क्रमलाई निरुत्साहित गर्न सहयोग पुग्ने देखिन्छ । हाल संचालित अनुदान रकममा वृद्धि र भौगोलिक क्षेत्र अनुरुप

परिमार्जनको साथै अझ स्पष्टर पारदर्शी मापदण्डको आधारमा वितरणको साथै नियमित अनुगमन हुन आवश्यक देखिएको छ ।

१७. कृषि प्रविधि विस्तार र कृषि सम्बन्धी समस्याहरुको समाधान तर्फ संचारको भूमिका अहम हुने गरेको छ । अत: कृषि संचारलाई ग्रामिण क्षेत्र सम्म र बढी भन्दा बढी कृषक समक्ष पुऱ्याउन नीजि संचार माध्यम र बर्तमान र अवकास प्राप्त विज्ञहरुको सहयोग र समन्वयमा कृषि संचारमा पँहुच पुऱ्याउन आवश्यक देखिन्छ ।

१८. कृषि उत्पादनमा प्राकृतिक प्रकोप र मौसम परिवर्तनले नकारात्मक प्रभाव परिरहेको अवस्थामा प्रतिकूल मौसममा पनि उत्पादन दिनसक्ने बाली तथा पशु विकास सम्बन्धी प्रविधिहरुको विकास र विस्तारमा विशेष जोड दिनु आवश्यक छ ।साथै हाल सुरु गरिएको जलवायू प्रकोप समुत्थान निर्माण आयोजनालाई विस्तार गरि नियमित कार्यक्रममा समावेश गरि मौसम पुर्व सूचना प्राणालीलाई व्यापक गराउन आवश्यक देखिन्छ ।

१९. कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका विषय कालान्तर देखि चल्दै आएको र कृषि विकास रणनीति (सन् २०१५/३५) ले समेत मार्गदर्शन गरेका क्षेत्रमा वैचारिक छलफल हुन अति महत्वपूर्ण ठानी राष्ट्रिय किसान आयोगले २०७४/०३/२२ मा वृहत अन्तरकृयात्मक गोष्ठी सम्पन्न गरेको छ । कृषिका कुन कुन क्षेत्रहरुमा प्रत्यक्ष वैदेशिक लगानी आवश्यक हुन सक्छ र त्यसले समग्र अर्थतन्त्र र मानव संसाधन लगायतमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पर्ने हो अझ गहन छलफल हुन आवश्यक छ । तथापी प्राथमिक कृषि उत्पादनको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी नभै कृषिका पूर्वाधार निर्माण जस्तै सिचाई, तटबन्धन तथा औद्योगिकरणमा सहज हुन सक्ने खालको लगानी उचित नियमन प्रणाली अपनाई भित्र्याउन सकिने देखिन्छ ।

२०. अन्तमा आयोगले नियमित कार्यहरुसँग सँगै आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ र किसान संघ/संगठन दर्ता कार्यविधि, २०७४ को मस्यौदा स्वीकृतिको लागि कृषि विकास मन्त्रालयमा प्रस्तुत गर्ने काम समेत सम्पन्न गरिसकेको छ । आयोगको स्थापनाकाल देखि हाल सम्म भए गरेका कार्यहरु सम्पन्न गर्न अमूल्य सहयोग गर्नुहुने कृषि विकास र पशुपंक्षी विकास मन्त्रालय लगायत सम्पूर्ण संघ संस्था र महानुभावहरुमा आयोग धन्यबाद र आभार व्यक्त गर्न चाहन्छ ।

आयोगको सिफारिस र सुझावहरु (सारांस)

१. भू-उपयोग नीति अनुसार ऐन नियम निर्माण गरि लागू गर्नु पर्ने ।

२. किसान वर्गीकरण गरी परिचयपत्र वितरण गर्नु पर्ने र त्यसैको आधारमा राज्यवाट किसानहरुले प्राप्त गर्ने सेवा, सुविधा प्रवाह गर्ने व्यस्था मिलाउने ।

३. २० बर्षे दिर्घकालीन कृषि रणनीति कार्यक्रम कार्यान्वयनलाई जोड दिनु पर्ने ।

४. कृषि ऋण, कृषि विमा, अनुदान र कृषि विकास सम्बन्धि मौजुदा नीति नियमहरुलाई परिमार्जन गरी किसान मैत्री गराउनु पर्ने ।

५. राष्ट्रिय किसान आयोगलाई अधिकार सम्पन्न, स्वतन्त्र निकायको रुपमा काम गर्ने व्यवस्था हुन **"राष्ट्रिय किसान आयोग ऐन"** निर्माण गरिनु पर्ने ।

६. प्राकृतिक प्रकोपबाट हुने क्षतीबाट पर्ने प्रभावलाई न्युनिकरण गर्न पिडितहरुलाई तत्काल उचित राहत व्यवस्थापन र मृतक परिवारलाई सहयोगको व्यवस्था गरिनु पर्ने ।

७. परिवर्तित सन्दर्भमा संघिय संरचना अनुसार कर्मचारीको मनोबल उच्च हुने गरिकाम गर्ने वातावरण श्रृजना गर्न कर्मचारी समायोजनको उचित मापदण्ड निर्धारण गरी समायोजन हुने व्यवस्था गर्नु पर्ने ।

८. संघ, प्रदेश र स्थानिय निकायबाट संचालन हुने कृषि र पशुपंक्षी विकास कार्यक्रमहरुको लागि स्पष्ट खाका तयार गरि सोही अनुसार सम्बन्धित निकायले बजेट व्यवस्थापन गरि किसानहरुले हाल पाईरहेको सुविधा निरन्तर पाउने व्यवस्था मिलाउनुपर्ने ।

९. जंगली जनावर/खास गरी बाँदरबाट देशका विभिन्न जिल्लामा कृषि जन्य उत्पादन र मानव आक्रमणमा पुऱ्याएको क्षतिको क्षतीपूर्ती पाउने व्यवस्था नभएको हुँदा सम्बन्धित निकायसंगको समन्वयमा ऐन नियम तयार गरी लागू गरिनु पर्ने ।

१०. किसानको सामाजिक सुरक्षा भत्ता लागू गर्न विषेश पहल गर्नु पर्ने /त्यसको तत्काल लागू गर्दा गरिवी र मानव विकास सूचाङकको आधारमा पछाडि परेका जिल्लाहरुबाट लागू गर्न उपयुक्त हुने।

११. वाँझो जग्गाको व्यवस्थापन र करार खेती व्यवस्थापन सम्बन्धमा आम किसानको लागि नयाँ नीति तर्जुमा गरि ऐन नियम मार्फत कार्यान्वयमा ल्याउनु पर्ने ।

१२. साना किसानहरुको संरक्षणको लागी कृषि उत्पादनका प्राथमिक क्षेत्रहरुमा प्रत्यक्ष वैदेशिक लगानी भित्राउन नहुने।तर उपयुक्त नियमन सहित कृषिका पूर्वाधार निर्माण जस्तै — सिचांई, तट्बन्ध, कृषि सडक, प्रशोधनका क्षेत्रमा प्रत्यक्ष वदैशिक लगानी भित्राउन आवश्यक पहल गर्नुपर्ने ।

१३. किसानहरुको वाली भित्राउनु अगावै कृषि वालीको **न्यूनतम समर्थन मूल्य** निर्धारण तोकिनु पर्ने ।

अनुसूचि - १

किसान आयोग गठन सम्बन्धी अभिमूखिकरण/गोष्ठीको प्रतिवेदन, (२०७४-०२-१९, काठमाडौं)

गोष्ठीको सारांश

किसान बाहुल्य देश नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधिकरण गरी समृद्ध नेपाल निर्माण गर्नका लागि आत्मनिर्भर राष्ट्रिय कृषि अर्थतन्त्र निर्माण गर्ने कार्यका मुख्य बाहक शक्तिको रुपमा रहेका एवम् देशको कूल जनसंख्याको दुई तिहाई हिस्सा ओगट्ने उत्पादक नेपाली किसानहरुको हक, हित र अधिकारहरुको संरक्षण एवम् प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई नेपाली किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउनका राष्ट्रिय किसान आयोग गठन भएको हो । कृषि पेशालाई मर्यादित पेशाको रुपमा विकास गर्दै आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउन तथा किसान अधिकारमैत्री वातावरण निर्माण गरी सबै किसानहरुले प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने यो आयोगको लक्ष्य रहेको छ । नेपाल सरकारको मिति २०७३/१०/०६ को निर्णय अनुसार जारी गरिएको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार "राष्ट्रिय किसान आयोग" गठन भएको र यो अवस्था सम्म आइपुग्दा अध्यक्ष, सदस्यहरु, सदस्य सचिव र कर्मचारीहरुको नियुक्ती भई कार्यालय समेत स्थापना गरेको छ। यसै क्रममा यस आयोगको संविकृत कार्यक्रम अनुसार मिति २०७४ जेष्ठ १७ गते अभिमुखीकरण गोष्ठी संचालन गरीएको थियो । गोष्ठिको उद्घाटन कृषि विकास मन्त्री गौरीशंकर चौधरी ले गर्नुभएको थियो भने सो कार्यक्रममा कृषि विकास राज्य मन्त्री, राष्ट्रिय योजना आयोगका मा उपाध्यक्ष र सदस्य, विभिन्न मन्त्रालयका सचिव, सहसचिव तथा कर्मचारीहरु,पूर्व कृषि मन्त्रीहरु, कृषि संग सरोकार राख्ने संस्थामा कार्यरत विज्ञहरु, विभिन्न किसान संघ संगठन, संजालकाका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो । कार्यक्रमको उद्घाटन सत्रमा राष्ट्रिय किसान आयोगका सदस्य सचिवले किसान आयोगको बारेमा संक्षिप्त प्रस्तुती गर्नुभएको थियो। त्यसै गरी गोष्ठिमा कृषि विकास मन्त्रालयका सहसचिव लेखनाथ आचार्य र राष्ट्रिय किसान संजालका नहेन्द्र खड्काले क्रमश किसानका अधिकारका नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र अवको आवश्यकता र किसान आयोग र किसान अधिकार भन्ने विषयमा प्रस्तुती गर्नुभएको थियो । प्रस्तुती पश्चात शुभकामना तथा सुझाव मन्तव्य दिने क्रममा वक्ताहरुले किसानका हक अधिकारलाइ सम्बोधन गर्न स्थापित यस आयोगलाइ सफलताको शुभकामना दिनुभयो । हाल यस आयोग सिफरिस र सुधार आयोगको रुपमा मात्र रहेका ले आगामी दिनमा अधिकारयुक्त संबैधानिक आयोग बनाउनुपर्ने सुझाव दिनुभयो । किसानहरुको लामो बलीदानी, त्याग तथा आन्दोलनबाट स्थापित यो आयोगले विवाद रहित सम्पूर्ण विचारहरुलाई एकिकृत गरी किसानका समस्या तथा कृषि क्षेत्रमा परिवर्तन ल्याउने सोचका साथ काम गर्नुपन बिचार राख्नुभयो । हाल कृषि क्षेत्रमा विधमान ऐन निति नियमहरु कृषक मैत्री नभएको गुनासो गर्दै किसान आयोगको पहलमा किसान मैत्री कृषि निति तथा अनुदान कार्यविधि तयार गर्नुपर्ने राय दिनुभयो । किसानका उत्पादनले बजार नपाई रहेको र कृषि बजार र वस्तुमा विचौलियको विगविगी रहेको भन्दै यसको नियन्त्रणको लागी समयमै कृषि वस्तुको बजार मूल्य तोक्ने, Minimum Support Price, Contract Farming, Lease Farming सम्बन्धी निति ल्याउन पहल गर्न सुझाव दिनुभयो। त्यसै गरी खेतीयोग्य जग्गामा गरिएको अव्यवस्थित प्लटिङ रोक्नको लागी भू उपयोग निति कार्यन्वयनमा जोड दिनुभयो । कृषि क्षेत्रको विकासका पर्याय रहेका सिंचाई, भूमिसुधार, बन तथा भूसंरक्षण मन्त्रालय संग समन्वय गरी एकिकृत कृषि विकास आयोजनाको प्रारुप तयार गर्ने विषयमा भूमिका खेल्न आग्रह गरिएको थियो । बक्ताहरुले नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर नभई देश आत्मनिर्भर बन्न सक्दैन भन्ने विषय सबैलाई महसुस भए पनि खेतीयोग्य जमिनहरु गैर कृषि क्षेत्रमा प्रयोग एवम् उपयोग भइरहेको वर्तमान अवस्थालाई निरुत्साहित गर्न राष्ट्रिय किसान आयोगको भूमिका महत्वपूर्ण हुने विचार राख्नुभएको थियो । गोष्ठिमा कृषिबाट वितरण हुने अनुदान पहुचवालको हातमा मात्र पुग्ने वर्तमान परिपेक्षमा अनुदानका कार्यक्रम तथा अनुदान ग्रही संस्था तथा व्यक्तीलाई राष्ट्रिय संजालको निर्माण गरी देशभरी जोड्ने कामको थालनीको लागी यो आयोगले विशेष पहल गरोस भन्ने सुझाव पनी दिईएको थियो । साथै कृषि विकास मन्त्रालयका कार्यक्रमहरु अनुदान तथा वितरणमुखी मात्र भएकाले आगामी दिनमा यस्ता कार्यक्रमहरुलाई परिमार्जन गरी परिणाममुखी तथा दिगो हुने खालका कार्यक्रमहरु ल्याउन कृषि विकास मन्त्रालयलाई सुझाव दिन अनुरोध गरिएको थियो । विभिन्न नितिहरुमा व्याख्या र उल्लेख भएबमोजिमका किसान अधिकारका विषयवस्तुलाई हुबहु कार्यान्वयन गराउन यस आयोगले विशेष पहल गर्नुपर्ने विषयमा मा पनी जोड दिईएको थियो। कृषिको क्षेत्रमा सेवा सुविधा तथा अनुदान प्रवाह गर्न GIS or Any innovative modern IT प्रयोग गर्नु जरुरी रहको र यसको लागी किसान आयोगको

भूमिका रहने कुरा पनी व्यक्त गरिएको थियो । कार्यक्रमको समापन सत्रमा आयोगका अध्यक्ष र सदस्यहरुले कार्यक्रममा उपस्थित भइ कार्यक्रमको शोभा र महत्वलाई बुझिदिनुभएकोमा धन्यबाद ज्ञापन गर्दे किसान आयोग सानो बलिदानबाट स्थापना नभएको र यसले किसानका सपना र समस्याको प्रतिनिधित्व गर्ने प्रतिवद्धता जाहेर गर्नुभएको थियो । साथै आयोगले ढिलै भएपनी पुर्णता पाएको र यसलाई पूर्णता दिन सहयोग गर्नुहुर्ने सम्पूर्ण प्रती धन्यबाद व्यक्त गर्दे यो आयोगले किसान गोष्ठिमा उठेका सवाल तथा सुझावहरु र संजाल संघ संस्थाको राय र सुझावमा ऐन निति निर्माण गर्ने र किसानको हक हितको सुरक्षण गर्ने जानकारी गराउनु भयो ।

कार्यक्रम तालिका

क्र.सं	समय	कार्यक्रम	सहजकर्ता
उद्घाटन सत्र	८;००-९;००	रजिष्ट्रेसन र ब्रेकफास्ट	खुम बहादुर घर्ती, दिपेन्द्र कुंबर
	९-९;३०	आसन ग्रहण	
		सभापतिः श्री चित्रबहादुर श्रेष्ठ, रा.कि.आयोग	
		प्रमुख अतिथिः मा. कृषि विकास मन्त्री ज्यू	
		बिशिष्ट अतिथिः मा. राज्यमन्त्रीज्यूहरु.....	
		अतिथिहरुः मा.सांसद सदस्य ज्यूहरु/.रा.यो.आ, मा. उपाध्यक्ष तथा सदस्यज्यूहरु	
		सदस्यज्यूहरु, रा.कि.आ	
		सचिवज्यूहरु विभिन्न मन्त्रालयहरु, नार्क कार्यकारी निर्देशक ज्यू....	
		सहसचिवज्यूहरु विभिन्न मन्त्रालय	
		महानिर्देशक/उपमहानिर्देशकज्यूहरु विभिन्न विभाग	
		कार्यक्रम निर्देशकज्यूहरु/आयोजना प्रमुख ज्यूहरु.....	
		राष्ट्रिय किसान संजाल, सहकारी संस्थाका प्रमुख ज्यूहरु	
		अन्य अतिथि तथा सहभागिहरु (परिषद, वोर्ड, समिति, संस्थान, महासंघ, सरकारी गैरसरकारी संघ/संस्थाका प्रमुख तथा प्रतिनिधि ,पत्रकार, अन्य.....	
		मौन धारण	
		राष्ट्रिय गान बजाउने	सहभागीहरु
		स्वागत तथा गोष्ठिको उद्देश्य माथि प्रकाश	भानुभक्त सिग्देल, रा.कि.आ.
		गोष्ठी उद्घाटनः गमलाको बिरुवामा पानी राखेर	प्रमुख अतिथि ज्यू
	९;३०-१०;१५	राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय	मदन थापा, रा.कि.आ.
	१०;१५-११;१०	शुभकामना तथा मन्तव्य	प्रमुख अतिथि तथा अतिथि ज्यूहरुबाट
	११:१०-११:२५	उद्घाटन सत्र समापन	सभापति ज्यू
	११:२५-१२:२५	लन्च ब्रेक	सहभागी सबै
प्राविधिक सत्र		सभापतिः श्री भानुभक्त सिग्देल ज्यू, रा.कि.आ.	
	१२:२५-१:२५	किसान अधिकार एवं हकहित सम्बन्धी मौजुदा नीति नियम, कार्यक्रम, कार्यान्वयनको अवस्था र भावी मार्ग चित्र	लेखनाथ आचार्य, कृ.वि.म. नीति तथा अ.स.स.म.
	१;२५-२:२५	राष्ट्रिय किसान आयोग र किसान अधिकार सम्बन्धमा	रा.कि.सञ्जाल
	२;२५-३:००	सबै कार्यपत्रहरु माथि छलफल र सुझावहरु	सहभागीहरु
	३:००-३;३०	मन्तव्य र समापन	

राष्ट्रिय किसान आयोगको गठन सम्बन्धी व्यवस्था एवम् राष्ट्रिय किसान आयोगको आगामी कार्यदिशा सम्बन्धमा घनिभुत रुपमा छलफल एवम् पृष्ठपोषण हासिल गरी आगामी कार्यदिशा तय गर्ने अभिप्रायले राष्ट्रिय किसान आयोगको आयोजनामा मिति २०७४ जेष्ठ १७ गते बबरमहल स्थित कार्की ब्यन्केटको सभाकक्षमा एक दिने अभिमुखिकरण गोष्ठी संचालन भएको थियो। राष्ट्रिय किसान आयोगका अध्यक्ष माननीय चित्रबहादुर श्रेष्ठज्यूको सभापतित्व एवम् कृषि विकास मन्त्री माननीय गौरी शंकर चौधरीज्यूको प्रमुख आतिथ्यतामा संचालन भएको उक्त अभिमुखिकरण परिचयात्मक गोष्ठीमा देहाय अनुसार कार्यक्रम संचालन एवम् अन्तरक्रिया भएको थियो।

मिति : २०७४ जेष्ठ १७ गते पहिलो सत्र : गोष्ठी समुद्घाटन सत्र

अध्यक्षता : माननीय चित्रबहादुर श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय किसान आयोग

प्रमुख अतिथि : माननीय कृषि विकास मन्त्री गौरीशंकर चौधरी

विशिष्ट अतिथि : माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाड.

विशेष अतिथि :

डा. सुरोज पोखरेल, सचिव, कृषि विकास मन्त्रालय
डा. युवकध्वज जि.सि., सचिव, पशुपंक्षि विकास मन्त्रालय
राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु
राष्ट्रिय योजना आयोगका सहस्यज्यहरु
नेपाल कृषि अनुसन्धान परिषदमा कार्यरत बरिष्ठ वैज्ञानिकहरु
नेपाल सरकारका पूर्व कृषि मन्त्री एवम् पूर्व सचिवज्यूहरु
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत सह सचिवज्यूहरु तथा प्रतिनिधिज्यूहरु
किसानसँग आवद्ध पेशागत संगठनका अध्यक्षज्यू एवम् प्रतिनिधिज्यूहरु

अभिमुखिकरण गोष्ठीका उद्धेश्यमाथि प्रकाश एवम् स्वागत मन्तव्यका क्रममा राष्ट्रिय किसान आयोगका सदस्य भानु सिग्देलज्यूबाट व्यक्त मन्तव्यको सारांश

- समग्र नेपाली किसान दाजुभाइ तथा दिदीवहिनीहरुको उत्थानका लागि जवरजस्त आन्दोलन गरिनुपर्छ भन्ने पृष्ठभूमिको जगमै रहेर किसान आयोगको गठन भएको,
- नेपालको कृषि प्रशासनिक पद्धतिमा किसानका अनुभवलाइ उचित स्थान दिनु सान्दर्भिक हुने विषय कृषि विकास रणनीति निर्माणका क्रममा जोडदार रुपमा उठाइए अनुरुप कृषि विकास रणनीतिमा रहेको ५ खम्बे रणनीति अनुरुप राष्ट्रिय किसान आयोगको गठन भएको,
- देशमा सुशासन र उत्पादकत्व वृद्धिका लागि किसानको हक हित र अधिकारको संरक्षण गरी उनीहरुको उत्थान गरिनु पर्ने भएकाले उपर्युक्त कार्यका लागि राष्ट्रिय किसान आयोगको गठन अन्यन्त सान्दर्भिक रहेको,
- कृषि विकास मन्त्रालय र मातहतका अवयवहरुलाई जवाफदेहि, पारदर्शी बनाउन वाच डगको भूमिका निर्वाह गर्न राष्ट्रिय किसान आयोगको गठन भएको,
- राष्ट्रिय किसान आयोगलाई संवैधानिक निकायको रुपमा स्थापित गर्नुपर्नेमा त्यसो गर्न नसकिएको अवस्था रहेको

- जवसम्म किसान अगाडि उभिँदा उसलाई आदर सम्मान गर्ने वातावरण नवने सम्म किसानका लागि आन्दोलन जारी रहने,
- अन्त्यमा उपस्थित सबैमा राष्ट्रिय किसान आयोगको तर्फबाट गोष्ठीमा सकारात्मक पृष्ठपोषण सहित हार्दिक स्वागत

<u>राष्ट्रिय किसान आयोगका सदस्य सचिव श्री मदन थापाज्यूबाट आयोगको परिचय सम्बन्धी कार्यपत्र प्रस्तुतीका क्रममा व्यक्त विषयवस्तुहरुको सारांश</u>

किसान आयोग गठनको औचित्य

- विभिन्न बिषयगत आयोगहरु (१३ वटा) गठन र सञ्चालन छन् जस्ले किसान र कृषिको मुद्या खासै सम्बोधन गर्दैनन् ।
- खाद्य पोषण सुरक्षा, रोजगारी, ग्रामीण आम्दानी आय स्तर र कुल ग्राहस्थ उत्पादनमा बिशेष योगदान गर्ने कृषि क्षेत्र आकर्षित, मर्यादित र सम्मानित हुन सकेको छैन ।
- किसानका सेवा सुविधाका बिषय प्रमुख बने तर अधिकारका पक्ष गौण रहे
- किसान हक हित संरक्षण एवं कल्याणकारी नीतिको अभाव र मौजुदा नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था र Policy Gap लाई सम्बोधन गर्न ढिला भैसकेको छ ।
- ADS कार्यान्वयको एक अभिन्न अंगको रुपमा लिइएको छ ।
- नेपाल पक्ष राष्ट्र भै गरिएका सन्धी, सम्झौता अनुसारका कानून निर्माण

प्रस्तुतीमा किसान आयोग का सदस्य सचिव ज्यूले किसान आयोग स्थापनाको औचत्यि, यसका दुरदृष्टि, लक्ष्य, ध्येय, मूल्य मान्यता सम्बन्धी जानकारी गराउनुभएको थियो । मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न र कृषि विकास रणनीतिले निदृष्ट गरेको लक्ष्य प्राप्तीको लागी यो आयोग स्थापना भएको छ । यस आयोगले किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउनुका साथै खाद्यसम्प्रभुता सहितको किसानमुखी र आत्मनिर्भर कृषि, समानता र न्याय, निष्पक्षता, खाद्य तथा कृषि उत्पादनका स्रोत र संशाधनहरुमा उत्पादक किसानहरुको यथोचित पहुँच, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान जस्ता विषयमा नीति नियम बनाउने तथा कृषि विकास मन्त्रालयालाई सुजाव गर्ने छ । राष्ट्रिय किसान आयोगको कार्यक्षेत्र संघीय गणतन्त्र नेपाल राज्यभर हुनेछ र यसका अध्यक्ष तथा सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

आयोगको वर्तमान स्थिति तथा कार्य प्रगति

आयोगको अवस्थाः

- आयोगले पूर्णता प्राप्त गरि सकेको छ ।
- कार्यक्रम तथा बजेट निर्माण (चालु र आगामी आ.व.) कार्य सम्पन्न भएको छ ।
- फर्म, कम्पनि आदिको सूची दर्ता सम्पन्न भैईसकेको ।
- आयोगको ब्रोसर निर्माण भएको छ ।
- कार्यालय भवनको लागि कलंकीमा घर भाडामा लिई कार्यालय स्थापना भएको छ ।
- कार्यालय खुलेको जानकारी दिने कार्य भएको छ ।
- आयोगको बैठक सञ्चालन र किसान संघ संगठन दर्ता तथा नियमन कार्यविधिको मस्यौदा तयार गरि स्वीकृतिको लागी कृ.वि.म. मा पेश भएको छ ।
- गोष्ठिहरु (संघिय तथा प्रदेशस्तर) सञ्चालन भएका छन् ।

आगामी आ.व. को प्रस्तावित मूख्य कार्यक्रमहरु

- राष्ट्रिय किसान आयोग ऐन तथा अन्य ऐनहरुको मस्यौदा तर्जुमा तथा सुझाव संकलन गरी प्रतिवेदन तयारी ।
- किसान सुरक्षा भत्ता तथा निवृत्तिकण मस्यौदा कार्यविधि तर्जुमा तथा कार्यान्वयनको लागि सिफारिस गर्ने ।
- कृषि उपजहरुको किसानले पाउने उचित मूल्य तथा प्रतिफल सम्बन्धी अध्ययन तथा सिफारिस ।
- कृषि विकास रणनिति कार्यान्वयन अवस्था बारे अध्ययन प्रतिवेदन तयारी ।
- किसान वर्गीकरणको मापदण्ड पुनरावलोकन तथा परिचयपत्र वितरण अध्यावधिक कार्यक्रम ।
- Contract Farming Act मस्यौदा तर्जुमा र सिफारिस।
- National Land Leasing Corporation र बाँझो जग्गा उपयोग सम्बन्धी (संभाव्यता अध्ययन र सिफारिस ।
- कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी बारे अध्ययन तथा सिफारिस ।
- भूउपयोग ऐन निति अध्ययन विश्लेषण तथा सिफारिस गर्ने ।
- कृषि र पशुपंक्षी विकास मन्त्रालयबाट संचालित युवा/महिला/जनजाती/दलित/भूमिहिन/पिछडावर्ग/साना किसान/कम्लरी र क्षेत्र विशेष लगायत कार्यक्रमहरुको कार्यान्वयन अवस्था बारे अध्ययन ।
- संचालित बाली तथा पशुपन्छी विमा र कृषि ऋृणको कार्यक्रमको कार्यान्वयन अवस्थाबारे अध्ययन।
- कृषि श्रमिक सम्बन्धी प्रवर्द्धनात्मक तथा सचेतनात्मक कार्यक्रम ।
- दर्ता रअभिलेखीकरण भएका किसान संघ संगठनहरुलाई क्षमता अभिवृद्धि तथा सशक्तिकरण ।
- बिरुवा जात संरक्षण एवं किसान अधिकार ऐन मस्यौदा उपर अन्तरक्रिया गरी स्वीकृतिको लागी सिफरिस ।
- राष्ट्रिय किसान आयोगबारे परिचयात्मक र अभिमुखिकरण गोष्ठी र सचेतनामुलक कार्यक्रम संचालन (केन्द्र र प्रदेश) गर्ने ।
- वस्तुगत संघ र उत्पादक सहकारी संस्था तथा किसान संजालहरुलाई संगठनात्मक अधिकारबारे क्षमता अभिवृद्धि तालिम (गोष्ठि तथा कार्यशाला मार्फत)
- प्रदेश तथा केन्द्रमा सरोकारवालाहरु बिच किसान अधिकार तथा कृषि व्यवसाय सम्बन्धी एवं कल्याणकारी निती पहिचान गोष्ठी ।
- कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी नीति सम्बन्धी विषयक विचार गोष्ठी ।
- कृषि विकास रणनीति कार्यान्वयन सम्बन्धी अवलोकन भ्रमण ।

समस्याहरु

- नव गठित आयोग ।
- कार्यालय भवनको अभाव ।
- मानव संशाधनको कमी ।
- सवारी साधनको कमी ।

चुनौतीहरु

- बृहत दायराको कार्यक्षेत्र, क्लिस्ट जिम्मेवारी ।
- बहु विधा र बहुसरोकारवाला निकायसंगको सम्न्वय ।
- किसान आयोग ऐन लगायत अन्य ऐनको निर्माण ।
- संघिय संरचना अनुरुप कार्यान्वयनको ढाँचा कस्तो हुने ।

उद्घाटन समारोहमा मन्तव्यका क्रममा विभिन्न महानुभावहरुबाट व्यक्त भनाइहरुको सारांश

मा.डा. मिन ब. श्रेष्ठ, उपाध्यक्ष, रा.यो.आ

- किसानका हक अधिकारलाई सम्बोधन गर्न स्थापित आयोगलाइ सफलताको शुभकामना
- कृषि क्षेत्रमा धेरै समस्या रहेको र व्यापार घाटा प्रमुख चुनौती रहेको
- PMAMP आयोजना कृषि विकास मन्त्रालयको ठूलो उपलब्धी हो र यसको उद्देश्य अनुरुप काम गर्न सके छिटै नै कृषि तथा कृषि जन्य वस्तुहरुमा आत्मनिर्भर हुन सकिने
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणलाई प्रमुख लक्ष मानी कार्यक्रम तथा निति नियमन ऐन कार्यविधि तयार गर्न जरुरी रहेको
- रा.यो.आ ले १४ औं योजनामा पनी कृषि क्षेत्रलाइ प्राथमिकतामा राखी कार्यक्रम तयार तथा सूचाङकहरु निर्धारण गरेको
- आयोगले तयार गरेको दुरदृष्टि छोटो बनाउनु पर्ने, लक्षहरुलाई बुलेटमा लेख्ने तथा छोटकरिमा तयार गर्ने

बाबुराम अधिकारी, के.प.शु.सं

- बैदेशिक रोजगारमा जाने युवालाइ रोक्ने निति बनाउनुपर्ने
- हाल यस आयोग सिफरिस र सुधार आयोगको रुपमा मात्र रहेको र अधिकारयुक्त आयोग बनाउनुपर्ने
- सुझावहरुको कार्यान्वयनमा ख्याल गर्नुपर्ने
- संबैधानिक किसान आयोगको रुपमा विकास गरिनुपर्ने
- २० बर्षे कृषि रणनितिको लाइनमा रहेर निति नियम तर्जुमा गर्नुपर्ने
- अनुदान कार्यविधि किसानकोमा पुग्ने गरी निर्माण भए नभएको अध्ययन गरी किसान मुखी बनाउन पहल गर्नुपर्ने जसले गर्दा अनुदानका कार्यक्रम सोझै किसानको पहुंचमा पुग्न सकोस
- कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालयको साझा संस्थाको रुपमा समन्वय गरी कार्य संचालन गर्नुपर्ने
- कृषि पेशामा आवद्ध कृषकहरुको हकहितको संरक्षण एवम् उत्थानका लागि राष्ट्रिय किसान आयोगको गठन हुनु अत्यन्तै सान्दर्भिक एवम् ऐतिहासिक कदम,
- हाल मौजुदा किसान लक्षित अनुदानका कार्यक्रमहरु वास्तविक किसानहरु समक्ष अपेक्षाकृत रुपमा पुग्न नसकेको यथार्थलाई मनन गरी अनुदानका कार्यक्रम प्रभावकारी बनाउन राष्ट्रिय किसान आयोगले विशेष पहल गर्नुपर्ने,
- मौजुदा नीति, कार्यविधि किसान लक्षित बनाउन यीनलाई समयानुकूल परिमार्जन एवम् सरलीकरण गर्नुपर्ने,
- जनताको कर विकासको रुपमा जनताकै स्तरमा पुग्न उचित वातावरण सिर्जना गर्न राष्ट्रिय किसान आयोगले विशेष पहल गर्नुपर्ने ।

पूर्व मन्त्री गणेश शाहज्यू

- Historical Person Should Work in Historical Works भनेझै यो आयोगले पनी सोही विचारलाई अनुसरण गर्दै काम गर्नुपर्ने छ
- Before You Eat, Remember Farmer. i.e Respect to Farmers and Food भन्ने विचारलाइ हृदायांगान गर्दै निति निर्माण गर्नुपर्ने

- किसान पेशालाइ मर्यादिता तथा सम्मान जनक पेशाको रुपमा विकास गर्न पहल गर्ने
- Should Work on Policy of Food Sovereignity
- If we increase income of farmers no need to give incentives on other sectors as education and others so lobbying in this sector is must
- भगवान भनेर मन्दिर जानु बेकार हो किनकी भगवान भनेको किसान हुन जसले प्राकृतिक वस्तुको प्रयोग गरी संसारलाइ खुवाउछ । भगवानको अर्थ

  भ– भूमि मा काम गर्ने
  ग– गगन आकास
  व –वायु
  आ –अग्नी
  न –निर जल
- What we eat is virtual water……..
- आयोगले Water for Food Movement को विषयमा काम गर्नुपर्छ
- पहिलो पटक गठन भएको राष्ट्रिय किसान आयोगका पदाधिकारीहरु ऐतिहासिक व्यक्तित्वहरु हुनु भएकाले उहाँहरुले ऐतिहासिक कार्य गर्नुपर्ने,
- नेपालको इतिहासमा यो Pioneer Commission भएकाले यसको सफलताका लागि सहयोग र साथ दिन सबै तयार रहेका,
- खाना खानु भन्दा अगाडि कृषकलाइ सम्झनु पर्ने र कृषक सम्मानित हुने काम गर्ने तर्फ राष्ट्रिय किसान आयोगले पहल गर्नुपर्ने,
- हाम्रा सबै विकासका कार्य किसानको आम्दानी वृद्धि गर्ने तर्फ केन्द्रीत हुनु पर्ने, त्यसो गर्न सके किसानको क्रमशक्ती वढ्न गई किसानले आफ्ना आवस्यकताहरु सजिलै पुरा गर्न सक्ने,
- Planning - Smart Farmer को अवधारणामा आधारित रही आगामी कृषक लक्षित योजना तर्जुमा गरिनुपर्ने,
- जलवायू परिवर्तनको मारमा परेका कृषकलाई Smart Farmer को रुपमा रुपान्तरण गर्नुपर्ने,
- हामीले भन्दै आएको भगवान शव्दको शाव्दिक अर्थ खोज्दा उक्त भगवान शब्दको भ भन्नाले भूमि हो र भगवान उही हो जो भूमिमै काम गर्छ भन्ने बुझिन्छ ।

<u>भूमि अधिकार मञ्चका अध्यक्ष श्री सोम प्रसाद भण्डारीज्यू</u>

- कृषि प्रधान देश नेपाललाई साच्चै कृषक प्रधान देश बनाउनु पर्ने
- राष्ट्रिय किसान आयोगले दलित, हलिया, मुक्त कमैयाहरुको समेत भावनालाइ समेत आत्मसाथ गरी काम गरोस् भन्ने शुभकामना
- भूमिहिन, सुकुम्बासी,हलीया, मुक्तकमैया लगायत स्थानिय सरकारसंग मिलेर काम गर्न सके मात्र किसान आयोगले आफ्नो लक्ष तथा प्रतिवद्दता पुरा गर्न सक्छ

<u>पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. युवकध्वज जि.सि.ज्यू</u>

- किसानको हक हित सहितको उत्पादन र उत्पादकत्तव बृद्धि प्रमुख एजेण्डा हुनुपर्ने
- कृषि पेशा तर्फ विर्कषण रहेको अवस्थामा कृषि पेशालाई कम अवलम्बन गरेको तथा यसमा विर्कषण रहेको अवस्थामा यो समस्यालाई चिरफार गर्ने तथा सम्मानजनक व्यवसायको रुपमा विकास गर्ने निकायको रुपमा किसान आयोगले काम गर्नुपर्ने

- भूमिसम्बन्धिको कानुनको विषयलाई उजागर गर्नुपर्ने
- लामो समयको सर्घष पश्चात् भर्खरै हुर्कदै गरेको राष्ट्रिय किसान आयोग गठन सम्बन्धी अभिमुखिकरणका लागि आयोजना गरिएको यस गोष्ठीको सान्दर्भिकता अहम् रहेको,
- बहुसंख्यक नेपालीको जीविकापार्जनको प्रमुख श्रोत एवम् नेपाली जनको हातमुख जोड्ने माध्यम पनि कृषि क्षेत्रनै भएकाले कृषकको हकहित सहित उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तर्फ राष्ट्रिय किसान आयोगका प्रयासहरु केन्द्रीत हुनुपर्ने,
- देश संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थामा गैसकेको अवस्था अब कृषकको हकहितको वकालतका साथै अब उत्पादन कसरि बढाउने भन्ने तर्फ पनि सम्बन्धित सबैको ध्यान पुग्नु आवस्यक,
- सम्पूर्ण सम्बन्धित निकायहरुसँगको तालमेल एवम् समन्वयमा कृषि क्षेत्रमा रहेका विविध पक्षहरुको चिरफार गरी नेपाल सरकारलाई आवश्यक नीतिगत सुझाव दिने तर्फ राष्ट्रिय किसान आयोग सक्रिय हुनुपर्ने,
- कृषि पेशालाई सम्मानित, व्यवसायिक बनाउन भूमि वितरण र कृषि सम्बन्धी कानुन तजूर्मा आदि मूख्य सवालहरुलाई प्राथमिकता पूर्वक सम्बोधन गर्न राष्ट्रिय किसान आयोगबाट सकारात्मक पहल हुनु पर्ने,
- दूध तथा पोल्ट्री व्यवसायमा संलग्न व्यक्ति एवम् व्यवसायिहरुलाई पनि राष्ट्रिय किसान आयोगका गतिविधिमा संलग्न गराउनु पर्ने,
- कृषि र पशु क्षेत्र मात्र नभई सिंचाइ क्षेत्रसँग पनि राष्ट्रिय किसान आयोगले सहकार्य गर्नुपर्ने,
- नेपालको भौगोलिक परिवेश एवम् वस्तुस्थितिलाई मध्यनजगर गरी कृषि र कृषकको हकहितको लागि राष्ट्रिय किसान आयोगले नेतृत्वदायि भूमिका निर्वाह गर्न सकोस् भनी हार्दिक शुभकामना ।

<u>विशिष्ट अतिथि माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाङज्यू</u>

- सर्वप्रथम राष्ट्रिय किसान आयोग गठन गर्ने क्रममा सकारात्मक भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण किसान प्रतिनिधिज्यूहरु प्रति हार्दिक आभार,
- समग्र मन्त्रालयमा २० वर्षे कृषि विकास रणनीतिमा उल्लेख भएको विविध विषयवस्तुहरु कार्यान्वयन गर्न सकिने वा नसकिने भन्ने दुविधा भइरहेको सन्दर्भमा रणनीतिमै उल्लेख भएको राष्ट्रिय किसान आयोग गठन गर्ने प्रावधान कार्यान्वयनमा आउनु सुखद विषय भएको,
- कृषि पेशालाई मर्यादित एवम् सम्मानित बनाउने र म कृषक हु भनेर किसानले गर्व गर्ने अवस्थाको सृजना गर्न राष्ट्रिय किसान आयोगको भूमिका महत्वपूर्ण हुने,
- राष्ट्रिय किसान आयोगलाई मन्त्रालयबाट हुनुपर्ने सम्पूर्ण सहयोग उपलव्ध गराइने ।
- आयोगको म्यान्डेट अनुसार काम गरी यसको लक्ष तथा प्रतिवधतालाइ पुरा गर्ने जिम्मेवारी रहेको
- हरेक राम्रो चिजको सुरुवात सानै चिजबाट हुने हुनाले यस आयोगको स्थापना नै ठूलो उपलब्धी रहेको र अपुगको विषयमा छलफल गरी पुरा गर्नुपर्ने
- It is not a simple organization सबैले यसको उदेश्य पुरा गर्न सहयोग गर्नुपर्ने
- अन्तमा यस आयोगले किसानले ढुक्क रुपमा किसान भन्ने वातावरण बनाउनुपर्छ र आयोगका पदाधिकारीहरुलाई सफल कार्यकालको शुभकामना

<u>प्रमुख अतिथि माननीय कृषि विकास मन्त्री गौरीशंकर चौधरीज्यू</u>

- सर्वप्रथम राष्ट्रिय किसान आयोगले कृषकको हकहितमा प्रतिफलमूखी कार्य गर्न सकोस् भन्ने शुभकामना,
- नेपालमा कृषि क्षेत्रमा आत्मनिर्भर नभई देश आत्मनिर्भर बन्न सक्दैन भन्ने विषय सबैलाई महसुस भए पनि खेतीयोग्य जमिनहरु गैर कृषि क्षेत्रमा प्रयोग एवम् उपयोग भइरहेको वर्तमान अवस्थालाई निरुत्साहित गर्न राष्ट्रिय किसान आयोगको भूमिका महत्वपूर्ण हुने,

- राष्ट्रिय किसान आयोगलाई सुदृढ र सक्षम पार्न भौतिक, प्राविधिक एवम् अन्य स्रोत उपलव्ध गराउनु पर्ने र त्यसको लागि सम्बन्धित सबै सरोकारवाला निकायहरुको सकारात्मक सहयोग आवस्यक,
- सबै निकाय तथा व्यक्तिहरुको सकारात्मक सहयोगका कारण राष्ट्रिय किसान आयोगले यो रुप लिएको ।
- हाम्रो कृषि अवस्था 66 percent population is engaged in agriculture but our import value is high and we are not self dependent. Our Agriculture system is not sustainable and the need of today is to dig out the solutions for making our agriculture sustainable, making country self dependent.
- आत्मनिर्भरको बाटोमा कृषिलाई अगाडी बढाउन हामीले कृषि जन्य वस्तुको वजारीकरण, कृषिको व्यवसायीकरण, किसानका अधिकारको सम्मान, किसानका सेवामा बृद्धि, तथा कृषकको क्षमता अभिबृद्धि गर्नु जरुरी रहेको छ, यो विषयलाइ किसान आयोगले आफ्नो प्रमुख एजेण्डा बनाउनु पर्ने
- यो आयोगको पुर्णताको विषयमा सम्पूर्ण संघ संस्था संजाल तथा विषयगत मन्त्रालयको साथ र हात रहकोले यो सबैको साझा संस्था हो
- यो आयोगले किसानका समस्या जस्तै विउ, मल, सिंचाईका विषयमा काम गर्नुपर्ने
- भूमिको बैज्ञानीक व्यवस्थापन तथा चक्लाबन्दीको विषयमा यो आयोगले कान गर्नुपर्ने
- कृषिलाई कसरी दिगो बनाउने भन्ने विषयमा बहस पैरवी गर्नुपर्ने
- PMAPM कार्यक्रम किसानका माग संबोधन गर्न संचाल गरियको गौरबको कार्यक्रम हो र यस्ता कृषिका कार्यक्रम संचालनका लागी कूल बजेटको ५ प्रतिशत बजेट विनियोजनको लागी लबिङ भएपनी बजेट कम विनियोजन भएको
- आत्मनिर्भरको बाटोमा कृषिक्षेत्रलाई ढाल्न निति नियम ऐनको व्यवस्था गर्नुपर्ने
- अन्तमा नवगठीत किसान आयोगको सफलताको शुभकामना

<u>गोष्ठीको उद्घाटन सत्रको समापन राष्ट्रिय किसान आयोगका माननीय अध्यक्षज्यूले मन्तव्य</u>

- कार्यक्रममा उपस्थित भइ कार्यक्रमको शोभा र महत्वलाई बुझिदिनुभएकोमा धन्यबाद
- किसान आयोग सानो बलिदानबाट स्थापना नभएको र यसले किसानका सपना र समस्याको प्रतिनिधित्तव गर्ने
- आयोगले ढिलै भएपनी पुर्णता पाएको र यसलाई पूर्णता दिन सहयोग गर्नुहुर्ने सम्पूर्ण प्रती धन्यबाद व्यक्त गर्न चाहन्छु
- यो आयोगले किसान संजाल संघ संस्थाको राय र सुझावमा एन निति निर्माण गर्ने

गोष्ठीको दोश्रो सत्र : कार्यपत्र प्रस्तुतीकरण सत्र

कार्यपत्र २

प्रस्तुतकर्ता : श्री लेखनाथ आचार्य, सहसचिव, कृषि विकास मन्त्रालय, सिंहदरबार

कार्यपत्रको विषय : किसानका अधिकारः नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र अवको आवश्यकता

प्रस्तुतीका मुख्य विषयवस्तुहरु

पृष्ठभूमी

- कृषि-मानव सभ्यताको आधार र मानव जातीको आधारभूत आवश्यकताको श्रोत
- हिजोको कृषि- हाम्रो धर्म,संस्कृती, परमपरा र रिती रिवाज
- आजको कृषि- कूल गार्हस्थ उत्पादनमा एक तिहाँई योगदान र करिव दुई तिहाँई जनसंख्या आस्रीत,
- कृषक घरधुरी- ३८ लाख ३१ ह्जार परिवार
- जग्गाको स्वमित्व- ३७ लाख १५ हजार परिवार
- कृषि पेशामा संलग्नता- उमेर पुगेका ७३ प्रतिशत महिला र ६० प्रतिशत पुरुष
- भोलीको कृषि- औद्योगीकरणको प्रमुख आधार/रोजगारी एवं कच्चापदार्थको स्रोत
- प्रस्तुत पृष्ठभूमिमा कृषि विकासले अपेक्षित गती लिन नसकेको,
- कृषि पेशा मर्यादित र सम्मानित पेशाकोरुपमा आकर्षक हुन नसकेको,
- यूवा पुस्ताको काहालीलाग्दो पलायन,
- समयको अन्तराल र वदलिदो परिवेश सँगै कृषिका प्रमुख पात्र- किसानहरुको अधिकार र तीनको संरक्षण सम्बन्धि आवाजहरु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय फोरमहरुमा उठने गरेको,
- नेपालमा पनि यो प्रसंग समय सापेक्षहुदै गएको र सम्बोधनका लागि विभिन्न नीतिगत व्यवस्थाका प्रयासहरु भैरहेको । यसो हुनसके मात्र, कृषिमा आधुनीकीकरण, विविधीकरण, व्यवसायिकरण भई खाद्य तथा पोषण सुरक्षा सुश्चित र गरिवी न्यूनीकरण भई जीवनस्तर उठ्न सम्भव ।

किसान अधिकार

"किसान अधिकार" भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथाने वालीको जात, विउ, किसानले विकास गरेको जात र बीउ, कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनु पर्छ । (राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३)

आनुवंशिक स्रोतको आधारमा किसान अधिकार

जैविका तथा आनुवंशिक स्रोत र यस सम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन, उपयोग र व्यापारिक प्रयोजनबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडमा कृषकहरुको सुनिश्चित पहुँच नै किसान अधिकार हो ।

किसान अधिकार समग्रमा

दिगो रुपमा मर्यादित र सम्मानित तवरले कृषि पेशा अवलम्बन गर्न किसानलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामाग्री एवं सेवा/टेवाको समयमै प्राप्ति नै किसान अधिकार हो ।
खाद्य सुरक्षा एक प्राविधिक अवधारणा, खाद्य सम्प्रभूता एक राजनीतिक तथा आर्थिक अवधारणा हो भने किसान अधिकार खाद्य अधिकार जस्तै एक कानूनी अवधारणा हो ।

Elements of Farmers Right (IPTGRFA, Article 9)

The four elements are:

- Protection of traditional knowledge,
- Benefit sharing,
- Participation in decision-making and
- The rights to save, use, exchange and sell farm-saved seed.

प्रमुख सवाल/चुनौतीहरु

- किसानका अधिकार सम्बन्धि सचेतना,
- उत्पादन स्रोत सामाग्रहरुको न्यून उत्पादकत्व
- उत्पादन सेवा, स्रोत सामाग्रहरुमा पँहुच
- कृषि विकासका कार्यक्रमहरुमा लक्षित समूदायको पहुँच (औपचारीक पहुँच करिव २० प्रतिशत)
- गुणस्तरीय उत्पादन सेवा, समाग्रीमा पहुँच,
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरु- लोपोन्मुख, न्यून सदुपयोग,
- बहुराष्ट्रिय कम्पनीहरु संगको प्रतिस्पर्धा
- मौजुदा नीतिहरुको समय सापेक्ष परिमार्जन (WTO, संघियता आदि)
- नीति निर्माण/परिमार्जनमा किसानहरुको सहभागीता

Farmer's Right in the Constitution of Nepal
(नेपालको संविधानमा किसानको हक अधिकार सम्बन्धि व्यवस्था)

मौलिकहक र कर्तव्य: धारा ३६- खाद्य सम्बन्धी हक
राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

राज्यका नीतिहरु:

(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति :

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,
(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,
(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,
(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(१) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

Farmer's Right in the National Agriculture Policy 2061

(राष्ट्रिय कृषि नीति २०६१ म किसानका अधिकार सम्बन्धि व्यवस्था)

- राष्ट्रिय कृषि नीति, २०६१ (लक्षित वर्ग (दलित, उत्पीडित, सीमान्तकृत, कृषि श्रमिक आदि) का लागि विशेष कार्यक्रम
- भूमिमा पहुँच/अधिकार - मौजुदा कानूनी हकबन्धी कार्यान्वयन, प्रगतिशील कर व्यवस्था, भूमि करार कानून व्यवस्था ।
- उत्पादन सेवा सामाग्रीमा पहुँच/अधिकार - करार/कबुलियतमा बाँझो जग्गा, पोखरी, घोल, जलाशय आदि उपलब्ध गराई बीउ बिजन, प्राविधिक सेवा निशुल्क, सहुलियत ऋण, साना सिंचाई पूर्वाधारमा विशेषत छुट/सुविधा ।
- खाद्य वस्तुमा पहुँच/अधिकार - खाद्य न्यून क्षेत्रमा खाद्यान्न उपलब्धता वृद्धि तथा आय वृद्धि, अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्य वस्तु ढुवानी, संचय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न संचय एवं परिचालन संजालको विकास ।
- खाद्य तथा पोषण सुरक्षा कवच (Safety Nets)- आधा हेक्टर भन्दा कम जमिन भएका, वर्षभरि सिंचाई सुविधा नभएका कृषक, भूमिहीन र सीमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवचको विकास गर्दै लगिने

Farmer's Right Related Issues in the National Agro-biodiversity Policy 2071

(कृषि जैविक विधिधता नीति २०७१ मा किसानका अधिकार)

- सामाजिक अधिकार (Social Rights)
- आर्थिक अधिकार (Economic Rights)
- आर्थिक तथा सामाजिक अधिकार (Economic Right and Social)
- अन्य नीतिहरुमा कृषक अधिकार सम्बन्धी मूख्य व्यवस्था
- कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन ।
- बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति तथा कानुनहरुबाट कृषकको अधिकार माथि प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाईने ।
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरु पहिचान गरी अभिलेखीकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण, संवर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिने ।
- गुणस्तरिय उत्पादन सेवा/सामाग्रीहरुमा सर्वसुलव पँहुच ।
- सुलभ ऋण, बीमा, कृषकमैत्री कर प्रणाली को अवलम्बन ।
- सार्वजनिक, नीजि, सहकारी साझेदारीमा कृषि (PPP)

Farmer's right in the ADS (2015-35) कृषि विकास रणनीतिमा किसानका अधिकार

- योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र रणनीतिको कार्यान्वयनमा किसानहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान (विभिन्न समितीहरुमा प्रतिनिधित्व - NADSIC, NADSCC, CADIC, RADC, DADC, NARC, CAESC (सामुदायिक कृषि प्रसार सेवा केन्द ३,१५७)
- किसानहरूका अधिकारहरूको सुरक्षालाई एडिएस को सुशासनको रणनीतिक संभाग अन्तर्गतका गतिविधिमा समेटिने गरी विकास गरिने ।
- किसानहरूका अधिकारहरूलाई सुनिश्चित गर्न र विभिन्न नीतिगत/संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वका लागि एक उच्च स्तरीय अधिकार सम्पन्न र स्थायी प्रकृतिको किसान आयोग गठन गरिने ।

अबको आवश्यकता

- किसानका अधिकार सम्बन्धि सचेतना अभिवृद्धि र बहस पैरवी
- राष्ट्रिय किसान आयोगलाई संवैधानिकता प्रदान
- मौजुदा कानून, नीति नियमहरुको प्रभावकारी कार्यान्वयन
- अत्यावश्यक थप ऐन, कानूनहरुको निर्माण र कार्यान्वयन (राष्ट्रिय किसान आयोग ऐन/नीयमावली/निर्देशिका, खाद्य अधिकार र खाद्य संप्रभूता ऐन, करार खेती ऐन, बजार ऐन, भूउपयोग ऐन आदी) ।

- अन्तराष्ट्रियमहासन्धी (Convention) तथा अभिसन्धि (Protocol) र प्रतिवद्धताहरुलाई यथोचित कानूनीरुप
- वदलिदो परिवेश (WTO, संघियता आदि) अनुरुप नीति निर्माण/परिमार्जन
- नीति निर्माणमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता
- किसान सामाजिक सुरक्षाको व्यवस्था
- किसान कल्याण कोष/पेन्सन स्किम
- किसानहरुको वैज्ञानीक वर्गिकरण
- किसान परिचयपत्र वितरण
- किसान/समूहको स्थानीय तहमा दर्ता/पञ्जीकरण
- गुणस्तरिय उत्पादन श्रोत साधन र सेवा टेवामा किसानको सर्वसुलभ पँहुच (बजार, बीमा, सुलभ कर्जा आदि समेत)
- उत्पादित वाली वस्तुहरुको आवश्यक पूर्वाधार सहित, भण्डारण र बजारीकरण
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरुको अभिलेखीकरण एवं संरक्षण, र विवेकपूर्ण सदुपयोग, लाभको समन्यायिक बाँडफाड
- दायित्व र जिम्मेवारी प्रति सम्बद्ध सवैको जवाफदेहिता

उद्घाटन समारोहमा मन्तव्यका क्रममा विभिन्न महानुभावहरुबाट व्यक्त भनाइहरुको सारांश
कृषक प्रतिनिधि श्री पुष्पराज पौडेल

- कृषि क्षेत्रको विषयमा सरकारलाई सुझाब दिने आयोग बन्नु पर्छ ।

कृषक सन्जाल प्रतिनिधि तथा दुग्ध सहकारी संघका अध्यक्ष श्री पुण्य प्रसाद पौडेल

- कृषक पेन्सन स्थापित हुनु पर्छ ।
- स्वतन्त्र र सवायत्त तथा संबैधानिक कानुन अनुसार किसान आयोग बन्नुपर्छ ।

अखिल नेपाल किसान महासंघका सदस्य ऋषिराम भूसाल, पर्वत

- बास्तविक कृषक को हो ठूला ठुला मात्र हैन काम सानो बाट शुरु गर्नुपर्छ ।
- हामी कृषक विमा बाट ठगिएका छौं ।
- किसानका बास्तविक समस्या पहिचान गरी समाधान गरिनु पर्छ ।
- सरकार परिर्वतन सगसँगै किसान आयोग नखल्वलियोस ।
- हामी कृषकको जीवनसंग जोडीएको आयोग हो यो ।
- यो आयोग सबैधानिक आयोग बन्नु पर्छ ।

श्री देवेन्द्र राना भाट, नेपाली काग्रेस

- कृषि प्रधान देश नेपाल कृषिमा आत्मनिर्भर छैन ।
- कृषि निर्बाहमुखी मात्र भयो अबको कृषि आधुनिक र व्यवसायिक बन्नु पर्छ ।
- कृषि लाई सम्मानित र आत्मनिर्भर पेशा बनाउन यो आयोगले काम गरोस् ।
- कृषि नारामा मात्र सिमित भयो, सार्थक बनाउनु पर्यो ।
- कृषि उत्पादनले मूल्य नपाएकोले न्यूनतम मूल्य तोक्न यो आयोग सफल होस् ।

शिब बराल, ने.क.पा. एमाले

- नियमित आयात हवातै बढेको छ ।
- कृषिका फार्महरु सुरक्षा निकायबाट कब्जा भएका छन, किनरु।
- कृषि क्षेत्रको विकासमा राज्यले आँखा चिम्लिएको
- सिमसार क्षेत्र किन घडेरी बन्दैछरु

ने.क.पा. माओवादी, शिव खनाल

- आयोगले कृषकका समस्या समाधान गर्न सकोस् शुभकामना छ, हाम्रा सुझाब दिनेनै छौं

रा. कृ. सन्जाल क्षेत्रीय सयोजक प्रभात आले

- जब सम्म भू आयोग निति कार्यान्वयन हुँदैन तब सम्म कृषिको विकास हुँदैन ।
- जग्गाको बर्गिकरण हुनु पर्छ ।
- कृषक पेन्सनत दिने तर कृषकहरुको बर्गिकरण गरेर मात्र दिनु पर्छ, हचुवामा दिनु हुँदैन ।
- अबको कृषक आन्दोलनमा किसान आयोग नयाँ उचाईमा पु(याउने छ भन्ने आशा र विश्वासको साथ शुभकामना छ ।

शरदचन्द्र श्रेष्ठ, क्षेत्रीय कृषि निर्देशक, पोखरा ।

- कृषकको पेन्सन किन बरु टेन्सन नदिए पुग्छ पेन्सन दिनु पर्देन ।
- कृषकको पहिचान चाहियो ।
- किसानको वास्तविक परिभाषा चाहियो, सात धुरमा खेती गर्ने कसरी किसान रु
- अब कृषक होईन कृषि उद्यमी भन्नु पर्छ र कम्तिमा १० रोपनीमा खेती गरेकालाई परिचयपत्र दिनुपर्छ ।
- भू-उपयोग निति कार्यान्वयन गर्नुपर्यो ।
- वास्तविक कृषकलाई जमिन दिनुहोस् लगानी आफैं गर्छन् ।
- भाषण किसानको गर्ने, भोट किसानको चाहिने तर बजेट किसानले नपाउने व्यवस्थाको अन्त्य हुनुपर्छ
- कृषकको आबाज उठाउने किसान आयोग बन्न सक्नुपर्छ, शुभकामना

चित्रबहादर श्रेष्ठ प्रमुख अतिथि , अध्यक्ष, राष्ट्रिय किसान आयोग

- शुभकामना कार्यक्रममा व्यक्त भएका भावना र सुझाबलाई अत्यन्तै महत्वका साथ लिएका छौं ।
- तपाईहरु सबैका बिचार लिन आएका हौं ।
- तपाईंहरुबाट लिएका बिचार र भावना लाई महत्वपूर्ण कसीमा राखी कार्यान्वयनमा लगिने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
- नेपाली कृषकले गौरव र गर्व गर्ने आयोग हो यो राष्ट्रिय किसान आयोग ।
- अब कानुनद्वारा शक्तिशालि आयोग बनाउन पहल गर्ने छौं ।

भानुभक्त सिग्देल मन्तव्य सहित पहिलो सत्र समापन

- कृषक सन्जाल गठन गर्यौं जसको आन्दोलन सफल भएको छ ।
- ADS बनाउँदै गर्दा विदेशी दातृ निकायलाई राखेर Multinational कम्पनिहरुलाई फाईदा पुग्ने किसिमको बनाईंदै थियो र हामीले नै यो रुपमा ढालेका हौं ।
- नेपाली कृषि complex छ बिस बर्ष काम गर्दा मैले अझ धेरै बुझ्न बाँकी रहेको महशुस भएको छ जुन बिस बर्ष अगाडी मलाई सब थाहा छ झैं लागेको थियो ।

मिति: २०७४/०२/२२

अध्यक्षता उदय चन्द्र ठाकुर, सदस्य रा.कि.आ.

- कार्यपत्र प्रस्तुती: नहेन्द्र खड्का, राष्ट्रिय किसान संजाल
- कार्यपत्रको विषयवस्तु राष्ट्रिय किसान आयोग र किसान अधिकार

प्रस्तुतीका मुख्य विषयवस्तुहरु

(क) **राष्ट्रिय किसान आयोग**

- नेपालका किसान संघ/संगठनहरु र राष्ट्रिय किसान सञ्जाल, नेपालको नेपाली किसानहरुका अधिकारहरुको प्रबर्द्धन गर्न र तिनलाई न्यायको प्रत्याभूति गराउनका लागि राष्ट्रिय किसान आयोगको गठन गर्नुपर्ने लामो समयदेखिको माग .
- कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान सञ्जाल, नेपालको सहकार्यमा तयार गरी नेपाल सरकार मन्त्रीपरिषद्ले स्वीकृत गरेको कृषि विकास रणनीति २०१५-३५ मा 'किसान अधिकारहरुको प्रबर्द्धन गर्नका लागि उच्चस्तरीय अधिकारसम्पन्न र स्थायी प्रकृतिको राष्ट्रिय किसान आयोग गठन गर्ने (बुँदा नं. २४१, अंग्रेजी पृष्ठ नं. (३) उल्लेखित
- कृषि विकास मन्त्रालयद्वारा जारी गरिएको कृषि विकास मन्त्रालयका प्रतिबद्धताहरु २)७२ को बुँदा नं. ३ मा 'कृषि विकासका नीति तथा कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा केन्द्रीय तहदेखि स्थानीय तहसम्म किसानहरुको सहभागिता सुनिश्चित गरी कृषि विकासलाई दिगो बनाउँदै किसानका हकहित अधिकारलाई सुनिश्चित गर्न राष्ट्रिय किसान आयोग गठन गरिनेछ भनी उल्लेख
- नेपाल सरकारबाट मिति २०७३/१०/०६ को निर्णय अनुसार जारी गरिएको 'राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन .

ख. राष्ट्रिय किसान आयोगको उद्देश्य

१. किसान अधिकारहरुको स्थापना, संरक्षण र प्रबर्द्धन
२. स्थापित अधिकारहरु हनन् भएमा न्यायको प्रत्याभूति
३. किसान कल्याणकारी कार्यक्रम
४. दीर्घकालीन कृषि विकास रणनीतिको कार्यान्वयनमा सहयोग

ग. किसान अधिकार

१. सार्वभौम मानव अधिकारः नैसर्गिक किसान अधिकार
२. खाद्यसम्प्रभुताको अधिकार
३. सम्मान र परिचयको अधिकार
४. सहभागिता र समावेशीकरणको अधिकार
५. भूमि र प्राकृतिक साधन स्रोतहरु माथिको अधिकारः
६. उत्पादनका साधनहरु माथिको पहुँच र अधिकार
७. बीउबिजन, नश्ल र अनुवांशिक स्रोतहरुमाथिको अधिकार
८. बजारको अधिकार
९. कृषि उपजको मूल्य माथिको अधिकार
१०. सुचना, नयाँ प्रविधि र प्रसारको हक
११. जैविक विविधताको अधिकार
१२. शिक्षा र रोजगारको अधिकार
१३. सामाजिक सुरक्षा र निवृत्तीभरणको अधिकार
१४. न्यायमाथि पहुँच र अधिकार
१५. अनुदान र सेवा-सुविधा माथिको अधिकार
१६. संरक्षणको अधिकार
१७. जलवायु र वातावरणीय न्यायको अधिकार
१८. राहत, क्षतिपुर्ति, बिमा र वित्तीय अधिकार
१९. सहकारी र कम्युनको अधिकार
२०. स्वास्थ्य सेवाको अधिकार
२१. पूर्वाधारको हक
२२. कृषि तथा कृषिजन्य उद्योग
२३. किसानहरुको ज्ञान, सीप र प्रविधिको अधिकार

२४. दिगो र जैविक विविधतामा आधारित कृषिको अधिकार
२५. किसानहरुको संगठित हुन पाउने अधिकार
२६. अन्य विविध अधिकारहरु

(घ) निष्कर्ष र सुझाव

- रास्ट्रिय किसान आयोग गठन नै हालको महत्वपूर्ण र एतिहासिक हो
- किसान अधिकारहरु सार्वभौम राष्ट्रिय र धैरै मन्त्रालय सग सम्बन्धी हुन ।
- संबैधानिक आयोग बन्नु पर्ने र नभएसम्म रास्ट्रिय किसान आयोग ऐन मार्फत अधिकार सम्पन्न बनाउनु पर्छ साथै अर्धन्यायिक आयोग बनाउनु पर्छ

गोष्ठिमा उपस्थित सहभागीहरुको राय/सुझाव/जिज्ञासा

वासुदेव रेग्मी–ब.कृ.वि.अ. पर्वत

- सवैधानिक आयोग हुनु पर्ने .
- Land use Policy सही कार्यान्वयनबाट आउनु पर्ने, खेती योग्य र खेती गरिएका जमिनमा Plotting नगरपालिका/महानगरपालिकाले रोक्नु पर्ने
- Import लाई रोक्नु पर्ने र Nepalese Production को भाउ कृषकले पाउनु पर्ने
- कृषक पेन्सन/परिचय पत्र उपलब्ध गराउन सक्छ कि सक्दैन
- तथ्यगत पलान रोक्न सरकारलाई दवावमुलक कार्यक्रम ल्याउनु पर्ने
- कृषकको उत्पादनको न्युनतम बजार मूल्य न्गाबचबलतभभ गर्न सक्छ कि सक्दैन
- कृषकलाई उद्यम र कृषकलाई उद्यमी बनाउने कसरी
- कृषिमा अनुदान/अनुदानमा कृषि यो प्रवृतिलाई रोक्ने कसरी
- कृषि विमालाई प्रभावकारी बनाउन आयोगले भुमिका खेल्नु पर्ने
- किसान आयोग स्थानिय तहसम्म पुग्नु पर्ने

युवराज पौडेलः के.स.मे.कि. सदश्य

- उच्च पदस्थ व्यक्ति कृषकको छोरा हुनु पर्ने
- हातखुटा भाचेर दगुराउने काम रोक्नु पर्ने
- कृषकहरु भोकै नाङगै धन, जमिन छैन, जमिन बाझो राखिएको छ
- युवाशत्ती पलायन, खाडीमा भेडा चराउँदै छन
- समन्वयको आवश्यकता छ
- कृषकहरु निमुखा छन् .
- विकृतिहरुको सुधार जरुरी छ .
- आयोगको हात बलियो बनाउनु पर्दछ .
- पदावधिकारीलाई सुभकामना व्यक्त .

लोकेन्द्र बोहराः ब.कृ.वि.अ. कास्की

- खेतीयोग्य जमिननमा घडेरीकरण र खण्डीकरण भएको छ ।
- अंशबण्डाले पनि यस्तो भएकोले नीति चाहियो ।
- वेरोजगारीले वैदेशिक रोजगार तर्फ यूवा लागेका छन् गाँउ रित्तिदै छन् जग्गा बाझो भैरहेको छ ।

विष्णुमाया सुबेदी, कृषक

- महिला सहभागिता कम भयो

- बिदेश पलायन रोक्नु पर्‍यो ।
- सिचाई सुविधा बढाउनु पर्‍यो ।

दशरथ शर्मा अर्यालः अध्यक्ष ने.कि.संघ, स्याङजा

- आयोग संवैधानिक बनोस् शुभकामना सहित जोडदार माग गर्दछु
- खेति नगर्ने राउटे मुसहर चेपाङ्ग जस्ता समुदायलाई पनि खेति कार्यमा पर्काउनु आयोगले कार्य गरोस ।
- बाँझो जमिनमा फलफुल विरुवा रोप्ने कि ।
- हिमालमा स्याउ तरकारी खेती र पशुपालन गर्ने ।
- तराईमा सिंचाई बढाई खाद्यान्नबाली र माछा पालन व्यवसायिक तरकारी
- यो आयोग कृषकको अदालत बन्नु पर्छ ।
- सुकुम्वासी भुमिहिन लाई व्यवस्थापन गर्न त्यो आयोग र किसान आयोग बिच तादम्यता हुनुपर्छ ।
- तराई वाट पहाडमा मानिस फर्काउने नीति सरकारले लिनुपर्छ ।
- कृषकको सच्चा प्रतिनिधि आयोग बन्नुपर्छ ।
- बाँदरको समस्या पनि प्रमुख छ ।
- कृषक पनि ठग छन् । तिनिहररुलाई पनि नियमित गर्नु पर्छ
- ठुला ठुला कम्पनिहरु राज्यबाट सन्चालन गरी सेवा दिनुपर्छ ।
- कृषकलाई सम्मानजनक बनाउनुपर्छ ।

लक्ष्मीकान्त रेग्मीः सदश्य ने.कि.संघ, स्याङजा

- नेपाली हामी रहौला कहाँ नेपालै नरहे ।
- किसानको परिभाषा खोज्नु पर्दैन, जन्मदै हामी कृषक भएका हौँ ।
- जन्माउने आमा र पालन गर्ने धर्ति माता नै कृषि हो ।
- कृषि महिला मैत्रि हुनुजरुरी छ ।
- निजी भन्दा पनि सामुहिक र सामुदायिक कुरा गरौँ ।

विश्वनाथ पराजुली : अ.ने.कि.स. कास्की

- जमीन चक्लाबन्दी हुनुपर्‍यो ।
- बीउमा शुद्धता हुनु पर्‍यो, गुणस्तरीय बीउ उपलब्ध हुनु पर्‍यो ।
- हाईब्रिड बीउ उत्पादन गर्नु पर्‍यो ।

दिर्घनाथ ढुङ्गानाः ब.प.वि.अ. तनहुँ

- आपुर्ति बढ्यो
- युवालाई जागरणा गर्ने कार्यक्रम ल्याउनु पर्‍यो ।

शोभा प्रसाद शर्माः अ.ने.कि.संघ क्रान्तिकारी

- कृषकहरुलाई सम्मानित कसरी गर्ने
- Practical कम भयो Improve गर्न सकिएन
- कृषकहरुलाई हसाही पार्नु भएन
- विमा झन्झटिलो भयो
- क्रान्तिकारी भुमिसुधार ल्याउनु पर्‍यो

भेषराज शर्मा पराजुली, कृषक

- किसानले खेतीपाती गर्दा बन्यजन्तुले सताएको छ । त्यसले गरेको क्षतिपुर्ति प्राप्त गर्ने हक पनि कृषकको अधिकार हो की होईन ?
- पामे फाटमा चराले धान क्षति गरेको छ, बाढी पहिरो र असिनाले पनि क्षति गरेको छ

आनन्द सुबेदी, कृषक

- कृषि उपज प्रागारिक हुन जरुरी छ यसको लागी क्षेत्र निर्धारण गर्नु पर्छ ।
- प्रांगारिक प्रमाणीकरणको लागी राज्यले खर्च दिनु पर्छ

माया अधिकारी, कृषक

- कृषकले गरेको उत्पादनको मूल्य कृषकले न्यून पाए बढी दलालीले पाए ।
- सर्व सुलभ ऋण पाउन सकिएन, ब्यापारीले सहजै पाउने, कृषकले नपाउने ।
- आफ्नौ आँगनका रुख काट्न नपाईने तर बाँदरले मकै खाईरहने हामीले टुलुटुलु हेरेर बस्नु पर्ने अवस्थाको सुनुवाइ होस ।

रामचन्द्र बरालः कृषि पत्रकार

- कार्यक्रम नेतामुखी बढी भयो, कृषकमुखी हुनु पर्‍यो

समुहगत छलफल र त्यसपछिको प्रस्तुति

१. समुहः किसान अधिकार र हकहित संरक्षणमा राष्ट्रिय किसान आयोगको भुमिका

प्रस्तोताः पुण्य प्रसाद पौडैल

१. उपयुक्त नीति नियमको प्रस्ताव गर्ने
२. मौजुदा नीति नियमको कार्यान्वयन गर्ने
३. कृषकको हक हितरव्यवसाय प्रवर्द्धनका लागि नेत्वृत्व गर्ने
४. स्थानियस्तर सम्म राष्ट्रिय किसान आयोगको संजाल विस्तार गर्ने
५. कृषि उपजको न्यूनतम समर्थन मुल्य तोक्नु पर्ने
६. कृषि अनुसन्धान प्रचार प्रसार र कृषि विश्व विद्यालयको सहकार्य हुनु पर्ने
७. व्यवसायिक कृषकरयूवालाई रोजगारी र सम्मानरउत्प्रेरणा जगाउने
८. कृषि शिक्षा सरलिकरणर हरेक जिल्लामा कृषि कलेज हुनु पर्ने र वास्तविक किसानका छोरा छोरीलाई छात्रवृत्ति हुनु पर्ने र अध्ययन पश्चात् कम्तीमा ६ वर्ष देशमै सेवा गर्नै पर्ने वाध्यात्मक व्यवस्था गर्ने
९. जमिन राष्ट्रियकरण हुनु पर्ने
१०. वास्तविक कृषकको पहिचानरप्रोत्साहन हुनु पर्ने
११. उत्पादनको आधारमा अनुदान हुनु पर्ने
१२. एकिकृत वस्ती विकासरजमिन खण्डीकरण रोक्नेरकृषि लगायत भुमि उपयोग नीति कार्यान्वयन गर्ने
१३. वास्तविक कृषकलाई २ व्याजदरमा ऋण तुरुन्त उपलव्ध हुनु पर्ने
१४. विमा नीति व्यापक परिचालन गर्ने
१५. निर्यात प्रवर्द्धनरआयात निरुत्साह नीति
१६. बजारिकरण, गुणस्तर नियन्त्रणरप्रमाणिकरण (कोल्डस्टोर, वद्यशाला,.....)
१७. उत्पादन वृद्धि गर्ने प्रभावकारी नीतिः
१८. कृषि र पशुजन्य उद्योग प्रवर्द्धन नीति
१९. व्यापक सिचाई सुविधा वढाउने
२०. प्राङ्गरिक खेती प्रवर्द्धधन नीतिः

२ समुहः किसान अधिकार बारे नेपाल सरकार का मौजुदा नीति नीयम र अपूर्णता, प्रस्तोताः श्यामप्रसाद पौडेल

१. किसानको अधिकार प्रयोग गर्दा सिंगो किसानको व्यवसायिक हित हुनेगरी (संलग्न रहने गरी) नीति नियम वनाउन ।
२. भूमि वैंकको व्यवस्था गर्ने ।
३. न्यूनतम जग्गा विक्रि गर्न निषेध ।
४. विमालाई स्थानिय तहसम्म लैजाने नीतिगत व्यवस्था ।
५. भूमिको वितरण (तराई, पहाड र हिमालमा) वैज्ञानिक तवरमा मिलाएर गरियोस् ।
६. खाली भएको जमिनमा कृषि वन प्रणालीमा जाने ।
७. कृषि भूमि, कृषक स्वास्थ्य, कृषि शिक्षा, कृषि विमा तथा उन्नत मल र विउ - विजनको अधिकारको प्रत्याभूति गराउने ।
८. कृषि प्रविधिको विकास तथा विस्तार र कृषि अनुदानको व्यवस्था व्यवहारिक तथा वैज्ञानिक तवरवाट गर्ने । (कृषि ऋण ३ ५ मा झार्ने)
९. कृषि व्यापार तथा सहज रुपमा आयात निर्यातको अधिकार ।
१०. दुग्ध उत्पादन क्षेत्रमा (गाई) वाझोपनको समस्याको निराकरण ।
११. वन्य जन्तु विशेष गरी वाँदरको समस्या व्यवस्थित गर्ने ।
१२. प्राकृतिक प्रकोपवाट हुने क्षतिको क्षतिपूर्तिको व्यवस्था गर्ने ।
१३. प्रत्येक प्रदेशमा अर्गानिक खेती गर्नको लागि मल कारखानाको स्थापना गर्नु पर्ने ।
१४. प्रत्येक प्रदेशमा शित भण्डारको स्थापना हुनु पर्ने ।
१५. अनुत्पादक थारा गाईहरु तथा वाच्छाहको व्यवस्थापन गर्नु पर्ने ।

३. समुह : किसान अधिकारको सवालमा किसान सघं सगठनको भूमिका

प्रस्तोता : खेम पौडेल किसान भाई

१. राज्यले घोषणा गरेको सहुलियत सुलभ ऋण किसानले सहजै पाउन र उपयोग गर्ने मिलाउनु पर्ने ।
२. किसान अधिकार उपयोगी खवरदारी तथा निग्रानी किसान समस्या पहिचान ।
३. कृषि उत्पादनको मूल्य निर्धारण र बजार नियन्त्रणको आवश्यक नीति बनाई खपतको ग्यारेण्टी गर्ने प्राङ्गगारिक कृषि खेतीका लागि प्रोत्साहनका साथै मल उत्पादनमा ज्ञान तथा ध्यान दिनु पर्ने ।
४. प्राङ्गारिक कृषि खेतीका लगि प्रोत्साहनका साथै मल उत्पादनमा ज्ञान तथा ध्यान दिनुपर्ने ।
५. खेती योग्य जमिनलाई चक्लाबन्दी गरीनु पर्ने ।
६. सहकरीलाई स्थानियकरण गरी उत्पादन प्रशोधन र बजारमा युवारोजगार परिचालन गर्नुपर्ने ।
७. किसान र सरकारी निकाय बिच किसान आयोगले समन्वयकारी भुमिका निर्वाह गर्ने ।
८. कृषि कार्य मैत्री कार्य पात्रो निर्माण र पालना गराउने ।
९. सत्रुजिव नियन्त्रण र खेती सुरक्षा तथा क्षतीपूर्ति व्यवस्थाका लागि सरकारलाई दवाव दिने ।
१०. स्थानीय प्रशासनिक संरचना अनुसार आयोगको संरचना बनाउने । (संघ, प्रदेश, निर्वाचन क्षेत्र)
११. किसान गुनासो ब्यवस्थापन र किसान कल सेन्टर व्यवस्था गर्ने ।
१२. कृषि उद्योग दर्ता प्रक्रिया सरलिकरण गराउने ।
१३. सरकारी कृषि अनुदानको औचित्य अनुगमन गरी बार्षिक प्रतिवेदन सार्वजनिक गर्ने ।
१४. किसान अदालतको गठन गर्ने ।

छलफल र प्रश्न

समुह : १ लाई

दशरथ शर्मा पौडेल

- भूउपयोग नीति अनुसार राज्यले जग्गा लिने कुरा हुन सक्दैन ।
- चक्लाबन्दीको साटो समुहगत र सहकारी सामुहिक खेति हुनुपर्छ ।

प्रभात आले समुह ग लाई थप स्पष्ट

- बिचौलिया जो हुन तिनिहरु पनि कृषि कर्मि नै हुनु पर्छ ।
- २५% भन्दा बढी नाफा खानु हुदैन भन्ने कानुन हुनु पर्छ ।

आर. सि. बराल

- लेखनाथ आचार्य ज्यूको प्रस्तुतीमा थप गर्नु पर्ने विषयवस्तु स्थानीय तह र किसान आयोगको अधिकारको सवालमा भएका र हुनुपर्ने विषयवस्तुहरु
- नहेन्द्र खड्का ज्यूको प्रस्तुतीमा थप गर्नुपर्ने विषयवस्तुहरु आयोगको ऋयखभचबनभ मा परेका पर्न वाञ्छनिय ठानिएका र पर्न दवाव आवश्यक देखिएका कुराहरुको वर्गिकरण गरेमा अझ जानकारी प्रदायक हुने

समापन र मन्तब्य

डा. किशन चन्द ठकुरी, क्षेत्रीय पशुसेवा निर्देशक, पोखरा

- बिचौलियालाई फाईदा भयो किसानलाई भएन
- राष्ट्रिय किसान आयोग लाई मेरो सधै सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु
- सरकारी जग्गाको कसरी उपयोग गर्ने भन्ने बिषयमा सबै सरोकारवाला सरकारी निकाय विचार गरौ ।
- Suggest measures for enhancing the quality and cost competitiveness of farm commodities
- Recommend measures for the credit, knowledge, skill, technological and marketing empowerment of women
- Suggest methods of empowering members of elected local bodies to discharge effectively their role in conserving and improving the ecological foundations for sustainable agriculture
- Suggest measures to attract and retain educated youth in farming
- Commission should be responsible for providing input to developing and refining ongoing policy issues.
- Establish an Agriculture Risk Fund to provide relief to farmers in the aftermath of successive natural calamities.
- Set up State level Farmers' Commission with representation of farmers for ensuring dynamic government response to farmers' problems
- Improvement in implementation of Minimum Support Price (MSP) Arrangements for MSP need to be put in place for crops other than paddy and wheat
- Preserving traditional rights of access to biodiversity, which include access to non-timber forest products including medicinal plants, gums and resins, oil yielding plants and beneficial micro-organisms

अध्यक्ष : उदयचन्द्र ठाकुर सदस्य, राष्ट्रिय किसान आयोग

- बीमा शहरी क्षेत्रमा मात्र सिमित भयो ।
- कृषि ऋण शहरीकरण भयो कृषकमुखी भएन
- जहाँ राम्रो Breed, Seed, जल, मल, हुँदैन त्यहाँ कृषिको विकास राम्रो हुँदैन ।
- सिचाईको भूमिका ठुलो छ समन्वय गर्दै जाने छौँ ।

सहभागीहरुको नामावली

क्र.सं.	नाम थर	पद	कार्यालय /संस्था
१	चित्र बहादुर श्रेष्ठ	अध्यक्ष	राष्ट्रिय किसान आयोग
२	भानुभक्त सिग्देल	सदस्य	राष्ट्रिय किसान आयोग
३	उदयचन्द्र ठाकुर	सदस्य	राष्ट्रिय किसान आयोग
४	बसन्ती घिमिरे	सदस्य	राष्ट्रिय किसान आयोग
५	मिना तामाङ्ग	सदस्य	राष्ट्रिय किसान आयोग
६	रविन्द्र के.सी.	सदस्य	राष्ट्रिय किसान आयोग
७	मदन थापा	सदस्य सचिव	राष्ट्रिय किसान आयोग
८	शरद चन्द्र श्रेष्ठ		क्षेत्रीय कृषि निर्देशनालय
९	निर्मल रेग्मी	कृषि अधिकृत	राष्ट्रिय किसान आयोग
१०	ओमेश गैरे	लेखापाल	राष्ट्रिय किसान आयोग
११	खुम बहादुर घर्ती	ना.सु.	राष्ट्रिय किसान आयोग
१२	दिपेन्द्र कुँवर	क.अ.	राष्ट्रिय किसान आयोग
१३	रवि प्रसाद ढुंगाना	ह.स.चा.	राष्ट्रिय किसान आयोग
१४	राम बहादुर गुरुङ्ग	ह.स.चा.	राष्ट्रिय किसान आयोग
१५	विलड चौधरी	प.चि.	जि.प.से.का. लमजुङ्ग
१६	श्याम प्रसाद पौडेल	वैज्ञानिक	वा.अ.के. मालेपाटन
१७	डा. गोपाल गिरी	व.प.वि.अ.	जि.प.से.का. वागलुङ्ग
१८	राम बहादुर थापा	कृ.प्र.अ.	क्षे.कृ.नि.
१९	जगत वन्धु नेपाली	व.प.वि.अ.	जि.प.से.का. गोरखा
२०	डिल्ली राम रेग्मी	प.नि.प्रा.	जि.प.से.का म्याग्दी
२१	तेज प्रसाद दवाडी	व.कृ.वि.अ.	जि.कृ.वि.का. स्गाङ्गजा
२२	वुद्धि पुन	अ.ने.कि.संघ	म्याग्दी
२३	दिलमाया थापा	सदस्य	म्याग्दी
२४	पुर्णकली सुवेदी	के.स.अ.ने.कि.स.	म्याग्दी
२५	होम बहादुर बस्नेत	प.चि.	जि.प.से.का. मुस्ताङ्ग
२६	विश्वनाथ पराजुली	अध्यक्ष	
२७	दुर्गा वोहोरा	प्रतिनिधि	अ.ने.कि.म संघ, लमजुङ्ग
२८	भेख बहादुर भण्डारी	के.सचिव	अ.ने.कि.म संघ, लमजुङ्ग
२९	रविन्द्र अधिकारी	जि.संयोजक	अ.ने.कि.म संघ, लमजुङ्ग
३०	वालाकृतन सुवेदी	स.प्र.	सहकारी प्र.तथा डि.का. कास्की
३१	बासु देव भट्ट	सभापती	गोरखा
३२	रीता पौडेल	सदस्य	गोरखा
३३	जिवन शर्मा	ह.स.चा.	जि.प.से.का. वागलुङ्ग
३४	कृष्णकान्त सोडारी	ह.स.चा.	जि.प.से.का. गोरखा
३५	महादेव बराल	ह.स.चा.	जि.प.से.का. तँनहु
३६	मनुवा चौधरी	ह.स.चा.	क्षे.प.से.नि.

३७	लोकेन्द्र बोहरा	व.कृ.वि.अ.	जि.कृ.वि.का. कास्की
३८	बसन्त कुमार श्रेष्ठ	व.कै.अ.	PMAMP कास्की
३९	प्रकाश खड्का	-	जि.कृ.वि.का. कास्की
४०	पुष्प राज पौडेल	-	नवलपरासी
४१	सविन तामाङ्ग	ह.स.चा.	सुपरजोन कास्की
४२	नहेन्द्र खड्का	के.स.सदस्य	राष्ट्रिय किसान संजाल
४३	रमा पौडेल	-	कास्की
४४	कमला न्यौपाने	के.सदस्य	स्याङ्गजा
४५	गिरीराज पाठक	के.सदस्य	रुपन्देही
४६	सुधिर थापा	व.प.वि.अ.	जि.प.से.का. पर्वत
४७	तुलसी राम भट्टराई	डिभिजन प्रमुख	सिंचाई विकास डिभिजन
४८	केशव बराल	कृ.प्र.ता.अ.	क्षे.कृ.ता.के. पोखरा
४९	बासु देव रेग्मी	व.कृ.वि.अ.	जि.कृ.वि.का. पर्वत
५०	चिरन्जीवी बराल	सभापती	किसान संघ
५१	ओम प्रकाश बराल	संचालक	कास्की
५२	बासुदेव पौडेल	समाचारदाता	रा.स.स.
५३	यम बहादुर गोलमे	-	स्याङ्गजा
५४	राम बहादुर ढकाल	सदस्य	किसान संजाल, गोरखा
५५	दिनेश आचार्य	व.कृ.वि.अ.	जि.कृ.वि.का वाग्लुङ्ग
५६	छविलाल थापा	-	तनहुँ
५७	ढल बहादुर थापा	-	तनहुँ
५८	गोपाल प्रसाद मनमा	ह.स.चा.	सिचाई विकास डिभिजन
५९	युवराज घिमिरे	अध्यक्ष	ने.कि.सं. लम्जुङ्ग
६०	आनन्द सुवेदी	अध्यक्ष	जि.क.स.सं.लि कास्की
६१	कमल पौडेल अर्थक	पत्रकार	रेडियो सारङकोट
६२	खिम बहादुर थापा	ह.स.चा.	पर्वत
६३	ख्याम नारायण पौडेल	किसान	न्यू नमुना कृषि फार्म
६४	लक्ष्मी कान्त रेग्मी	किसान	स्याङ्गजा
६५	दशरथ अर्याल	किसान	स्याङ्गजा
६६	शोभा प्रसाद शर्मा	अध्यक्ष	वाग्लुङ्ग
६७	उषा पौडेल गिरी	-	बजार कोष सहकारी माछापुच्छ्रे गाँउपालिका
६८	गिर बहादुर राना		तनहुँ
६९	अम्बिका प्रसाल पण्डित		ने.कि.संघ, तनहुँ
७०	सम्मर बहादुर थापा	सचिव	ने.कि.संघ, म्याग्दी
७१	माधव प्रसाद सिग्देल	सचिव	ने.कि.संघ, कास्की
७२	शशि अधिकारी	यो.अ.	जि.कृ.वि.का. तँनहु
७३	राज कुमार सुनार		अ.ने.कि.म.संघ, कान्त्रिकारी गोरखा
७४	पार्वती श्रेष्ठ	अ.ने.कि.सं. क्रान्तिकारी	गोरखा

७५	ईश्वरी प्रसाद लम्साल	अ.ने.कि.म.संघ, कान्त्रिकारी	अ.ने.कि.म.संघ, कान्त्रिकारी कास्की
७६	विश्वनाथ अधिकारी	सभापति	किसान संघ, लमजुङ्ग
७७	रुपा कुमारी दाहाल	व्यवस्थापक	कृ.उ.व.सं.स.
७८	विरेन्द्र बहादुर हमाल	पुर्व कृषि कर्मचारी	पोखरा
७९	विश्वराज आचार्य	-	पोखरा
८०	सुन्दर प्रसाद जोशी	-	किसान संघ, पर्वत
८१	डा. राकेश प्रजापती	क्षेत्रीय अधिकृत	क्षेत्रीय पशु सेवा निर्देशनलाय
८२	हरि प्रसाद शर्मा	सभापति	पर्वत
८३	शोभा क्षेत्री	प्रदेश सदस्य	अ.ने.कि.म.क्रान्तिकारी, पर्वत
८४	डिल्ली राम	केन्द्रिय सचिव	अ.ने.कि.म.क्रान्तिकारी, पर्वत
८५	लक्ष्मण क्षेत्री	सदस्य	अ.ने.कि.म.क्रान्तिकारी, पर्वत
८६	प्रभात आले	अध्यक्ष	नेपाल किसान संघ
८७	रमेश प्रसाद कोइराला	नि.का.प्रमुख	रा.औ.वा.वि.का.हरिहरभवन
८८	दिल बहादुर पाटामगर	किसान	तनहूँ
८९	याम कुमार श्रेष्ठ	व.कृ.वि.अ.	जि.कृ.वि.का.
९०	जगन्नाथ सुवेदी	कला अधिकृत	क्षे.वा.सं. प्रयोगशाला
९१	निलकण्ठ कोइराला	कृ.प्र.अ.	क्षे.कृ.नि. पोखरा
९२	शरद चन्द्र श्रेष्ठ	क्षे.कृ.नि.	क्षे.कृ.निर्देशनालय, पोखरा
९३	देवेन्द्र रानाभाट	प्रतिनिधि	नेपाली काग्रेस
९४	मदन कुमार श्रेष्ठ	व.वाग.वि.अ.	क्षे.कृ.नि. पोखरा
९५	छविलाल शर्मा	ना.सु.	क्षे.कृ.नि. पोखरा
९६	विष्णुमायाँ सुवेदी	सदस्य	ने.क.पा.सयुक्त, स्याङ्गजा
९७	झपट बहादुर के.सी.	का.स.	क्षे.कृ.नि.पोखरा
९८	विष्णु प्रसाद कोइराला	का.स.	क्षे.कृ.नि.पोखरा
९९	भिम प्रसाद		गोरखा
१००	मुक्ति पौडेल	ना.प.से.प्रा.	जि.प.से.का. तनहुँ
१०१	विरेन्द्र बहादुर बम	ना.प.से.प्रा.	रेशम विकास कार्यक्रम पोखरा
	माथिवा यादव	प्रा.स.	क्षे.कृ.नि. पोखरा
१०२	खडानन्द रेग्मी	किसान	स्याङ्गजा
१०३	शुवास कुर्मी	किसान	नवलपरारी
१०४	शिशिर कुमार श्रेष्ठ	सदस्य, किसान	काठमाण्डौ
१०५	हरि लामिछाने	केन्द्र सदस्य, किसान	कास्की
१०६	राधा देवी पौडेल	किसान	कास्की
१०७	सुर्य प्रसाद पाठक	व.प.वि.अ.	जि.प.से.का. मनाङ्ग
१०८	धनेश्वर खनाल	प.वि.अ.	जि.प.से.का. नवलपरासी
१०९	भेष राज पराजुली	सभापति	नेपाली काग्रेस, कास्की
११०	माया अधिकारी	जिल्ला सभापति	कास्की
१११	भरत बहादुर थापा	-	म्याग्दी

११२	विरेन्द्र बहादुर बम	ना.प्रा.स. कृषि	पोखरा
११३	विष्णु के.सी.	के.सं.	सल्यान, कास्की
११४	शिवलाल उपाध्याय	केन्द्रिय सदस्य	किसान संघ, वागलुङ्ग
११५	डा. दीर्घनाथ ढुंगाना	प्रमुख	जि.प.से.का. तनहुँ
११६	अमृत श्रेष्ठ	केन्द्रिय सदस्य	नेपाल किसान संघ
११७	ठाकुर प्रसाद	केन्द्रिय सदस्य	नेपाल किसान संघ, लमजुङ्ग
११८	शिव खनाल	ने.क.पा. मा.के.	कास्की
११९	किशन चन्द्र ठकुरी	क्षे.नि.	क्षे.प.से.नि.
१२०	रुद्र प्रसाद पौडेल	प्र.प.वि.अ.	रा.म.प.केन्द्र
१२१	भिम नाथ कुइकेल	अध्यक्ष	कास्की
१२२	घनश्याम पाण्डेय	स्टेशन म्यानेजर	रेडियो गण्डकी, पोखरा
१२३	तारा चापागाई	फेवा टेलिभिजन	रिर्पोटर
१२४	माधव प्रसाद लम्साल	ब.बा.सं.अ.	क्षे.कृ.नि. पोखरा
१२५	पशुपति घिमिरे	-	नवलपरासी
१२६	बम बहादुर थापा	व.अ.मु.अ.	PRIST, पोखरा
१२७	निसार अहमद खाँ	नि.व.माटो विज्ञ	क्षे.मा.प.प्र.पोखरा
१२८	डा. श्यामकृष्ण तिवारी	प.वि.अ.	जि.प.से.का. सयाङ्गजा
१२९	देव राज ढकाल	केन्द्रिय सदस्य	सानेपा (पाल्पा)
१३०	हरि प्रसाद नेपाल	ने.कि.संघ	रुपन्देही
१३१	दिनुप नेपाल	ने.कि.संघ	रुपन्देही
१३२	रामचन्द्र वराल	सम्पादक	आरसी टाइम्स
१३३	चित्रा देवी भट्टराई	के.स.	कास्की
१३४	शिव वराल	-	पोखरा
१३५	शम्भु राज पाण्डे	व.प.वि.अ.	पशु विकास फार्म, पोखरा
१३६	नारायण प्रसाद घिमिरे	प्रा.स.	जि..कृ.वि.का. गोरखा
१३७	पुण्य प्रसाद पौडेल	सचिवालय सदस्य	अ.कि.मा.स, पोखरा
१३८	राजा राम के.सी.	ह.स.चा.	जि.कृ.वि. पोखरा
१३९	शालिग्राम वाग्ले	शाखा प्रवन्धक	कृषि सामाग्री कम्पनी लि.
१४०	रामनाथ अधिकारी	किसान	पर्वत
१४१	रामगोपाल शाह	किसान	नवलपरासी
१४२	सन्तोष गुरुङ्ग	किसान	तनहुँ
१४३	मान कुमार श्रेष्ठ	किसान	कास्की
१४४	हरिनारायण चापागाई	किसान	स्याङ्गजा
१४५	कमलनाथ अर्याल	किसान	स्याङ्गजा
१४६	सुनिल बराल	किसान	कास्की
१४७	राम बहादुर गुरुङ्ग	किसान	कास्की
१४८	शिवलाल खड्का	किसान	नवलपरासी
१४९	शिव कोइराला	किसान	कास्की

अनुसूची ३

कृषक अधिकार एवं कल्याणकारी नीति पहिचान गोष्ठीको प्रतिवेदन (२०७४/३/७, सुर्खेत)

गोष्ठिको सारांश

किसान बाहुल्य देश नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधिकरण गरी समृद्ध नेपाल निर्माण गर्नका लागि आत्मनिर्भर राष्ट्रिय कृषि अर्थतन्त्र निर्माण गर्ने कार्यका मुख्य बाहक शक्तिको रुपमा रहेका एवम् देशको कूल जनसंख्याको दुई तिहाई हिस्सा ओगट्ने उत्पादक नेपाली किसानहरुको हक, हित र अधिकारहरुको संरक्षण एवम् प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई नेपाली किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउनका राष्ट्रिय किसान आयोग गठन भएको हो । कृषि पेशालाई मर्यादित पेशाको रुपमा विकास गर्दै आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउन तथा किसान अधिकारमैत्री वातावरण निर्माण गरी सबै किसानहरुले प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने यो आयोगको लक्ष्य रहेको छ । नेपाल सरकारको मिति २०७३/१०/०६ को निर्णय अनुसार जारी गरिएको राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार "राष्ट्रिय किसान आयोग" गठन भएको र यो अवस्था सम्म आइपुग्दा अध्यक्ष, सदस्यहरु, सदस्य सचिव र कर्मचारीहरुको नियुक्ती भई कार्यालय समेत स्थापना गरेको छ। यसै कममा यस आयोगको स्विकृत कार्यकम अनुसार मिति २०७४/३/७ र ८ गते कृषक अधिकार एवं कल्याणकारी नीति पहिचान गोष्ठी प्रदेश नं ६ सुर्खेतमा संचालन गरीएको थियो । गोष्ठिको उद्घाटन राष्ट्रिय किसान आयोगका अध्यक्षले गर्नुभएको थियो भने सो कार्यकममा किसान आयोगका सदस्यहरु, विषयगत क्षेत्रीय कार्यालयका निर्देशकहरु, विभिन्न मन्त्रालयका उपसचिव तथा कर्मचारीहरु, नगर प्रमुख, कृषि संग सरोकार राख्ने संस्थामा कार्यरत विज्ञहरु, विभिन्न किसान संघ संगठन, संजालकाका प्रतिनिधिहरुको उपसिथिती रहेको थियो। कार्यकमको उद्घाटन सत्रमा राष्ट्रिय किसान आयोगका सदस्य सचिवले किसान आयोगको बारेमा संक्षिप्त प्रस्तुती गर्नुभएको थियो। त्यसै गरी गोष्ठिमा कृषि विकास मन्त्रालयका उपसचिव बासुदेव काफ्ले र राष्ट्रिय किसान संजालका नहेन्द्र खड्काले कमश किसानका अधिकारका नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र अवको आवश्यकता र किसान आयोग र किसान अधिकार भन्ने विषयमा प्रस्तुती गर्नुभएको थियो । प्रस्तुती पश्चात शुभकामना तथा सुझाव मन्तव्य दिने कममा वक्ताहरुले किसानका हक अधिकारलाइ सम्बोधन गर्न स्थापित आयोगलाइ सफलताको शुभकामना दिनुभयो ।

बक्ताहरुले किसानको कार्यकममा किसानलाई सम्मान गर्नुपर्ने र उनीहरुको सहभागीतालाई अहम बनाईनुपर्ने बताउनुभयो । कृषि विकासका कार्यक्रम कार्यन्वयनमा कृषक र प्रविधिको तालमेलको अभाव रहेको र यसको समाधानको लागी कृषि प्राविधिकको अहम भूमिका रहने विचार व्यक्त गर्नुभयो । समूह विभाजन गरी गरिएको छलफलमा सहभागीहरुले किसान अधिकार एवं हकहित संरक्षणमा राष्ट्रिय किसान आयोगको भुमिका , किसान अधिकारको सवालमा संघ संगठनहरको भूमिकातथा किसान अधिकार बारे नेपाल सरकार मौजुदा , नीति, नियम र नितिगत अपूर्णतामा प्रस्तुतीकरण तथा सुझाव दिनुभएको थियो ।नेपाल सरकारबाट संचालन हुने कार्यक्रमको अनुदानका लागि किसान छनौटको स्पष्ट मापदण्ड नरहेको र यस्ता कार्यक्रममा राजनितिक

दलका प्रतिनधिको बढीजसो सहभागीता हुने देखिएकोले यसको लागी मापदण्ड तयार गर्न कृषि विकास मन्त्रालयलाई सुझाव दिन आग्रह गरिएको थियो।गोष्ठिमा किसानको वर्गीकरणा गरी किसान परियच पत्र वितरणा तथा पेन्सनके व्यवस्थाको लागी विशेष पहल गर्न किसान आयोगलाई सल्लाह दिईएको थियो।कार्यक्रममा बोल्ने बक्ताहरुले किसान आयोग स्थापना हुनु नै किसानको हक अधिकार स्थापित हुनु हो भन्दै सर्वोमान्य र सवैधानिक आयोग बनाउनु पर्ने आवश्यकता रहेको धारणा राख्नुभयो । कार्यक्रममा कृषिका अनुदान कार्यक्रमलाई उचित व्यवस्थापन र विभिन्न सरोकारवालामा संस्थाहरुबाट प्राप्त अनुदानको उचित उपयोग बारे पारर्दशिता र जवाफदेहिता अनुरुप लगानीको उचित अनुगमन हुनु पर्ने विषयमा जोड दिनुभयो। साथै अनुदान रकम वृद्धिमा ईमानदारिता देखाउन आवश्यक रहेको र यस विषयमा राष्ट्रिय किसान आयोगको भूमिका गहन हुने विचार व्यक्त भयो । सहभागीहरुले किसान अधिकारलाई मनन गरी वैचारिक रुपमा कर्मस्थरमा कार्यान्वयन हुनु पर्ने समस्याहरुको उचित पहिचान गरी परिमार्जन गराई सहमार्गी भूमिका निर्वाह गर्ने कार्य यस आयोगले गर्नृ पर्नेमा विशेष जोड दिनुभयो। नेपाल सरकारले नीति नियम बनाउने क्रममा भौगोलिक विकटतालाई मध्यनजर नगरी एकै किसिमका नीति बनाउने गरेको र सो प्रथाको परिवर्तन गरी हिमाल, पहाड र तराईको विशेषता अनुरुप नीति परिमार्जन हुनु पर्ने भन्दै यस विषयमा राष्ट्रिय किसान आयोगको भूमिका रहेको जानकारी गराउनुभयो।कार्यक्रममा सहभागीहरुले लामो किसान बलिदानी तथा आन्दोलनबाट स्थापित यस पवित्र किसान संस्थालाई राजनितिक दलको शाखा र दलिय भागमा विभाजन नगरी विषयगत कृषि उत्पादन दवाव समूहको पहुँच बढाउन सकेमात्र किसानको आयोग बन्न सक्छ, त्यसो हुन नसकेको अवस्थामा दलिय बजारिकरणको माध्यम मात्र बन्न सक्ने विषयमा सचेत गराईएको थियो । कार्यक्रमको समापन समारोहमा किसान आयोगका पदाधिकारीहरुले किसानले देखे भोगेको समस्याको आधारमा नै विभिन्न किसान आन्दोलन हुने गरेको तर पनि उचित सुनुवाई नभएको अवस्थामा किसानहरुको अधिकार कसैले छेक्न नसक्ने गरी विभिन्न पार्टले आफ्नो भावना भन्दा माथी उठी किसानको हक हित गर्न राष्ट्रिय किसान संजालको वेदनालाई महसुस गर्न र सवै सुत्र आधारमा सुदृढीकरण गर्न राष्ट्रिय किसान आयोगले स्थापना भएको जानकारि गराउनुभएको थियो ।साथै दिर्घकालिन कृषि विकास रणनीति बनाउने क्रममा कृषक संजालहरुले पूर्ण हस्तक्षेपकारी भूमिका निर्वाहा गरी यस आयोगको स्थापनामा अहम भूमिका खेलेको हुँदा किसानको अधिकार सुनिश्चित गराउन यो आयोगले अहम भूमिका निर्वाह गर्ने प्रतिवद्धता देखाउनु भयो । किसान र कृषिको सम्बन्ध भएको खण्डमा मात्र रोजगारी श्रृजना भई यूवा पलायनवाट बचाउन सक्ने कटु सत्यतालाई यस आयोगले प्रमुख विषय बनाई काम गर्ने प्रतिवधता व्यक्त गर्नुभयो । साथै किसानको हक हित बाहेकको काम गरेको खण्डमा जहिले पनि किसानको कठघरामा उपस्थित हुने जानकारी गराउदै किसानको बालिनालीलाई खेर जान नदिने गरी किसानमा परिर्वतनको अनुभुति दिन विभिन्न निति तर्जुमा गर्ने तथा सम्बन्धित मन्त्रालयलाई पृष्ठोषण गर्ने जानकारी गराउनुभयो।यस आयोगलाई सबैधानिक वनाउन सबैले सहयोगको उपदेश राख्नु भयकोमा धन्यबाद दिनुभयो ।

कार्यक्रम तालिका

मितिः २०७४/३/७			
क्र.सं	**समय**	**कार्यक्रम**	**सहजकर्ता**
उद्घाटन सत्र	१०;००-१०;३०	नाम रजिष्ट्रेसन तथा स्टेशनरी वितरण	खुमबहादुर घर्ती, दिपेन्द्र कुंबर
	१०;३०-११;३०	**आसन ग्रहण**	
		सभापतिः श्री रविन्द्र के.सी, रा.कि.आयोग	
		प्रमुख अतिथिः चित्रबहादुर श्रेष्ठ, अध्यक्ष रा.कि.आयोग.	
		बिशिष्ट अतिथिः	
		भानुभक्त सिग्देल, रा.कि.आ., जिल्ला सभापतीहरु विभिन्न दल, सदस्यहरु रा.कि.आ	
		नगर प्रमुख, मध्यमाञ्चल क्षेत्रीय प्रशासक	
		अतिथिहरुः प्रमुख जिल्ला अधिकारी ज्यू, क्षेत्रीय निर्देशकज्यूहरु (कृषि,पशु,नार्क), अन्य क्षेत्रीय कार्यालयहरु	
		राष्ट्रिय किसान संजाल प्रतिनिधि	
		जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु	
		क्षेत्रीय किसान संजाल उपाध्यक्ष, सचिव तथा प्रतिनिधी	
		नेपाल किसान संघ, अखिल नेपाल किसान महासंघ, अखिल नेपाल किसान महासंघ (क्रान्तीकारी), अन्य किसान संघ, संजाल, सहकारी, समितिका प्रमुख तथा प्रतिनिधि, सरकारी, गैर सरकारी संस्था प्रतिनिधि.....	
		पत्रकार,राष्ट्रसेवक कर्मचारीहरु,अन्य सहभागीहरु....	
		मौनधारण	
		राष्ट्रिय गान बजाउने	
		स्वागत तथा गोष्ठिको उद्देश्य माथि प्रकाश	रा.कि.आ.
		गोष्ठी उद्घाटनः बिरुवामा पानी राखेर प्रमुख अतिथिज्यू,	सहभागी सबै
	११;३०-१२; १५	किसान आयोगको संक्षिप्त परिचय र वर्तमान स्थिति	मदन थापा, रा.कि.आ.
	१२;१५-१; १५	राष्ट्रिय किसान आयोग र किसान अधिकार सम्बन्धमा	रा.कि.सञ्जाल
	१;१५-२; ००	खाजा	सहभागी सबै
	२:००-२:३०	सबै कार्यपत्रहरु माथि छलफल र सुझावहरु	
	२:३०-३:४५	शुभकामना सन्देश तथा मन्तव्य	अतिथिहरु, सहभागी.....
	३:४५-४:००	उद्घाटन तथा पहिलो दिनको सत्र समापन	अध्यक्ष
मितिः २०७४/३/८, कार्यक्रम संचालन -रा.कि.आ.			
प्राविधिक सत्र	७;००-८;००	नाम रजिष्ट्रेसन तथा खाजा	सहभागी सबै
	८;००-८;१५	**सभापतिः** ....., रा.कि.आयोग	
	८;१५-९;००	कृषक अधिकार एवं हकहित सम्बन्धी मौजुदा नीति नियम, कार्यक्रम, कार्यान्वयनको अवस्था र भावि मार्गचित्र	रा.कि.आ.
	९;००-१२;३०	३ समूह बनाई छलफल गर्ने र प्रत्यक समूहबाट प्रस्तुती गर्ने,किसान आयोगलाइ कृषक अधिकार एवं कल्याणकारी नीति सम्बन्धि सल्लाह सुझावहरु दिने	सहभागीहरु.....
	१२;३०-१२;४५	सम्पूर्ण सहभागीहरुलाई धन्यबाद ज्ञापन	रा.कि.आ.
	१२;४५-१;००	प्राविधिक सत्र तथा दोश्रो दिनको सत्र समापन	अध्यक्ष
	१;००-१;३०	**खाना**	सहभागी सबै.....

कृषक अधिकार एवं कल्याणकारी नीति पहिचान गोष्ठी (२०७४–०३–०७, सुर्खेत)

मिति २०७४– ०३– ०७

आसन ग्रहण कार्यक्रम

सभापति : रबिन्द्र के.सी, रा.कि.आ

प्रमुख अतिथि : चित्रबहादुर श्रेष्ठ, अध्यक्ष रा.कि.आ.

विशिष्ट अतिथि

भानुभक्त सिग्देल, रा.कि.आ. सदस्य
जिल्ला सभापती तथा प्रतिनिधि, विभिन्न राजनितिक दलहरु.....
उदय चन्द्र ठाकुर, रा.कि.आ, सदस्य
बसन्ती घिमिरे, रा.कि.आ, सदस्य
मिना तामाङ, रा.कि.आ, सदस्य
मदन थापा, सदस्य सचिव, रा.कि.आ.

विशेष अतिथिहरु
श्याम प्रसाद पौडेल, सह सचिव पशुपंक्षी विकास मन्त्रालय
क्षेत्रीय कृषि निर्देशनालयका निर्देशक, शिव नारायण चौधरी
क्षेत्रीय पशु सेवा निर्देशनालयका निर्देशक, डा. किसन लाल भट्ट
उच्च मूल्य कृषि वस्तु आयोजनाका प्रमुख, राजेन्द्र भारी
विभिन्न नगरपालीकाका नवनिवार्चित प्रमुख तथा उपप्रमुख ज्यूहरु
कृषि र पशुपंक्षी विकास मन्त्रालयका तथा त्यस अन्तर्गतका निकायका कर्मचारीहरु
नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत ६ नं प्रदेशमा रहेका कार्यालयका प्रमुख तथा प्रतिनिधि
राष्ट्रिय किसान संजाल प्रतिनिधि, रा.कि.स. क्षेत्रीय संजालका प्रतिनिधिहरु..
अन्य विभिन्न कृषि, सहकारी र किसानसंग सम्बन्धित संघ, संस्था, संजालका प्रमुख तथा प्रतिनिधिज्यूहरु

स्वागत तथा गोष्ठिको उद्देश्यमा प्रकाश : श्री मिना तामाङ, सदस्य, रा.कि.आ.
गोष्ठीको उद्धेश्य बारे प्रकाश पार्दै कृषकहरुको हक अधिकारको सुरक्षितताको लागी जागरण र कृषकहरुसँग प्रत्यक्ष अन्तरकृया मार्फत किसानहरुको समस्या बुझी सोही अनुरुपका नीतिगत सुधारको लागी सुझाव सहित व्यवस्थापन गर्न सम्बन्धित निकायहरुमा पठाउने उदेश्य रहेको जानकारी गराई सबै उपस्थित महानुभावहरुको स्वागत भएको थियो ।

राष्ट्रिय किसान आयोगका सदस्य सचिव श्री मदन थापाज्यूबाट आयोगको परिचय सम्बन्धी कार्यपत्र प्रस्तुतीका क्रममा व्यक्त विषयवस्तुहरुको सारांश

किसान आयोग गठनको औचित्य

- विभिन्न बिषयगत आयोगहरु (६+७) गठन र सञ्चालन छन् जस्ले किसान र कृषिको मुद्दा खासै सम्बोधन गर्दैनन् ।
- खाद्य पोषण सुरक्षा, रोजगारी, ग्रामीण आम्दानी आय स्तर र कुल ग्राहस्थ उत्पादनमा बिशेष योगदान गर्ने कृषि क्षेत्र आकर्षित, मर्यादित र सम्मानित हुन सकेको छैन ।
- सेवा सुविधाका बिषय प्रमुख बने तर अधिकारका पक्ष गौण रहे

- किसान हक हित संरक्षण एवं कल्याणकारी नीतिको अभाव र मौजुदा नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था र Policy Gap लाई सम्बोधन गर्न ढिला भैसकेको छ ।
- ADS कार्यान्वयको एक अभिन्न अंगको रुपमा लिइएको छ ।
- नेपाल पक्ष राष्ट्र भै गरिएका सन्धी, सम्झौता अनुसारका कानून निर्माण

प्रस्तुतीमा किसान आयोग का सदस्य सचिव ज्यूले किसान आयोग स्थापनाको औचत्यि, यसहा दुरदृष्टि, लक्ष्य, ध्येय,मूल्य मान्यता सम्बन्धी जानकारी गराउनुभएको थियो । मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न र कृषि विकास रणनीतिले निदृष्ट गरेको लक्ष्य प्राप्तीको लागी यो आयोग स्थापना भएको छ । यस आयोगले किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै किसानहरुलाई सामाजिक न्यायको प्रत्याभूति गराउनुका साथै खाद्यसम्प्रभुता सहितको किसानमुखी र आत्मनिर्भर कृषि, समानता र न्याय, निष्पक्षता, खाद्य तथा कृषि उत्पादनका स्रोत र संशाधनहरुमा उत्पादक किसानहरुको यथोचित पहुँच, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान जस्ता विषयमा नीति नियम बनाउने तथा कृषि विकास मन्त्रालयालाई सुजाव गर्ने छ । राष्ट्रिय किसान आयोगको कार्यक्षेत्र संघीय गणतन्त्र नेपाल राज्यभर हुनेछ र यसका अध्यक्ष तथा सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

आयोगको वर्तमान स्थिति तथा कार्य प्रगति

आयोगको अवस्थाः

- आयोगले पूर्णता प्राप्त गरि सकेको छ ।
- कार्यक्रम तथा बजेट निर्माण (चालु र आगामी आ.व.) कार्य सम्पन्न भएको छ ।
- फर्म, कम्पनि आदिको सूची दर्ता सम्पन्न भैईसकेको ।
- आयोगको ब्रोसर निर्माण भएको छ ।
- कार्यालय भवनको लागि कलंकीमा घर भाडामा लिई कार्यालय स्थापना भएको छ ।
- कार्यालय खुलेको जानकारी दिने कार्य भएको छ ।
- आयोगको बैठक सञ्चालन र किसान संघ संगठन दर्ता तथा नियमन कार्यविधिको मस्यौदा तयार गरि स्वीकृतिको लागी कृ.वि.म. मा पेश भएको छ ।
- गोष्ठिहरु (संघिय तथा प्रदेशस्तर) सञ्चालन भएका छन् ।

आगामी आ.व. को प्रस्तावित मूख्य कार्यक्रमहरु

- राष्ट्रिय किसान आयोग ऐन तथा अन्य ऐनहरुको मस्यौदा तर्जुमा तथा सुझाव संकलन गरी प्रतिवेदन तयारी ।
- किसान सुरक्षा भत्ता तथा निवृत्तिकण मस्यौदा कार्यविधि तर्जुमा तथा कार्यान्वयनको लागि सिफारिस गर्ने ।
- कृषि उपजहरुको किसानले पाउने उचित मूल्य तथा प्रतिफल सम्बन्धी अध्ययन तथा सिफारिस ।
- कृषि विकास रणनिति कार्यान्वयन अवस्था बारे अध्ययन प्रतिवेदन तयारी ।
- किसान वर्गीकरणको मापदण्ड पुनरावलोकन तथा परिचयपत्र वितरण अध्यावधिक कार्यक्रम।
- Contract Farming Act मस्यौदा तर्जुमा र सिफारिस ।
- National Land Leasing Corporation र बाँझो जग्गा उपयोग सम्बन्धी (संभाव्यता अध्ययन र सिफारिस ।
- कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी बारे अध्ययन तथा सिफारिस ।
- भूउपयोग ऐन निति अध्ययन विश्लेषण तथा सिफारिस गर्ने ।
- कृषि र पशुपंक्षी विकास मन्त्रालयबाट संचालित युवा/महिला/जनजाती/दलित/भूमिहिन/पिछडावर्ग/साना किसान/कम्लरी र क्षेत्र विशेष लगायत कार्यक्रमहरुको कार्यान्वयन अवस्था बारे अध्ययन ।

- संचालित बाली तथा पशुपन्छी विमा र कृषि ऋृणको कार्यक्रमको कार्यान्वयन अवस्थाबारे अध्ययन।
- कृषि श्रमिक सम्बन्धी प्रवर्द्धनात्मक तथा सचेतनात्मक कार्यक्रम ।
- दर्ता रअभिलेखीकरण भएका किसान संघ संगठनहरुलाई क्षमता अभिवृद्धि तथा सशक्तिकरण ।
- बिरुवा जात संरक्षण एवं किसान अधिकार ऐन मस्यौदा उपर अन्तरक्रिया गरी स्वीकृतिको लागी सिफरिस ।
- राष्ट्रिय किसान आयोगबारे परिचयात्मक र अभिमुखिकरण गोष्ठी र सचेतनामुलक कार्यक्रम संचालन (केन्द्र र प्रदेश) गर्ने ।
- वस्तुगत संघ र उत्पादक सहकारी संस्था तथा किसान संजालहरुलाई संगठनात्मक अधिकारबारे क्षमता अभिवृद्धि तालिम (गोष्ठि तथा कार्यशाला मार्फत)
- प्रदेश तथा केन्द्रमा सरोकारवालाहरु बिच किसान अधिकार तथा कृषि व्यवसाय सम्बन्धी एवं कल्याणकारी निती पहिचान गोष्ठी ।
- कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी नीति सम्बन्धी विषयक विचार गोष्ठी ।
- कृषि विकास रणनीति कार्यान्वयन सम्बन्धी अवलोकन भ्रमण ।

समस्याहरु

- नव गठित आयोग । - कार्यालय भवनको अभाव ।
- मानव संशाधनको कमी । - सवारी साधनको कमी ।

चुनौतीहरु

- बृहत दायराको कार्यक्षेत्र, क्लिस्ट जिम्मेवारी । - बहु विधा र बहुसरोकारवाला निकायसंगको सम्न्वय ।
- किसान आयोग ऐन लगायत अन्य ऐनको निर्माण । -संघिय संरचना अनुरुप कार्यान्वयनको ढाँचा कस्तो हुने ।

शुभकामना मन्तव्य

श्याम प्रसाद पौडेल, सह सचिव पशुपंक्षी विकास मन्त्रालय

- किसान आयोग स्थापना हुनु नै किसानको हक अधिकार स्थापित हुनु हो
- कृषि नै आर्थिक वृद्धिको मुख्य केन्द्र रहेको हुँदा यस वहुआयामिक वहुसरोकारवालाहरुको एकिकृत प्रणाली उद्धेश्य पुरा हुने जानकारी गराउनु भयो । सर्वोमान्य र सवैधानिक बनाउनु पर्ने आवश्यक रहेका स्पष्ट पार्नु भयो ।
- साथै किसानहरुको अधिकार कार्यान्वयन गराउने यस आयोगलाई दरवन्दी अनुरुप पदपुर्ति हुने व्यवस्थापन बारे प्रतिवद्धता जाहेर भएको ।

देव कुमार सुबेदी नगर प्रमुख, विरेन्द्रनगर नगरपालीका

अनुदान कार्यक्रम लाई उचित व्यवस्थापन र विभिन्न सरोकारवाला संस्थाहरुबाट प्राप्त अनुदानको उचित उपयोग बारे पारर्दशिता र जवाफदेहिता अनुरुप लगानीको उचित अनुगमन हुनु पर्ने विषयमा जोड दिनुभयो। साथै अनुदान रकम वृद्धिमा ईमान्दारिता देखाउन आवश्यक रहेको र यस विषयमा राष्ट्रिय किसान आयोगको भूमिका गहन हुने विचार व्यक्त भयो ।

काशी बराल : अध्यक्ष , जिल्ला कृषि सहकारी संघ कालीकोट नगर प्रमुख राजकोट नगरपालिका

किसानको पिडामर्का बुझ्नलाई नै यस आयोगको गठन भएको ले यो कार्य सरहानिय रहेको छ । कृषि क्षेत्रमा उपलब्ध हुने अनुदान असाध्यै हचुवाको भरमा वितरण हुने गरेको र अनुदानमा विकृति बढ्दै गएको देखिन्छ । कृषकहरुमा प्राविधिक ज्ञानको अभाव रहेको साथै बजारको समस्या रहेको हुँदा एकिकृत संजाल मार्फत कृषि विकामा जोड दिनु पर्ने धारणा व्यक्त भयो ।

श्री बरालले प्राविधिक प्रयोगशाला, प्राकृतिक प्रकोपवाट हुने क्षतिको राहत, बीमा प्रणालीमा सुधार, उचित र सहजरुपमा कर्जा, दक्ष जनशक्तिको अभाव, उन्नत वीउ विजन जस्ता मुख्य समस्या रहेको स्पष्ट पार्नु भयो । साथै इच्छा अनुरुप किसानहरुले परियोजना छनौट गर्दा विभिन्न संस्थाहरुवाट र सरकारी अनुदान सुलभ र सहज रुपमा उपलव्ध हुनुपर्ने ।

नेपाल सरकार कृषि विकास मन्त्रालयका उप सचिव श्री बासुदेव काफ्लेले किसानका अधिकारः नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र अवको आवश्यकता विषयको प्रस्तुतीका क्रममा व्यक्त विषयवस्तुहरुको सारांश

पृष्ठभूमी

- कृषि-मानव सभ्यताको आधार र मानव जातीको आधारभूत आवश्यकताको श्रोत
- हिजोको कृषि-हाम्रो धर्म,संस्कृती, परमपरा र रिती रिवाज
- आजको कृषि-कूल गार्हस्थ उत्पादनमा एक तिहाँई योगदान र करिव दुई तिहाँई जनसंख्या आस्रीत,
- कृषक घरधुरी - ३८ लाख ३१ ह्जार परिवार
- जग्गाको स्वमित्व - ३७ लाख १५ हजार परिवार
- कृषि पेशामा संलग्नता - उमेर पुगेका ७३ प्रतिशत महिला र ६० प्रतिशत पुरुष
- भोलीको कृषि - औद्योगीकरणको प्रमुख आधार/रोजगारी एवं कच्चापदार्थको स्रोत
- प्रस्तुत पृष्ठभूमिमा कृषि विकासले अपेक्षित गती लिन नसकेको,
- कृषि पेशा मर्यादित र सम्मानित पेशाकोरुपमा आकर्षक हुन नसकेको,
- यूवा पुस्ताको काहालीलाग्दो पलायन,
- समयको अन्तराल र वदलिदो परिवेश सँगै कृषिका प्रमुख पात्र- किसानहरुको अधिकार र तीनको संरक्षण सम्वन्धि आवाजहरु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय फोरमहरुमा उठने गरेको,
- नेपालमा पनि यो प्रसंग समय सापेक्षहुदै गएको र सम्बोधनका लागि विभिन्न नीतिगत व्यवस्थाका प्रयासहरु भैरहेको । यसो हुनसके मात्र, कृषिमा आधुनीकीकरण, विविधीकरण, व्यवसायिकरण भई खाद्य तथा पोषण सुरक्षा सुश्चित र गरिवी न्यूनीकरण भई जीवनस्तर उठ्न सम्भव ।

किसान अधिकार

"किसान अधिकार" भन्नाले परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथाने वालीको जात, विउ, किसानले विकास गरेको जात र बीउ, कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामाग्रीमा किसानको पहुँच र अधिकारलाई सम्झनु पर्छ । (**राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३**)

आनुवंशिक स्रोतको आधारमा किसान अधिकार

- जैविका तथा आनुवंशिक स्रोत र यस सम्बन्धी परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन, उपयोग र व्यापारिक प्रयोजनबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडमा कृषकहरुको सुनिश्चित पहुँच नै किसान अधिकार हो ।

किसान अधिकार समग्रमा

- दिगो रुपमा मर्यादित र सम्मानित तवरले कृषि पेशा अवलम्बन गर्न किसानलाई आवश्यक पर्ने गुणस्तरीय उत्पादन सामाग्री एवं सेवा/टेवाको समयमै प्राप्ति नै किसान अधिकार हो ।
- खाद्य सुरक्षा एक प्राविधिक अवधारणा, खाद्य सम्प्रभूता एक राजनीतिक तथा आर्थिक अवधारणा हो भने किसान अधिकार खाद्य अधिकार जस्तै एक कानूनी अवधारणा हो ।

Elements of Farmers Right (IPTGRFA, Article 9) The four elements are:

- Protection of traditional knowledge,
- Benefit sharing,

- Participation in decision-making and
- The rights to save, use, exchange and sell farm-saved seed.

प्रमुख सवाल/चुनौतीहरु

- किसानका अधिकार सम्बन्धि सचेतना,
- उत्पादन स्रोत सामाग्रहरुको न्यून उत्पादकत्व
- उत्पादन सेवा, स्रोत सामाग्रहरुमा पँहुच
- कृषि विकासका कार्यक्रमहरुमा लक्षित समूदायको पहुँच (औपचारीक पहुँच करिव २० प्रतिशत)
- गुणस्तरीय उत्पादन सेवा, समाग्रीमा पहुँच,
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरु- लोपोन्मुख, न्यून सदुपयोग,
- बहुराष्ट्रिय कम्पनीहरु संगको प्रतिस्पर्धा
- मौजुदा नीतिहरुको समय सापेक्ष परिमार्जन (WTO, संघियता आदि)
- नीति निर्माण/परिमार्जनमा किसानहरुको सहभागीता

Farmer's Right in the Constitution of Nepal

(नेपालको संविधानमा किसानको हक अधिकार सम्बन्धि व्यवस्था)

- मौलिकहक र कर्तव्य : धारा ३६- खाद्य सम्बन्धी हक
- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

राज्यका नीतिहरुः

(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति :

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(१) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

Farmer's right in the National Agriculture Policy 2061

(राष्ट्रिय कृषि नीति २०६१ म किसानका अधिकार सम्बन्धि व्यवस्था)

राष्ट्रिय कृषि नीति, २०६१ (लक्षित वर्ग (दलित, उत्पीडित, सीमान्तकृत, कृषि श्रमिक आदि)का लागि विशेष कार्यक्रम

- भूमिमा पहुँच/अधिकार-मौजुदा कानूनी हकबन्धी कार्यान्वयन, प्रगतिशील कर व्यवस्था, भूमि करार कानून व्यवस्था
- उत्पादन सेवा सामाग्रीमा पहुँच/अधिकार-करार/कबुलियतमा बाँझो जग्गा, पोखरी, घोल, जलाशय आदि उपलब्ध गराई बीउ बिजन, प्राविधिक सेवा निशुल्क, सहुलियत ऋण, साना सिंचाई पूर्वाधारमा विशेषत छुट/सुविधा ।

- खाद्य वस्तुमा पहुँच/अधिकार - खाद्य न्यून क्षेत्रमा खाद्यान्न उपलब्धता वृद्धि तथा आय वृद्धि, अन्यत्रबाट खाद्यान्न आपूर्ति सुनिश्चित गर्नुपर्ने अवस्थामा खाद्य वस्तु ढुवानी, संचय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न संचय एवं परिचालन संजालको विकास ।
- खाद्य तथा पोषण सुरक्षा कवच (Safety Nets)- आधा हेक्टर भन्दा कम जमिन भएका, वर्षभरि सिंचाई सुविधा नभएका कृषक, भूमिहीन र सीमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवचको विकास गर्दै लगिने

Farmer's right related issues in the National Agro-biodiversity Policy 2071

(कृषि जैविक विधिधता नीति २०७१ मा किसानका अधिकार)

- सामाजिक अधिकार (Social Rights (Right to participation)
- आर्थिक अधिकार Economic Rights
- आर्थिक तथा सामाजिक अधिकार (Economic Right and Social Rights (Right to participation)

अन्य नीतिहरुमा कृषक अधिकार सम्बन्धी मूख्य व्यवस्था

- कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन ।
- बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी नीति तथा कानुनहरुबाट कृषकको अधिकार माथि प्रतिकुल प्रभाव नपर्ने व्यवस्था मिलाईने ।
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न कृषकहरु पहिचान गरी अभिलेखीकरण गर्ने र तिनलाई कृषि जैविक विविधता संरक्षण, संवर्द्धन र उपयोगका लागि प्रोत्साहित गरिने ।
- गुणस्तरिय उत्पादन सेवा/सामाग्रीहरुमा सर्वसुलव पँहुच ।
- सुलभ ऋण, बीमा, कृषकमैत्री कर प्रणाली को अवलम्बन ।
- सार्वजनिक, नीजि, सहकारी साझेदारीमा कृषि (PPP)

Farmer's right in the ADS (2015-35)

कृषि विकास रणनीतिमा किसानका अधिकार

- कृषि विकास रणनीतिको प्रतिवेदन राष्ट्रिय किसान सञ्जाल समेतको सहकार्यमा तयार ।
- योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र रणनीतिको कार्यान्वयनमा किसानहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान (विभिन्न समितीहरुमा प्रतिनिधित्व -NADSIC, NADSCC, CADIC, RADC, DADC, NARC, CAESC (सामुदायिक कृषि प्रसार सेवा केन्द ३,१५७)
- किसानहरूका अधिकारहरूको सुरक्षालाई एडिएस को सुशासनको रणनीतिक संभाग अन्तर्गतका गतिविधिमा समेटिने गरी विकास गरिने ।
- किसानहरूका अधिकारहरूलाई सुनिश्चितगर्न र विभिन्न नीतिगत/संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वका लागि एक उच्च स्तरीय अधिकार सम्पन्न र स्थायी प्रकृतिको किसान आयोग गठन गरिने ।

अबको आवश्यकता

- किसानका अधिकार सम्बन्धि सचेतना अभिवृद्धि र बहस पैरवी
- राष्ट्रिय किसान आयोगलाई संवैधानिकता प्रदान
- मौजुदा कानून, नीति नियमहरुको प्रभावकारी कार्यान्वयन
- अत्यावश्यक थप ऐन, कानूनहरुको निर्माण र कार्यान्वयन(राष्ट्रिय किसान आयोग ऐन/नीयमावली/निर्देशिका, खाद्य अधिकार र खाद्य संप्रभूता ऐन, करार खेती ऐन, बजार ऐन, भूउपयोग ऐन आदी) ।
- अन्तराष्ट्रियमहासन्धी (Convention) तथा अभिसन्धि (Protocol) र प्रतिवद्धताहरुलाई यथोचित कानूनीरुप
- वदलिदो परिवेश (WTO, संघियता आदि) अनुरुप नीति निर्माण/परिमार्जन

- नीति निर्माणमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता
- किसान सामाजिक सुरक्षाको व्यवस्था
- किसान कल्याण कोष/पेन्सन स्किम
- किसानहरुको वैज्ञानीक वर्गिकरण
- किसान परिचयपत्र वितरण
- किसान/समूहको स्थानीय तहमा दर्ता/पञ्जीकरण
- गुणस्तरिय उत्पादन श्रोत साधन र सेवा टेवामा किसानको सर्वसुलभ पँहुच (बजार, बीमा, सुलभ कर्जा आदि समेत)
- उत्पादीत वाली वस्तुहरुको आवश्यक पूर्वाधार सहित, भण्डारण र बजारीकरण
- रैथाने, बाली/जात/नश्ल/परंपरागत ज्ञान सिपहरुको अभिलेखीकरण एवं संरक्षण, र विवेकपूर्ण सदुपयोग, लाभको समन्यायिक बाँडफाड
- दायित्व र जिम्मेवारी प्रति सम्बद्ध सवैको जवाफदेहिता

नयाँराम थापा, क्षेत्रीय संजाल सचिव

राष्ट्रिय किसान आयोग गठन हुनु भनेको किसानहरुको लागि गर्वको विषय हो । अवको दिनमा किसान संजालहरुको प्रादेशिक संजालको रुपमा परिमार्जन हुनु पर्ने जरुरी छ। यसले वास्तवमा कृषि को विकास भएको महसुस हुदैछ । साथै कृषकहरुको प्रतिनिधित्व र राजनीतिक प्रतिनिधि समेतले यस आयोगलाई सवैधानिक बनाउन दवाव दिनु पर्ने आवश्यक रहेको छ ।

महेन्द्र तिवारी उपाध्यक्ष किसान क्षेत्रीय संजाल

किसान अधिकारलाई मनन गरी वैचारिक रुपमा कर्मस्थरमा कार्यान्वयन हुनु पर्ने समस्याहरुको उचित पहिचान गरी परिमार्जन गराई सहमार्गी भूमिका निर्वाह गर्ने कार्य यस आयोगले गर्नुपर्नेछ । राज्यले असल नीति लिएको खण्डमा मात्र किसानको अधिकार सुरक्षित हुने भएकोले यसको लागी किसान आयोगले काम गर्नुपर्ने हुन्छ । साथै अनुदान वितरण प्रणालीलाई अझ ठोस र पारदर्शि बनाई कार्यान्वयन हुनु पर्नेमा जोड दिनु भयो। वहाँले किसानहरुले आउदा दिनमा परिर्वतन भएको महसुस हुने गरी कार्यान्वयन हुनु पर्ने आवश्यकता वारे ध्यानाकर्षणन गराउनु भयो । किसान आयोगले सवै प्रति सम्मान व्यवहार र सदभाव देखाउने आशा लिदै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

शिवनारायण चौधरी, निर्देशक, क्षेत्रीय कृषि निर्देशनालय, सुर्खेत

मध्य पश्चिम क्षेत्र कृषिको उर्वर भूमी रहेको यहा विभिन्न भौगोलिक वातावणमा विभिन्न कृषि जन्य वस्तु उत्पादन हुने गरेकोमा हाल वजारीकरणको समस्या रहेकाले उत्पादित वस्तुको उपयोगिताको लागी खाद्य विविधिकरण माथी जोड दिनु भयो । साथै किसानहरुले सर्वशुलभ रुपमा व्याज अनुदान प्राप्त गर्न समस्या रहेको जानकारी गराउनु भयो । किसान आयोगले किसानका पक्षमा रही किसानका उत्पादन सामाग्री जस्तै वीउ मल तथा विषादीको सहज उपलब्धता तथा सर्वशुलभ पहुँचका विषयमा सम्बन्धित निकायलाई सुझाव दिन आग्रह गर्नुभयो।

मोहन बढुवा, ने.क.पा. एमाले जिल्ला सचिव

कृषि नै अर्थतन्त्रको मेरुदण्ड रहेको हुँदा यसको व्यवसायिकरण आधुनिकिकरण गर्दै जाने र व्यवसायीक किसान पहिचानमा उचित पहल हुनु पर्नेमा जोड दिनु भयो । किसानको हकहितलाई रुपान्तर गरी संरक्षण गर्नु पर्ने र कृषि व्यसायमा परिवर्तन ल्याउने काम यो आयोगले गर्ने आशा राखेको छु । साथै कृषकहरुलाई पूर्णकालिन रोजगारी दिने सहज वातावरणमा निर्माणमा समेत जोड दिनु भयो ।मध्य पश्चिम क्षेत्र प्राकृतिक रुपमा धनी रहेता पनि यहाका श्रोतबो उचित व्यवस्थापनको अभावले किसानले आफ्नो अधिकारवाट बञ्चित रहेको हुँदा सचेतना गराउन प्रभावकारी कार्यक्रमको आशा राखेको छ । साथै कृषि शिक्षा, तथा सिचाईको क्षेत्रमा समेत यस आयोगले जोड दिनुपर्ने मन्तव्य व्यक्त भयो ।

डा. किसन लाल भट्ट, निर्देशक, क्षेत्रीय पशु सेवा निर्देशनालय, सुर्खेत

हालसम्म रहेका नीतिहरुको कार्यान्वयनमा भएका कमि कमजोरीबाट पाठ सिकाई सोको अध्ययन गरी किसान मैत्री हुनेगरी परिमार्जन हुनु पर्ने विचार राख्नुभयो । साथै कुनै पनि क्षेत्रवाट अधिकारको दुरुपयोग हुन नहुने र राष्ट्रिय किसान आयोगले प्रतिफल आउने कार्य गरोस भन्ने शुभकामना दिनु भयो । विभिन्न मुलुकमा स्थापना भएका आयोगहरुको उदाहरण दिदै उहाले सम्पूण सदस्यको विज्ञता तथा अनुभवको भरपुर उपयोग गरी किसान मैत्री नतिजा मुखी कार्य गर्न सम्बन्धित निकायलाई सुझाव सल्लाह दिन आग्रह गर्नु भयो ।

कृष्ण बहादुर जि.सी. जिल्ला संयोजक, ने.क.पा. माओवादी केन्द्र

राष्ट्रिय किसान आयोगले आयोगको उद्धेश्य पुरा गर्न सफल होस भन्ने शुभकामना दिनु भयो । वहाँले किसानको अधिकार र दायित्व बढाउन जोड दिनु भयो । वहाँले नीति भन्दा कृषक हुन्न तसर्थ किसान अनुरुपका नीति हुनु पर्ने साथै विना विचौलियाको कार्यान्वयन हुनेमा जोड दिनु भयो । वहाँले नीतिगत सुधार गरी प्रभावकारी कार्यान्वयन प्रणालीको विकास गर्ने जोड दिनु भयो । वहाँले आयोग शक्तिशाली नै हुनुपर्छ । किसान अधिकारलाई मनन गरी वैचारिक रुपमा कर्मस्थलमा कार्यान्वयन हुनु पर्ने समस्याहरुको उचित पहिचान गरी परिमार्जन गराई सहयोगी भूमिका निर्वाह गर्ने कार्य यस आयोगले गर्ने पर्नेछ । अन्तमा नीति नियम अनुकुलन हुन मेहनत गरी कार्यान्वयनमा आयोगको भूमिका रहोस भन्ने शुभकामना छ ।

कमल राज रेग्मी, जिल्ला सभापती, नेपाली काँग्रेस

राष्ट्रिय किसान आयोगको गोष्ठीको पूर्ण सफलताको शुभकामना साथै नीति पहिचान गोष्ठिले किसानका समस्यालाई सम्बोधन गर्ने कोशेढुंगाको रुपमा काम गर्नु पर्ने सुझाव दिईयो ।मध्य पश्चिम क्षेत्रमा विकट ठाउँ रहेको तर कृषिको व्यवसायीकताको हिसावले सम्भावना बोकेको ठाउ रहेता पनी सरकारको लगानी यस क्षेत्रमा न्युन हुनु दुखद रहेको भन्दै यो विषयमा ध्यानाकर्षण गराउनुभयो ।साथै त्यस क्षेत्रको खाध सुरक्षाको निम्ती आवश्यक कार्यक्रम तथा निति बनाई सम्बोधन गर्ने काम यस आयोगले गर्नु पर्ने जानकारी भयो।

भानुभक्त सिग्देल, रा.कि.आ. सदस्य

किसानले देखे भोगेको समस्याको आधारमा नै विभिन्न किसान आन्दोलन हुने गरेको तर पनि उचित सुनुवाई नभएको अवस्थामा किसानहरुको अधिकार कसैले छेक्न नसक्ने गरी विभिन्न पार्टले आफ्नो भावना भन्दा माथी उठी किसानको हक हित गर्न राष्ट्रिय किसान संजालको वेदनालाई महसुस गर्न र सवै सुत्र आधारमा सुदृढीकरण गर्न राष्ट्रिय किसान आयोगले स्थापना भएको छ । दिर्घकालिन कृषि विकास रणनीति बनाउने क्रममा कृषक संजालहरुले पूर्ण हस्तक्षेपकारी भूमिका निर्वाहा गरी यस आयोगको स्थापनामा अहम भूमिका खेलेको हुँदा किसानको अधिकार सुनिश्चित गराउन यो आयोगले अहम भूमिका निर्वाह गर्ने प्रतिवद्धता देखाउनु भयो । यस आयोगलाई सबैधानिक वनाउन सबैले सहयोगको उपदेश राख्नु भयकोमा धन्यबाद दिनुभयो ।

चित्रबहादुर श्रेष्ठ, प्रमुख अतिथि तथा अध्यक्ष रा.कि.आ.

सबैको सदभाव र शुभकामनाले हामीलाई गम्भीर बनायको छ । हामी यस आयोगमा कुनै मानलागि सम्मानको लागी नआई किसान आन्दोलनका मागहरु पुरा गर्ने आफ्नो दायित्व पूर्ण गर्नका/ यस आयोगमा आएकोल किसानलाई परिवर्तनको सहज वातावरण बनाउने दायित्व भएको भावना व्यक्त।कृषि क्रान्तीको लागि व्यवसायीकरण, आधुनिकिकरण र औद्योगिकरणको माध्यमले आर्थिक क्रान्तीमा अहम भूमिका निर्वाह गर्न कृषकहरुमा परिर्वतनको अनुभूति हुने जस्ता कार्य गर्ने प्रतिवद्धता व्यक्त । किसान र कृषिको सम्बन्ध भएको खण्डमा मात्र रोजगारी श्रृजना भई यूवा पलायनवाट बचाउन सक्ने कटु सत्यतालाई यस आयोगले प्रमुख विषय बनाई काम गर्ने प्रतिवधता व्यक्त । किसानको हक हित बाहेकको काम गरेको खण्डमा जहिले पनि किसानको कठघरामा उपस्थित हुने जानकारी गराउदै किसानको बालिनालीलाई खेर जान नदिने गरी किसानमा परिर्वतनको अनुभुति दिन विभिन्न निति तर्जुमा गर्ने तथा सम्बन्धित मन्त्रालयलाई पृष्ठोषण गर्ने जानकारी भयो ।

रविन्द्र के. सी. सभापती, कार्यक्रम समापन

सवै सहभागीलाई धन्यवाद दिदै वक्ताबाट आएका सुझावहरुलाई मनन गरी काम गर्ने प्रतिवद्धता जनाउदै सभा समाप्तीको घोषणा।

२०७४०८/०३/

अध्यक्षता बसन्ती घिमिरे, सदस्य राष्ट्रिय किसाना आयोग

कार्यपत्र प्रस्तुती नहेन्द्र खड्का, राष्ट्रिय किसान संजाल

कार्यपत्रको विषयवस्तु –राष्ट्रिय किसान आयोग र किसान अधिकार

प्रस्तुतीका मुख्य विषयवस्तुहरु

राष्ट्रिय किसान आयोग

- नेपालका किसान संघ/संगठनहरु र राष्ट्रिय किसान सञ्जाल, नेपालको नेपाली किसानहरुका अधिकारहरुको प्रबर्द्धन गर्न र तिनलाई न्यायको प्रत्याभूति गराउनका लागि राष्ट्रिय किसान आयोगको गठन गर्नुपर्ने लामो समयदेखिको माग ।
- कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान सञ्जाल, नेपालको सहकार्यमा तयार गरी नेपाल सरकार मन्त्रीपरिषद्ले स्वीकृत गरेको **कृषि विकास रणनीति २०१५-३५** मा **'किसान अधिकारहरुको प्रबर्द्धन गर्नका**

लागि उच्चस्तरीय अधिकारसम्पन्न र स्थायी प्रकृतिको राष्ट्रिय किसान आयोग गठन गर्ने (बुँदा नं. २४१, अंग्रेजी पृष्ठ नं. ९३)' उल्लेखित ।

- कृषि विकास मन्त्रालयद्वारा जारी गरिएको **कृषि विकास मन्त्रालयका प्रतिबद्धताहरु २०७२** को **बुँदा नं. ३** मा 'कृषि विकासका नीति तथा कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकनमा केन्द्रीय तहदेखि स्थानीय तहसम्म किसानहरुको सहभागिता सुनिश्चित गरी कृषि विकासलाई दिगो बनाउँदै किसानका हकहित अधिकारलाई सुनिश्चित गर्न **राष्ट्रिय किसान आयोग गठन** गरिनेछ ।' भनी उल्लेख ।
- नेपाल सरकारबाट मिति २०७३/१०/०६ को निर्णय अनुसार जारी गरिएको **'राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३'** अनुसार **राष्ट्रिय किसान आयोग** गठन ।

ख. राष्ट्रिय किसान आयोगको उद्देश्य

१. किसान अधिकारहरुको स्थापना, संरक्षण र प्रबर्द्धन ।
२. स्थापित अधिकारहरु हनन् भएमा न्यायको प्रत्याभूति ।
३. किसान कल्याणकारी कार्यक्रम ।
४. दीर्घकालीन कृषि विकास रणनीतिको कार्यान्वयनमा सहयोग ।

ख. किसान अधिकार

१. सार्वभौम मानव अधिकारः नैसर्गिक किसान अधिकार
२. खाद्यसम्प्रभुताको अधिकार
३. सम्मान र परिचयको अधिकार
४. सहभागिता र समावेशीकरणको अधिकार
५. भूमि र प्राकृतिक साधन स्रोतहरु माथिको अधिकारः
६. उत्पादनका साधनहरु माथिको पहुँच र अधिकार
७. बीउबिजन, नश्ल र अनुवांशिक स्रोतहरुमाथिको अधिकार
८. बजारको अधिकार
९. कृषि उपजको मूल्य माथिको अधिकार
१०. सुचना, नयाँ प्रविधि र प्रसारको हक
११. जैविक विविधताको अधिकार
१२. शिक्षा र रोजगारको अधिकार
१३. सामाजिक सुरक्षा र निवृत्तीभरणको अधिकार
१४. न्यायमाथि पहुँच र अधिकार
१५. अनुदान र सेवा-सुविधा माथिको अधिकार
१६. संरक्षणको अधिकार
१७. जलवायु र वातावरणीय न्यायको अधिकार
१८. राहत, क्षतिपुर्ति, बिमा र वित्तीय अधिकार
१९. सहकारी र कम्युनको अधिकार
२०. स्वास्थ्य सेवाको अधिकार
२१. पूर्वाधारको हक
२२. कृषि तथा कृषिजन्य उद्योग
२३. किसानहरुको ज्ञान, सीप र प्रविधिको अधिकार
२४. दिगो र जैविक विविधतामा आधारित कृषिको अधिकार
२५. किसानहरुको संगठित हुन पाउने अधिकार
२६. अन्य विविध अधिकारहरु

(ग) निश्कर्ष र सुझाब

- राष्ट्रिय किसान आयोग गठन नै हालको महत्वपूर्ण र एतिहासिक हो ।
- किसान अधिकारहरु सार्वभौम राष्ट्रिय र धैरै मन्त्रालय सग सम्बन्धी हुन ।
- संवैधानिक आयोग बन्नु पर्ने र नभएसम्म राष्ट्रिय किसान आयोग ऐन मार्फत अधिकार सम्पन्न बनाउनु पर्छ साथै अर्धन्यायिक आयोग बनाउनु पर्छ

खुला सेसनमा सहभागीज्यूहरुवाट आएका प्रतिकृया सुझावहरु/:-

१. **खर्क बहादुर सिजुवाल, जुम्ला**

- नीति नियम बनाउने क्रममा भौगोलिक विकटतालाई मध्यनजर गरी एकै किसिमका नीति बनाउने प्रथामा परिवर्तन गरी हिमाल, पहाड र तराईको आफ्नो विशेषता रहेको हुँदा सोही अनुरुपका नीति परिमार्जन हुनु पर्ने ।
- सरकारी काम जस्तै नभई आफ्नै नीजिकाम गरेको जस्तो भावना प्राविधिकमा हुनु पर्ने ।
- प्राविधिक शिक्षालयहरुमा गुणस्तरिय जनशक्तिको उत्पादन हुने नगरेको र यसको सुधारमा पहल गरिनुपर्ने
- किसानहरुको एकताको संस्था रहेकोले सफलताको शुभकामना ।
- कृषि उपकरण तथा निर्यात वस्तुहरुमा कर छुट र आयात निर्यातमा सहजीकरण हुनु पर्ने विषयमा जोड ।/

२. **खर्क विश्वकर्मा - सुर्खेत**

- सक्कली र नक्कली किसान छुट्याउनु पर्ने
- किसान परिचयपत्रको व्यवस्था हुनु पर्ने
- किसान बर्गिकरण हुनु पर्ने
- आधिया खेतीले लागत पनि नउठने हुनाले भूमिविहिन किसानलाई जग्गाको उपलब्धता हुनुपर्ने
- कृषि पेशालाई मर्यादित पेशको रुपमा विकास गर्नुपर्ने
- सेवा अनुकुलन —सूचना सबै किसानले पाउनु पर्ने
- किसान संघ संगठन दर्ता प्रकृया घरदैलो कार्यक्रम हुनु पर्ने
- कृषक भ्रमण प्रभावकारी नभएको र वास्तविक किसानको सहभागिता नहुने गरेकोले यस्ता विषयमा सम्बन्धित विषयको ध्यान आकर्षण गर्न गराउन जरुरि रहको विचार व्यक्त

३. **डा— चन्द्र रिसाल . जिहुम्ला .का.वि.कृ.**

- सिचित भूमिको प्रयोगले जिविकोपार्जन हुने गरेको
- माटोको गुणस्तर सधै नजर अन्दाज हुने गरेको
- यस क्षेत्रको अधिकांश माटो अम्लिम भएको
- पोषकतत्व भय पनि विरुवा लिन नसकेको
- प्राङ्गरिक पदार्थको मात्रा निकै न्यून हुन
- भू क्षयको अवस्था विकराल छ—
- अधिकांस माटोमा प्राङ्गरिक पदार्ठको कमी छ
- प्राङ्गरिक पदार्थ बढाउन नसकिएको खण्डमा माटो मरुभुमीमा परिणत हुने
- कृषकहरुलाई माटोको स्वास्थ्य वारेको अधिकार हुनु पर्ने

- निशुल्क प्रयोगशाला परिक्षणको व्यवस्थाको साथै माटो जाच प्रमाण पत्र व्यवस्था हुनु पर्ने

४. **धर्मशिला बस्नेत कृषक—जाजरकोट**

- किसानको पहिचान र सोही अनुरुप प्रतिनिधित्व गराउनु पर्ने
- जग्गावाल हाल अलिया भएको र हलिया बन्चीत रहेको
- बेसार उत्पादन गरेता पनि उचित बाजर व्यवस्थापन नभएको
- महिला प्रतिनिधित्व बढाउनु पर्ने

५. **उमेश कुमार पौडेल किसान सुर्खेत-**

- डेरी व्यवसायमा थारो गाई व्यवस्थापन र अनुत्पादक गाई छनौट गरी हटाउन समस्या रहेको यसको लागी विशेष पहल गरिनुपर्ने
- बहर र थारो गाई व्यवसाय र बजारीकरण र गाई संस्कृतीसँग जोडिएकोले के गर्ने भन्ने अन्योल रहेको।

६. **नितक ओली**

- यूवाहरुलाई कृषि पेशा अपनाउन पूजीको अभाव रहेको ले कृषि कर्जाको व्यस्था हुनुपर्ने
- किसान परिचय पत्रको आधारमा अनुदान उपलब्ध हुने व्यवस्था हुनु पर्ने
- यूवा लक्षित कार्यक्रम प्रभावकारी रुपमा संचालन गराउनु पर्ने

७. **मोहन बहादुर थापा —किसान कालिकोट**

- विकटताको आधारमा नीति हुनु पर्ने
- नीति छुटा छुटै भौगोलिक अनुकुल हुनु पर्ने
- औजार उपकरणमा अनुदान बढाउनु पर्ने
- किसान पहिचान पत्र
- कृषिमा विचौलियाकै अन्त्य हुनु पर्ने

८. **बोल बहादुर शाही — किसान कालीकोट**

- Skill Test – CTEVT वाट पास गरेको JTA/JT लाई लोक सेवा आयोगमा परिक्षा दिन पाउदैन । यसको कारण बारे आयोगको धारणा माग भयो ।

९. **ब्रज किशोर ठाकुर — प.का.से.प.जि -.चि., कालीकोट**

- आयोग सबैधानिक बनाउन तर्फ जोड दिनु पर्ने
- अनुदानको लागि किसान छनौटको स्पष्ट मापदण्ड हुनु पर्ने
- राजनितिक दवाबवाट अनुदान वितरण गराउनु पर्ने बाध्यातमक स्थितिको अन्त्य गरिनुपर्ने
- ऐन कानून किसान मैत्री हुनु पर्छ/

सहभागीहरुलाई ३ वटा समुहमा विभाजन गरी छलफलबाट उठेका विषयवस्तुको प्रस्तुतिकरण भएको

समुह - १

किसान अधिकार एवं हकहित संरक्षणमा राष्ट्रिय किसान आयोगको भुमिका

डा चन्द्र रिजाल .

१. स्थानियस्तरको संम्भाव्यता एकिन गर्न स्थानिय कृषकहरुको निर्णयलाई मान्यता दिलाउन Advocacy गर्ने ।

२. किसान अधिकार र हकहित तथा भलाईको लागि "कृषक निवृत्तिभरण" व्यवस्थाको लागि प्राथमिकता साथ पहन गर्ने ।

३. कृषि शुसासन कायम गर्न गराउन पहल गर्ने ।

४. रैथाने बालीका जातहरु जोगाउन चेतनामूलक कार्यक्रम गर्न मदत गर्ने ।

५. यूवाहरुलाई कृषि पेशामा आकर्षित गर्न कृषि परियोजनामा आधारित भई प्रमाणपत्र धितो राखी ऋण उपलब्ध गराउन पहल गर्ने ।

६. प्रदेश नं का कृषि प्रणाली भन्दा फरक भएकोले .Organic खेती विस्तार गरी कृषि उपजहरुको Premium मूल्य पाउने व्यवस्थामा पहल गर्ने र कृषि विमाको अनिबार्यताको लागि पहल गर्ने ।

७. आयोगले जल, जमीन, जङ्गलमा किसानको पहुँच पुयाउन विशेष पहल गर्ने ।

८. क्षेत्रीयस्तर अथवा स्थानियस्तरमा संचालन हुने कृषि कार्यक्रम संचालनमा उपयोग हुने जनशक्ति स्थानियस्तरवाटै पुर्ति गर्न पहल गर्ने ।

९. किसानको पहिचान र बर्गिकरणमा आयोगले विशेष ध्यान दिई लागु गराउने ।

१०. साना किसानको हक हितको लागि चालु रहेका जग्गा अधिकरणघडेरी निर्माण तथा बस्ती विकासका / कार्यक्रमहरु निरुत्साहित गर्न पहल गर्ने ।

११. बैङ्कहरुले आफ्नो निक्षेपको कम्तिमा एक तिहाई निक्षेपलाई अनिवार्य रुपमा कृषिमा लगानी गर्ने व्यवस्था गर्न पहल गर्ने ।

१२. माटो स्वाश्थ्य परिक्षण गरी सो को आधारमा वैज्ञानिक खेती पद्धतिको विकास गर्न पहल गर्ने ।

१३. उत्पादनमा आधारित प्रोत्साहन बैदेशिक भ्रमण), अनुदान, तालिमप्रणाली विकास गर्न पहल गर्ने (।

समुह — २

किसान अधिकार बारे नेपाल सरकार मौजुदा नीति, नियम र नितिगत अपूर्णतामा सुझाव

कर्ण बहादुर बुढा

१. कृषि भूमि, बसोबास भूमि, चरिचरण भूमिलाई संरक्षण गर्न भूउपयोग नीतिको प्रभावकारी कार्यान्वयन - गरिनु पर्ने ।

२. कृषि उपजको न्यूनतम सर्मथन मूल्य तोक्ने अधिकार किसानलाई दिइनु पर्ने ।

३. कृषि उपज निर्यात गर्दा भन्सारमा सहज रुपमा निर्यात गर्न प्रभावकारी नियम बनाइनु पर्ने ।

४. आन्तरिक खपत हुन नसकेका उत्पादित बस्तुको बाह्य बजारिकरणको व्यवस्था गरिनु पर्ने ।

५. वास्तविक किसानको पहिचान गरि सेवा सुविधाको प्रत्याभूति गर्ने नीति ल्याउनु पर्ने ।

६. पशुपालन नीति तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्ने ।

७. पशु स्वास्थ्य ता रोग नियन्त्रण नीति तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गिरनु पर्ने ।

८. स्थानिय तहमा निशुल्क माटो परिक्षणको व्यवस्था गरिनु पर्ने ।

९. जमिनको वर्गिकरण गरि उत्पादनको लागि सिफारिस गरिनु पर्ने ।

१०. कबुलियति वनको माध्यमवाट पशु पालक किसानको लागि नीतिगत व्यवस्था गरिनु पर्ने ।

११. कृषिमा आधारित किसानलाई विना शर्त किसान परिचयपत्र प्रदान गरिने व्यवस्था गरिनु पर्ने ।

१२. वास्तविक किसानको वर्गिकरण गरी ऋण तथा प्राविधिक सेवा उपलव्ध गर्ने नीति बनाइनुका साथै कार्यान्वयनमा ल्याइनु पर्ने ।

१३. स्थानिय तहमा कोल्ड सेन्टर "पशु अस्पताल" अनिवार्य व्यवस्था गरिनु पर्ने ।

१४. भूगोल अनुसारको जातको सिफारिस गरी उपलव्ध गरिनु पर्ने ।

१५. पशु प्रजनन नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।

१६. प्राङ्गरिक कृषि उत्पादनका लागि नीति गर्ने व्यवस्था गरिनु पर्ने ।

१७. कृषि विमाको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।

समुह — ३

<u>किसान अधिकारको सवालमा संघ संगठनहरूको भूमिका</u>

पदमा खड्का

१. अनुसन्धानमुलक कृषि जानकारीको लागि प्रभावकारी संचारको व्यवस्था गर्ने ।

२. वास्तविक किसानको पहिचान गरी अधिकारको सुनिश्चितता गर्ने ।

३. उत्पादित बस्तु तथा सेवालाई सहज रुपमा बजारिकरणको व्यवस्थाको पहल गर्ने ।

४. वास्तविक किसानको जिवनस्तर उठाउन कृषिमा व्यवसायीकरण गरिनु पर्छ ।

५. कृषिलाई सहकारीकरण गरिनु पर्दछ र औद्योगिकरण गर्नु पर्दछ ।

६. बजार ऐन र करार खेती ऐन कडाइका साथ लागु गर्ने ।

७. राष्ट्रिय किसान आयोगलाई सवैधानिक आयोग बनाउनको लागि दबाबमूलक कार्यक्रम गर्ने ।

८. हाल जननिर्वाचित प्रतिनिधिलाई कृषि सम्बन्धी उचित राय तथा सल्लाह सुझाव दिने ।

९. लक्षित बर्गको पहिचान गरी कृषि जनचेतना कार्यक्रम गर्ने ।

१०. कृषिलाई नै व्यवसायिक बनाउन चाहाने शिक्षित युवाहरुलाई उचित मार्गदर्शन तथा उत्प्रेरणा प्रदान गर्ने

११. राज्यको तर्फवाट कृषकलाई निशुल्क **"कृषि विमा"** को व्यवस्था गर्न पहल गर्ने ।

१२. निर्वाहमूखी किसानलाई व्यवसायिक बनाउन राज्यसँग पहल गर्ने ।

१३. बैज्ञानिक कृषि प्रणालीको अवलम्बन गर्न पहल गर्ने ।

१४. प्रत्येक स्थानिय तहमा **"कृषि विज्ञ"** को व्यवस्था गर्न पहल गर्ने ।

मन्तव्य

<u>पुष्पा घर्ती</u>

- कृषि विकासका कार्यक्रम कार्यन्वयनमा कृषक र प्रविधिको तालमेलको अभाव रहेको र यसको समाधानको लागी कृषि प्राविधिकको अहम भूमिका आवश्यक रहेको
- विज्ञ सेवालाई व्यवहारिक बनाउनु पर्ने
- खाद्य अभाव रहेको यस क्षेत्रमा उत्पादन लागतको आधारमा उत्पादन बढाउन जोड दिनुपर्ने कार्यक्रम बनाईनुपर्ने

<u>श्री छविलाल पौडेल</u>

- किसान सहभागी हुने कार्यक्रममा किसानले सम्मान पाउनु पर्ने
- विकट क्षेत्रमा पुर्वाधारको अभाव रहेकोले प्रविधि विकासमा जोड दिनुपर्ने

उदय चन्द्र ठाकुर–सदस्य राष्ट्रिय किसान आयोग

कृषि मुलश्य जीवनम् नारालाई सार्थक बनाउन र धेरै कृषि सम्बद्ध नीति भएता पनि थोरै कार्यान्वयनमा रहेको हुँदा कृषक कल्याणकारी कामकोलागि र समय औचित्य नीति नियम मा सहजीकरण गरी कृषि क्रान्तीमा भूमिका निर्वाह गर्न यस आयोगको आफ्नो लक्ष्य रहेको हुँदा कुनै प्रकारले विचलित नभई किसानको हकहित, मानजस्ता अधिकारलाई सुरक्षित संरक्षण सम्मान पाउन/, प्रवर्द्धन र उपयोगमा जोड दिई आर्थिक अभिवृद्धि गराउने गरी सचेतनात्मक कार्यक्रमहरु गर्ने जानकारी गराउदै सवै सहभागीहरुलाइ धन्यवाद दिनुभयो ।

अन्तमा गोष्ठीमा अध्यक्ष एवं राष्ट्रिय किसान आयोगका सदस्य बसन्ती घिमिरेज्यूवाट किसान अधिकार र किसान कल्याणका कार्यक्रम प्रवर्द्धनमा आयोगले अहम भूमिका खेल्ने साथै प्राप्त सुझावहरुको संकलन र टिप्पणी एवमं विश्लेषण गरी सम्बन्धी नीति निकायहरु मार्फत कार्यान्वयन गराउने प्रतिवद्धता सहित गोष्ठिको समापन गरीयो ।

गोष्ठिमा सहभागीको नामावली

क्र.सं.	नाम थर	पद	कार्यालय
१	चित्र बहादुर श्रेष्ठ	अध्यक्ष	राष्ट्रिय किसान आयोग
२	भानुभक्त सिग्देल	सदस्य	राष्ट्रिय किसान आयोग
३	उदयचन्द्र ठाकुर	सदस्य	राष्ट्रिय किसान आयोग
४	बसन्ती घिमिरे	सदस्य	राष्ट्रिय किसान आयोग
५	मिना तामाङ्ग	सदस्य	राष्ट्रिय किसान आयोग
६	रविन्द्र के.सी.	सदस्य	राष्ट्रिय किसान आयोग
७	मदन थापा	सदस्य सचिव	राष्ट्रिय किसान आयोग
८	निर्मल रेग्मी	कृषि अधिकृत	राष्ट्रिय किसान आयोग
९	खुम बहादुर घर्ती	ना.सु.	राष्ट्रिय किसान आयोग
१०	दिपेन्द्र कुँवर	क.अ.	राष्ट्रिय किसान आयोग
११	अमर राज शर्मा	व.अ.वि.कृ.	जि सल्यान .का.वि.कृ.
१२	प्रेम देव गिरी	कृ.अ.प्र.	जि सुर्खेत .का.वि.कृ.
१३	बासु देव काफ्ले	व.वि.अ.कृ.	कृषि विकास मन्त्रालय
१४	टिकाराम खनाल	ले.अ.	जि सुर्खेत.स.वि.
१५	सुमिन्द्र यादव	व.अ.वि.प.	जिजाजरकोट .का.से.प.
१६	शुशिल के.सी.	व.अ.वि.प.	जि सुर्खेत .का.से.प.
१७	हेम प्रसाद अधिकारी	व.अ.कृ.	PMAMP, सुर्खेत
१८	छविलाल पौडेल	कृषि विज्ञ	PMAMP
१९	पदम बहादुर सुवेदी	कृषि अधिकृत	PMAMP
२०	डा माधव प्रसाद अर्याल .	व.अ.वि.प.	जि जुम्ला .का.से.प.
२१	डाशितल वावु श्रेष्ठ .	व.चि.प.	जिदैलेख .का.से.प.
२२	डा ब्रज किशोर ठाकुर .	नि.चि.प.व.	जिकालिकोट .का.से.प.
२३	नहेन्द्र खड्का	केन्द्रिय ससदस्य.	राष्ट्रिय किसान संजाल
२४	डाकिसन लाल भट्ट .	क्षेत्रीय नि.	क्षेसुर्खेत .नि.से.प.
२५	डाकृष्ण राज पाण्डे .	व.चि.प.	क्षे सुर्खेत .प्र.अ.रो.प.
२६	गणेश कुमार के.सी.	तरकारी विकास अधिकृत	शितोष्ण तरकारी वी डोल्पा .के.उ.
२७	डा वाल कुमार श्रेष्ठ .	व.अ.वि.प.	जिसल्यान .का.से.प.
२८	महेन्द्र तिवारी	क्षेसंजाल.	वर्दिया
२९	श्याम प्रसाद पौडेल	सहसचिव	पशुपंक्षी विकास मन्त्रालय
३०	शिननारायण चौधरी	क्षे.नि.	क्षे.नि.कृ.
३१	महादेव पन्थ	प्र.अ.जि.	जिसुर्खेत .प्रशासन का.
३२	देव कुमार सुवेदी	नगर प्रमुख	विसुर्खेत .पा.न.न.
३३	बेचुलाल चौधरी	प.अ.वि.	क्षेसुर्खेत .का.से.प.
३४	कमलराज रेग्मी	सभापति	नेपाली काग्रेस, सुर्खेत
३५	कृष्ण बहादुर कार्की	व.अ.वि.प.	जिरुकुम .का.से.प.
३६	रमेश चन्द्र सुवेदी	व.अ.वि.कृ.	जिदैलेख .का.वि.कृ.
३७	राजेन्द्र प्रसाद भारी	प्रमुख	HVAP सुर्खेत

३८	राम प्रसाद पुलामी	सेविज्ञ .सु.व.	HVAP सुर्खेत
३९	हित प्रसाद पौडेल	प्र.अ.	जि प्रशासन कार्यालय.
४०	डा चन्द्र प्रसाद रिजाल .	व.अ.वि.कृ.	जिहुम्ला .का.वि.कृ.
४१	डा विजय प्रकाश चौधरी .	प.चि.	जिहुम्ला .का.से.प.
४२	कृष्ण आचार्य	News Chief	बुलबुले F.M.
४३	कमलेश रिमाल	का.स.	सुर्खेत PRIST
४४	सिता शाही	कोष अध्यक्ष	कालिकोट
४५	ज्ञान बहादुर खान ठकुरी	ह.चा.स.	सल्यान
४६	टेकनाथ पौडेल	ह.चा.स.	क्षे.नि.कृ.
४७	अर्जुन कुमार वुढामगर	किसान	सुर्खेत
४८	प्रभा प्रसाद थानी	किसान सं अध्यक्ष .	सुर्खेत
४९	काली बहादुर शाही	किसान जुम्ला अध्यक्ष	जुम्ला
५०	मिन बहादुर शाही	किसान स.	जुम्ला
५१	बेगम बहादुर शाही	किसान संसचिव .	कालिकोट
५२	कुम्मराज बम	किसान संघ अध्यक्ष	कालिकोट
५३	हर्क बहादुर खत्री	किसान संघ प्रतिनिधि	सुर्खेत
५४	उब्जन शाही	किसान संघ स.	मुगु
५५	पार्वती शाही	किसान संघ स. कोषाध्यक्ष	मुगु
५६	सिता कुमार बली	संवाददाता	सेरोफेरो, सुर्खेत
५७	कल्पना कार्की	संवाददाता	दिग्दर्शन, सुर्खेत
५८	पूर्ण बहादुर खड्का	संवादाता	युग आव्हान दैनिक, सुर्खेत
५९	प्रकाश पन्त	संवाददाता	उज्यालो एफएम.
६०	ईश्वर अधिकारी	कासम्पादक .	काक्रेविहार
६१	उमानाथ पौडेल	किसान संघ	रुकुम
६२	चिन्तामणी पौडेल	किसान संघ	रुकुम
६३	पुष्पा घर्ती विष्ट	किसान संघ	सुर्खेत
६४	उमेश कुमार पौडेल	किसान प्रतिनिधि	सुर्खेत
६५	सिता परियार	किसान प्रतिनिधि	सुर्खेत
६६	लक्ष्मी भण्डारी	संवाददाता	हाम्रो अखवार दैनिक, सुर्खेत
६७	विक फडेरा	किसान प्रतिनिधि	हुम्ला
६८	चन्द्र सिंह कार्की	किसान प्रतिनिधि	हुम्ला
६९	दान सिंह सुनार	सहकारी प्रतिनिधि	सुर्खेत
७०	बीर बहादुर बुढा	किसान प्रतिनिधि	सल्यान
७१	माधब पोखेल	किसान प्रतिनिधि	सुर्खेत
७२	रेशम जि .सी.	किसान प्रतिनिधि	सुर्खेत
७३	टेक बहादुर गिरी	किसान प्रतिनिधि	रुकुम
७४	धर्मशिला बस्नेत	किसान	जाजरकोट
७५	वीर बहादुर बस्नेत	किसान	जाजरकोट
७६	निर्मला बस्नेत	किसान	रुकुम
७७	चन्द्रा ढकाल	किसान	सुर्खेत

७८	डिल कुमारी थापा	किसान	सुर्खेत
७९	सवित्य जि .सी.	संवाददाता	सुर्खेत
८०	तारा किशोर धमला	किसान	दैलेख
८१	मन कुमार चन्द	किसान	दैलेख
८२	कासी राम थापा	किसान	दैलेख
८३	सुर्य बहादुर खत्री	किसान	सुर्खेत
८४	निर्मला सत्याल	किसान	कालीकोट
८५	रन्ना न्यौपाने	किसान	कालीकोट
८६	खगेन्द्र प्रसाद थानी	किसान	सुर्खेत
८७	पुष्पराज न्यौपाने	किसान	कालीकोट
८८	बालऋषि न्यौपाने	पार्टी प्रतिनिधि	कालीकोट
८९	देविराम थापा	किसान प्रतिनिधि	सुर्खेत
९०	वालराम पौडेल	किसान प्रतिनिधि	सुर्खेत
९१	गिता थापा	संवाददाता	सुर्खेत
९२	निल विक्रम बम	सदस्य	कालीकोट
९३	हरि प्रसाद अधिकारी	सचिव	रामहासंघ.उ.जल.सि.
९४	निरक वली	सचिव	रामहासंघ.उ.जल.सि.
९५	शशी राम आचार्य	सदस्य	सुर्खेत रा.सं.कि.
९६	नयाँराम थापा	रा.सं.कि.	दैलेख
९७	खड्क विखडा		वाखा पालक कृषक, सुर्खेत
९८	कृष्ण बहादुर जि.सी.	संयोजक मा. केन्द्र	सुर्खेत
९९	काशिचन्द्र बराल	प्रमुख	रासकोट न.पा.
१००	कर्ण बहादुर वुढा	कि. संप्रतिनिधि .	सुर्खेत
१०१	धनमाया न्यौपाने	किसान प्रतिनिधि	सुर्खेत
१०२	माया देवी हमाल	किसान	जुम्ला
१०३	यज्ञ खत्री	पत्रकार	AI Media, सुर्खेत
१०४	प्रकाश अधिकारी	पत्रकार	कान्तिपुर, सुर्खेत
१०५	डिल प्रसाद शर्मा	पत्रकार	कान्केविहार, सुर्खेत
१०६	शेर बहादुर थापा	पत्रकार	Sky News
१०७	चाँदनी के .सी.	पत्रकार	प्रदेश एफएम नेटवर्क
१०८	नानी कोइराला	किसान	जुम्ला
१०९	लक्ष्य बहादुर सुनार	पत्रकार	हाम्रो नयाँ नेपाल दैनिक
११०	नविन कुमारी शाही	पत्रकार	A One Media
१११	प्रदिप भारती	पत्रकार	सुर्खेत
११२	चाँदनी हमाल	किसान	सुर्खेत
११३	गणेश कन्चन आत्मी	पत्रकार	सुर्खेत
११४	खड्ग बहादुर सेजुवाल	अध्यक्ष	जुम्ला
११५	धनश्याम थापा		जुम्ला
११६	पदमा खड्का		सुर्खेत
११७	सुशिल खड्का	पश्चिम नेपाल डटकम	सुर्खेत

११८	दिपकजंग शाही	समाचार प्रमुख	रेडियो सुर्खेत
११९	हरि रावत	किसान	कालीकोट
१२०	तुल्सी परियार	किसान	सिर्जनसिल, सुर्खेत
१२१	सरिता गैरे	किसान	सिर्जनसिल, सुर्खेत
१२२	दिपक वुढा	सम्वाददाता	राजधानी दैनिक, सुर्खेत
१२३	लक्ष्मी प्रसाद गौतम	अध्यक्ष	कृषि संघ, सुर्खेत
१२४	पदम दाहाल	संचालक	रासहकारी संघ ., सुर्खेत
१२५	हुम वहादुर थापा	अध्यक्ष	रासहकारी संघ ., कालीकोट
१२६	प्रेम बहादुर थापा	अध्यक्ष	किसान संघ, दैलेख
१२७	पवन बराल	सदस्य	हिमचुली कृषि सहकारी सस्था, कालिकोट
१२८	मोहन सिंह वडुवाल	सचिव	नेएमाले .पा.क., सुर्खेत
१२९	माधव हाडा मगर	क्यामेरामेन	सुनगाभा टि.भी., सुर्खेत
१३०	डिलु रावत	सम्वाददाता	रेडियो भेरी, सुर्खेत
१३१	धन बहादुर वि.क.	ह .चा .स .	सल्यान
१३२	दिपक बोहोरा	ह .चा .स .	रुकुम
१३३	राम बहादुर थापामगर	ह .चा .स .	सुर्खेत
१३४	नन्दा कृष्ण न्यौपाने	किसान	कालीकोट
१३५	आई सिंह रोकामगर	पत्रकार	सुर्खेत

अनुसूची -४

"कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी" सम्बन्धी अन्तरक्रियात्मक गोष्ठीको प्रतिवेदन (२०७४-०३-२२, काठमाडौं)

u] 7 L s] ; / + z

कृषि क्षेत्रलाई राज्यले अर्थतन्त्रको मुख्य क्षेत्रका रुपमा लिएको भए पनि सबैभन्दा पछाडि परेको क्षेत्रका रुपमा रहेको छ । कृषि क्षेत्रमा आधुनिकिकरण तथा व्यवसायीकरणको चर्चा भइ रहन्छन तर त्यो अभ्यास भने विरलै देखिन्छ । राज्यले स्पष्ट खाका तयार गरी यसका लागि योजना तर्जुमा गर्नु पर्ने महत्व देखेर नै राष्ट्रिय किसान आयोगले यो गोष्ठीको आयोजना गरेको छ । कृषि क्षेत्रको विकासका लागि वैदेशिक लगानीको सम्भावना र चुनौतीको विषयमा भएको गोष्ठी निकै फलदायी, महत्वपूर्ण र समय सान्दर्भिक रहन गयो। अब नयाँ नयाँ प्रविधि अवलम्बन गर्दै सामुहिक तथा व्यवसायिक रुपमा कृषी क्षेत्रलाई अगाडी नबढाए सम्म यसको आमुल परिवर्तन सम्भव नभएकाले नै यसका लागि आवश्यक विचार विमर्श गरी आयोगले भावी रणनीति, योजना र आगामी कार्यदिशा अवलम्वन गरी स्पष्ट गरी एउटा दस्ताबेज निर्माण खोजेको छ । आयोगले सहकारी मोडेल, सामुहिक मोडेल, वैदेशिक लगानी भित्राएर नेपालको कृषि क्षेत्रको परिवर्तन गर्न सकिने हो कि भन्ने विषयमा व्यापक चर्चा चलाइएको छ। कृषि सिंचाई कृषि ऋण, कृषि भूमि, कृषि सडकजस्ता कुरामा सरकारको ध्यान जानु पर्ने देखिन्छ । जसले गर्दा कृषिमा आमुल परिवर्तन सम्भव छ । राज्यले अहिले सम्म ३२ प्रतिशत खेती योग्य जमिनमा सिंचाई पुयाउनका लागि वैदेशिक लगानीको भूमिका रहन सक्छ । यस्तै सन्दर्भका लागि यो गोष्ठी आयोजना गरिएको हो । जसले नयाँ विचार नयाँ योजना बनाउनका लागि भूमिका खेलेको छ । यसलाई कार्यान्वयनमा ल्याउनका लागि सबैले होस्टेमा हैसे गरेर अगाडी बढेको खण्डमा नेपालको कृषि क्षेत्रमा आमुल परिर्वतन गर्नको लागि केहि दशकमा नै परिर्वतन ल्याउन सकिने विश्वास लिन सकिन्छ ।

राष्ट्रिय किसान आयोगले आयोजना गरेको कृषिमा प्रत्यक्ष वैदेशिक लगानी विषयक गोष्ठीमापूर्वप्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपालीकांग्रेसका महामन्त्री शशांक कोइराला र नेकपा एमालेका नेता केशव बडालले राष्ट्रिय हित, किसानको सम्मान र मौलिक पहिचानमा आँच आउने गरी वैदेशिकलगानी भित्र्याउन नहुने बताउनुभयो ।कृषिजन्य वस्तुको प्रशोधन, कृषि उद्योग, बजारीकरण, भौतिक पूर्वाधार निर्माण, सिँचाइ परियोजना, कृषि सेवालगायतकाक्षेत्रमा एफडीआई भित्र्याउन सुझाव दिए पनि अहिले यस्ता क्षेत्रमा लगानीभित्र्याउने समय पनि आइनसकेको निष्कर्ष निकालिएको छ । कृषिमा वैदेशिक लगानीभित्र्याएको खण्डमा नेपाली साना किसानको पेसा गुम्नुका साथै किसानको जग्गावैदेशिक कम्पनीको हातमा पर्ने र अन्त्यमा किसान बेरोजगार हुने सुझावपूर्वप्रधानमन्त्री दाहालले दिनुभयो । यस्ता लगानी भित्रिँदा कम्पनीलेउत्पादन क्षेत्रमा एकाधिकार कायम गर्ने र स्वदेशी पुँजी तथा उद्योग धराशायीहुने विचार व्यक्त भयो ।

कृषिउद्योग र प्रशोधनलगायत क्षेत्रमा लगानी भित्र्याउने व्यवस्था भए पनिनेपालमा अहिले त्यसको आवश्यक नभएको भन्दै राज्यले निर्दिस्ट गरेका शर्त रनीतिभित्र रहेर मात्रै लगानी भित्र्याउनु पर्नेविचार

बक्ताहरुले राख्नुभएको थियो। विनियोजित पुँजीगत बजेट खर्चहुन नसकेको अवस्थामा वैदेशिक लगानीको आवश्यकता नरहेको भन्दै पहिले विनियोजित बजेट खर्च हुने अवस्था ल्याउनुपर्ने, जग्गाकोउपयोगिताका आधारमा भूमिको वर्गीकरण हुनुपर्ने, कृषि सडक, सिँचाइ, बजारीकरणलगायत क्षेत्रको विकास भएको अवस्थामा मात्रै कडा कानुन बनाएरवैदेशिक लगानी भित्र्याउनु पर्ने सुझाव दिइएको थियो। वक्ताहरुलेताल्चा, साँचो बुझाएर आँखा चिम्लेरलगानी भित्र्याउने हो भने एक दिन नेपाली उनीहरूको दास बन्न बाध्य हुनुपर्नेधारणा राख्नुभयो ।

राजनीतिक द्वन्द्वका कारण नेपालको कृषिक्षेत्रपछि परेको स्वीकार गर्दै नेपाली कांग्रेसका महामन्त्री शशांककोइरालाले वहुराष्ट्रिय कम्पनीको दास बनाउने उद्देश्यले कुनै पनि बहानामाकृषिमा वैदेशिक लगानी भित्र्याउन नपाइने बताउनुभयो । कोइरालाले पछिल्लोसमयमा नेपालमा भित्रँदै गरेको वैदेशिक लगानीबारे सूक्ष्मरूपमा अनुगमन गर्नुपर्ने समय आएको बताउनुभयो । 'कृषिको प्राथमिक उत्पादन तहमा वैदेशिकलगानी भित्र्याउन नदिने विषयमा हामी सबै राजनीतिक दलको एउटै धारणा छ', कोइरालाले भन्नुभयो, 'प्रशोधन, उद्योग तथा भौतिक पूर्वाधारमा लगानी गर्नेभनिए पनि निकै सचेत भएर बन्देज राखेर मात्रै लगानी भित्र्याउनुपर्छ ।'

'नेपालको कृषिको प्राथमिक तहमालगानी ल्याउनु हुदैन र कृषिजन्य वस्तुको प्रशोधन, उद्योग र भौतिकपूर्वाधारमा लगानी भित्र्याउने व्यवस्था भए पनि पर्याप्त उत्पादन नहुनेअवस्थामा यस्ता क्षेत्रमा लगानी भित्र्याउनुको अर्थ नहुने धारण व्यक्त गरिएको थियो। कृषि र पशुपन्छी जन्य केही वस्तुमा आत्मनिर्भर भएको मुलुकमावैदेशिक लगानी भित्र्याएर त्यस्ता क्षेत्रलाई धराशायी बनाउन नहुने सुझाव दिनुभयो ।

कार्यपत्र प्रस्तुतकर्ताहरुले वैदेशिक लगानी भित्र्याएका कारण पिछडिएका राष्ट्र विस्तारैविकासोन्मुख राष्ट्रतर्फ उन्मुख भएकाले नेपालमा पनि लगानी भित्र्याउनुपर्नेविचार प्रस्तुत गर्नुभएको थियो ।कृषिमा वैदेशिक लगानी भित्र्याउँदा प्राकृतिक स्रोतमा हस्तक्षेप बढ्नुकासाथै ग्रामीण भेगबाट कृषि मजदुर विस्थापित भएर बसाइँसराइको खतरा, स्रोतमाथिको पहुँच र नियन्त्रण गुमाउने अवस्था आउने जानकारी दिनुभयो

अधिकांस वक्ता तथा टिप्पणीकारको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भन्दा पनि यसका पुरक क्षेत्रमा जस्तै सिंचाई, प्रवर्द्धन र प्रशोधन जस्ता क्षेत्रमा लगानी भित्राउन सकिने तर्क राखिएको थियो । कुखुरा पालन, दुग्ध उत्पादन, मौरीपालन जस्ता क्षेत्रमा वैदेशिक लगानी भित्राउन नहुने सुझाव आएको थियो । कतिपयले अन्य देशको मोडेललाई अध्ययन गरेर राज्यले कृषि क्षेत्रको लगानीलाई बृद्धि गर्दै युवालाई कृषि उद्यमी बनाउनु पर्नेमा समेत जोड दिए । सामुहिक खेतीको अवधारणा मार्फत स्वदेशी लगानीबाटै पनि कृषिमा परिवर्तनको सम्भावना रहेको समेत तर्क प्रस्तुत भए ।

कार्यक्रम तालीका

क्र.सं	समय	कार्यक्रम	सहजकर्ता
उद्घाटन सत्र	८;००–९;००	रजिष्ट्रेसन र ब्रेकफास्ट	खुम बहादुर घर्ती, दिपेन्द्र कुंवर
	९–९;३०	**आसन ग्रहण**	
	९–९:३०	सभापतिः मा. चित्रबहादुर श्रेष्ठ, रा.कि.आयोग	
		प्रमुख अतिथिः मा. पुष्पकमल दाहाल	
		बिशिष्ठ अतिथिहरुःमा. शशांक कोइराला	
		अतिथिहरु, Panelist, **कार्यपत्र पस्तोता**	
		सहभागिहरुतथा संचारकर्मी मित्रहरु	
		गोष्ठी उद्घाटनः प्रमुख अतिथिज्यू, बिरुवामा पानी राखेर राष्ट्रिय गान बजाउने	
	९;३०–९;३५	स्वागत तथा गोष्ठिको उद्येश्य माथि प्रकाश	भानुभक्त सिग्देल,रा.कि.आ.
	९;४०–१०;१०	Investment Climate, FDI and Opportunities in Nepal	प्रदिपकुमार कोइराला, सह सचिव, उद्योग मन्त्रालय
	१०;१०–१०;४०	कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी सम्भावना र चुनौती	डा.प्रेम दंगाल, उपाध्यक्ष, युवा स्वरोजगार कोष
	१०:४०–११:३०	**अतिथिज्यूहरुबाट मन्तव्य र सुझावहरु**	
		श्री ईश्वर प्रसाद रिजाल, नि.कृषि सचिव	
		डा.मिन बहादुर श्रेष्ठ,उपाध्यक्ष, रा.यो,आ.	
		मा. केशव बडाल,अध्यक्ष, रा.सहकारी महासंघ	
		मा. शशांक कोईराला,महामन्त्री, नेपाली कांग्रेस	
		मा. पुष्प कमल दाहाल, अध्यक्ष, ने.क.पा. माओवादी केन्द्र	
प्राविधिक सत्र	११;३०–१२:३०	लन्च ब्रेक	सहभागि सबै
	१२;३०–१:००	Foreign Direct Investment in Agriculture: Analysis from Policy Prospective	इन्द्रहरी पौडेल, उप सचिव, कृ.वि.म.
	१–१:३०	FDI on Agriculture: Current Status, Opportunities and Challenges	डा.चन्द्र पोखरेल, त्रि.वि.
	१:३०–२;२०	Comments from Panelist	चार जना
	२:२०–३;००	**सबै कार्यपत्रहरु माथि सुझाव र छलफल**	
	३:००–३;३०	**मन्तव्य सहित गोष्ठी समापन, गोष्ठी सभापतिज्यू**	
	३:३०–४;००	Hi tea	

“कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी” सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी

नेपाल कृषि प्रधान देश भएपनि परम्परागत कृषि पेशालाई नै अगालेका कारण हामी कृषि उत्पादनमा समेत आत्मनिर्भर हुन सकेका छैनौं । देशको कुन जनसख्याको करिब ६५ प्रतिशत जनता कृषिमा आश्रित छ तर यस क्षेत्रलाई आधुनिकिकरण र व्यवसायिकरण र नयाँ प्रविधिसँग जोड्न सकिएको छैन । यसै सन्दर्भलाई ध्यानमा राखेर नेपाल सरकारले राष्ट्रिय किसान आयोग गठन गरेर कृषि क्षेत्रलाई आधुनिकिकरण र व्यवसायीकरण गर्ने लक्ष्य लिएको छ । नेपालको आर्थिक विकासका लागि पनि कृषि क्षेत्रमा आमुल परिवर्तनको आवश्यकता छ । देशको युवापिढी खाडी मुलुकमा सस्तोमा श्रम बेच्न बाध्य भइरहेको सन्दर्भमा पनि नेपालको कृषि क्षेत्रलाई रेजगारीमूलक बनाउदै कृषि उत्पादनमा आत्मनिर्भर बन्नुपर्ने अवस्था छ र यसको लागी लगानी तथा लगानी मैत्री वातावरणको आवश्यक पर्दछ ।

प्रत्यक्ष बैदेशिक लगानी मुलुकको आर्थिक सम्बृद्धिको संबाहकको रुपमा लिने गरिन्छ । एक मुलुकको नीजि क्षेत्रबाट अर्को मुलुकको आर्थिक क्षेत्रमा नाफा हासिल गर्ने मुल उद्धेश्य लिई लगानी गरिन्छ । यस्ता लगानी अर्थशास्त्रीय क्षेत्रमा सामान्यतय सकारात्मक रुपमा नै ब्याख्या गर्ने गरिन्छ । तथापी सबै विषयहरुमा एउटै मान्यता पाउन सकिन्न । मुलुकको आ आफ्नो सामाजीक आर्थिक विकासका चरणहरुका अबस्था, समाजका मूल्य मान्यता, चालु कानुनी ब्यबस्थाका आधारहरुले पनि प्रत्यक्ष बैदेशिक लगानी लाई प्रभाव पारिरहको हुन्छ । नेपालको हकमा मूलत कृषि क्षेत्रमा यस्ताय लगानीका विषयमा लामो समयदेखी नै छलफलका विषयह रहँदै आएकोले किसान आयोगले मिति २०७४।०३।२२ मा विज्ञ तथा सरोकारवालाको सहभागीतामा एक दिने विचार गोष्ठी सम्मन्न गरेको छ ।

अर्थशास्त्रीय विधामा प्रत्यक्ष बैदेशिक लगानीलाई मूलत सकारात्मक रुपमा नै ब्याख्या गर्ने गरिएको हुन्छ । यसले पूँजीको उपलब्धतालाई सुनिश्चिता गरी थप रोजगारी श्रृजना गर्ने, प्रविधि भित्र्याउने,र स्थानीय र बाह्य फर्महरु वीच एकिकरणका लागी सहयोग पुर्याउने गर्दछ । जस्ले गर्दा समष्टीमा प्रत्यक्ष बैदेशिक लगानी भित्राएको मुलुकको अर्थिक विकासमा सहयोग पुग्दछ । माथी उल्लेख गरिएका सवल पक्षलाई चुनौति दिंदै यसका दुर्वल पक्षको पनि चर्चा हुँदै आएको छ । यसै पक्ष र विपक्षका विषयरुमा थप अन्तरक्रिया होस भन्ने यस गोष्ठीको उद्धेश्य रहेको छ । आन्तरिक कृषि वजार बैदेशिक फर्मका लागी खुल्ला गर्ने , नगर्ने , खुल्ला गरे कुन कुन स्तर सम्म खोल्ने विषयले गोष्ठीले यसको महत्व राखेको छ । अझ समय सन्दर्भमा विचनर गर्दा संसदमा नै यस विषयले प्रबेष पाउन लागेको परिप्रेक्ष्यमा यो कार्यक्रमको सान्दर्भिकता बढेको छ ।

प्रत्यक्ष बैदेशिक लगानी मुलुकले आह्वन गर्दैमा प्राप्त भैहाल्ने विषय भने होइन । लगानीका लागी आवश्यक भौतिक, सामाजिक, वित्तीय तथा अन्य कानुनी आधार र नाफाको संभावनाले निर्यणमा महत्व राख्दछन् । आन्तरीक खपतको वजारको अबस्था, निकासी वजारको संभाब्यता, अध्यागमन सुविधा, बैदेशिक मुद्रा कारोबारमा रहेको सुविधा, शान्तिसुरक्षा, भन्सार तथा कर प्रशाासनको पारदर्शिता तथा कार्यक्षमता, उर्जा उपल्ब्धताको अवस्था आदी विषयहरुको निर्णायक बिषयहरु हुन् ।

Agriculture Development Strategy 2015-30 लगायतका नीति लगाएतका अन्य नीतिहरुले कृषि क्षेत्रमा यस प्रकारका लगानीलाई ब्यबस्थीत गर्न प्रयास गरेको भएता पनि समयसामयिक लगानी राष्ट्रिय नीति खाँचो महशुस गरी यो कार्यक्रम आयोजना गरिएको हो ।जुन गोष्ठीमा ठूला दलका नेताहरुसहित नीति निर्माण तहमा सक्रिय भूमिका खेल्ने व्यक्तित्वहरु सहित विभिन्न कृषि विज्ञ, बैज्ञानिक तथा कृषि क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको महत्वपूर्ण उपस्थिति रहेको थियो । जसले गर्दा यो गोष्ठीबाट निस्केको विचारहरु आगामी दिनमा नीति निर्माताहरुलाई थप नीति निर्माण र योजना तय गर्नका लागि भूमिका खेल्ने विश्वास राष्ट्रिय किसान आयोगले लिएको छ ।

उद्धेश्य

कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी विषयक विचार गोष्ठीको उद्धेश्य देहाय बमोजिमको रहेको थियो ।

१. कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी बारे राजनैतिक नेतृत्व, विषय विज्ञ, कृषि पेशा र व्यवसायमा आवद्ध किसान व्यवसायीहरुका सुझाव संकलन गर्ने ।

२. कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी गर्दा त्यसबाट पर्ने प्रभावको विषयमा नीति निर्माण गर्नु अघि नै व्यापक छलफल र अध्ययन गर्ने ।

३. कृषिका प्राथमिक क्षेत्रमा वैदेशिक लगानी भित्राउँदा कृषि उत्पादनको क्षेत्रमा किसानहरुले कस्तो चुनौतीको सामना गर्नुपर्छ भन्ने विषयमा आम किसान र व्यवसायीहरुलाई जानकारी गराउने ।

४. नीति निर्माणको तहमा सरकारलाई सहयोग पुयाउन सझाव दिन सहयोग गर्ने ।

गोष्ठीमा सहभागीता

कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी विषयक विचार गोष्ठी कार्यक्रममा करिब २ सय जनाको उपस्थिति रहेको थियो । राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ,पूर्व प्रधानमन्धी तथा मन्त्रीहरु , संस्था र संजालका जिम्मेवार पदाधिकारी/कृषि क्षेत्रमा सक्रिय संघ ,सहकारी अभियन्ताहरु, कृषि बैज्ञानिक, कृषि विकास मन्त्रालय, कृषि विभागका प्रतिनिधि, पशुपंक्षी तथा पशपंक्षी विकास मन्त्रालय, सहकारीकर्मीहरु व्यवसायिक तथा विभिन्न कृषिसँग सम्बन्धित संघसस्थाका प्रतिनिधिहरुको उपस्थितिमा उक्त कार्यक्रम संचालन गरिएको थियो ।

स्रोत व्यक्तिहरु

- डा. प्रेम दंगाल, उपाध्यष, युवा स्वरोजगार कोष
- श्री प्रदिप कुमार कोइराला, सहसचिव, उद्योग मन्त्रालय
- श्री इन्द्रहरी पौडेल, वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि विकास मन्त्रालय
- प्रा. डा. चन्द्र पोखरेल, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर

उद्घाटन समारोह

यस समारोहको अध्यक्षता राष्ट्रिय किसान आयोगका अध्यक्ष श्री चित्र बहादुर श्रेष्ठले गर्नु भएको थियो । गोष्ठीमा तीनवटै ठुला राजनीतिक दलका वरिष्ठ नेताहरूको उपस्थिति रहेको थियो । प्रमुख अतिथीको रुपमा उपस्थित ने.क.पा. माओवादी केन्द्रका अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री मा. पुष्पकमल दाहालले गोष्ठीको समुद्घाटन गर्नु भएको थियो । सो गोष्ठीमा नेपाली कांग्रेसका महामन्त्री मा. सशांक कोइराला, ने.क.पा. एमालेका नेता तथा सहकारी अभियन्ता मा. केशव बडाल, पूर्व कृषि विकास मन्त्री मा. हरिबोल गजुरेल, राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठ, युवा स्वरोजगार कोषका डा. प्रेम दंगाल, राष्ट्रिय किसान आयोगका पदाधिकारी, सरकारी अधिकारी, किसान प्रतिनिधि, तथा स्वतन्त्र कृषिकर्मीहरूको उपस्थिति रहेको थियो । गोष्ठीमा उपस्थित सबै महत्वपूर्ण व्यक्तिहरूले बिभिन्न भूमिकामा रहेर आआफ्नो मन्तव्य राख्नु भएको थियो । "कृषिमा परिवर्तन र रुपान्तरणको अभियान, अपरिहार्य छ सम्बन्धित सबैको एकीकृत योगदान" भन्ने मूल नाराका साथ किसानको हक अधिकार तथा कल्याणका कुराहरूलाई संस्थागत गर्ने उद्देश्यले नेपाल सरकारको कार्यकारी आदेश अनुसार २०७३ साल फाल्गुण ६ गते यो आयोग गठन भएको जानकारी आयोगका सदस्य सचिव श्री मदन थापाले

गराउनु भएको थियो। प्रमुख अतिथि पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गमलामा राखिएको विरुवामा पानी हालेर गोष्ठीको समुद्घाटन गर्नु भएको थियो । त्यसपछि राष्ट्रिय गान बजाइएको थियो । उद्घाटन पछि राष्ट्रिय किसान आयोगका सदस्य भानुभक्त सिग्देलले स्वागत मन्तव्य राख्नुभयो । उहाँले गोष्ठीमा उपस्थित सबैलाई स्वागत गर्ने तथा गोष्ठीको उद्देश्य माथि प्रकाश पार्ने काम गर्नु भएको थियो। मन्तव्यका क्रममा उहाँले २० वर्षे कृषि विकास रणनीति तयार गर्ने समयमा किसान सञ्जाल मार्फत किसानका कुराहरूलाई लिपीवद्ध गर्ने कार्य भएको स्मरण गर्नु भयो। नीति भएर मात्र नपुग्ने र त्यसको कार्यान्वयन पक्ष सवल हुनु पर्ने भन्दै उहाँले कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीको कुरा ADS बनाउँदै निरुपण भैसकेको विषय भएको जानकारी दिनु भयो। कृषिको Primary production मा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याइने छैन भन्ने कुरा ADS मा प्रष्टसंग लेखिएको छ र कृषि विकास मन्त्रालय यसमा दृढ छ, तर उद्योग मन्त्रालयले कृषि देशको महत्वपूर्ण उद्योग भएकाले यसमा खुल्ला गरिनु पर्छ भन्दै विधेयक संसदमा पुऱ्याएको छ। कृषि श्रमिकलाई Multinational company का गुलाम हुनबाट रोक्न तथा हाम्रा मौलिक सम्पदाको संरक्षण गर्न कृषिको Primary productionमा प्रत्यक्ष वैदेशिक लगानी नल्याउने कुरा गर्नु परेको जानकारी दिनु भयो।

गोष्ठीमा प्रस्तुत भएका कार्यपत्रहरुको सारांश

Investment Climate: FDI and Opportunities in Nepal विषयमा

प्रदिप कुमार कोइरालाबाट कार्यपत्र प्रस्तुती

- नेपालको कूल गार्हस्थ उत्पादन छिमेकी देशहरूको तुलनामा थोरै रहेका विषयबाट आफ्नो प्रस्तुती शुरु गर्नु भएको थियो। नेपालको कूल गार्हस्थ उत्पादन २२ बिलियन अमेरीकी डलर मात्र रहेको छ।
- विकासको क्रममा केही देश पछाडी पर्दै गए भने केही देशले फड्को मारे। बिगतमा विश्व **Aid vs trade**मा बिभाजित थियो। त्यसमध्ये, Aid को पछि लाग्ने देशहरू पछाडी परे भने trade को पछि लाग्नेहरूले उन्नति गरेको पाइन्छ। अब आएर trade ले मात्रै पनि नपुग्ने रहेछ लगानी नै बृद्धि गर्नु पर्ने रहेछ भन्ने महशुश भएकाले देशहरू लगानी बढाउने तिर लागे। त्यसैले विकासशील राष्ट्रमा प्रत्यक्ष वैदेशिक लगानी आउन थाल्यो। हाम्रा छिमेकी देश भारत र चीनमा कूल लगानीको क्रमशः १८% र १७% हिस्सा प्रत्यक्ष वैदेशिक लगानीको रहेको छ।
- नेपाल विकासको क्रममा पछाडी परेको देश भएकाले विकासका थुप्रै सम्भावना छन्। देश आर्थिक सम्वृद्धिमा जानु पर्छ, तर **financial gap** ठूलो भएका कारण हाम्रो आफ्नै लगानीबाट मात्र त्यो खाडल पुर्न सक्ने सम्भावना देखिदैन। त्यसैले, नेपालमा पनि प्रत्यक्ष वैदेशिक लगानी आवश्यक भयो। नेपालमा लगानी बोर्ड, औद्योगिक व्यवसाय प्रवर्द्धन बोर्ड, उद्योग बिभाग जस्ता निकायले यस विषयमा काम गरी राखेका छन्।
- नेपालमा प्रत्यक्ष वैदेशिक लगानीका लागि नीतिगत अस्पष्टता नभए तापनि अरु समस्याहरू छन्। लगानीकर्ताले व्यवसाय गर्न चाहिने जमिन पाउँदैन, सीप भएका श्रमिकको अभाव छ, श्रमिकहरू राजनीतिबाट प्रभावित छन्, र सुशासनको अवस्था कमजोर छ भन्ने कुरा पटक पटक उठ्ने गरेको छ।
- त्यसो हुँदा हुदै पनि SEZ Act मा SEZ भित्र हड्ताल र बिरोध गर्न नपाइने भनिएको छ। प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्र पहिचान गरिएको छ। कृषि प्राथमिकतामा छ, तर FIFTA मा कृषिको Primary Produceमा प्रत्यक्ष लगानी स्वीकार गरिने छैन भनी स्पष्ट गरिएको छ। एचयवभअत bank बनाइएको छ जसमा ८ वटा प्रोजेक्ट रहेका छन्। त्यसमध्ये Chemical Fertilizer Plant स्थापना एक हो। २१ वटा feasibility studies गरिएका छन्।
- उहाँले आफ्नो प्रस्तुतीको अन्त्यमा केही सुझावहरू पेश गर्नु भएको थियो। केही महत्वपूर्ण सुझाव निम्नानुसार रहेका छन्:
    - FDI चाहिन्छ भन्ने सबैमा हुनु पर्‍यो।

- Process based monitoring गर्ने कुरालाई संशोधन गरेर result based monitoring गर्नु पर्‍यो ।
- Land, labour, र governance को कुरामा सुधार गर्नु पर्‍यो ।
- One stop service लाई व्यवहारमा ल्याउनु पर्‍यो ।
- Behaviour / practice वास्तविक हुनु पर्‍यो ।
- लगानी सुरक्षाको प्रत्याभूति दिनु पर्‍यो ।
- हाम्रो एउटा कानूनमा एकथोक र अर्को कानूनमा अर्कै थोक छ, त्यसलाई सुधार्नु पर्‍यो ।

- लगानी भि† याउँ, नाफा कमाउँ, Aid र Trade ले अब हुँदैन भन्दै उहाँले आफ्नो प्रस्तुती टुंग्याउनु भएको थियो ।
- लगानी बोर्ड, उद्योग विभागको भूमिकाको चर्चा गर्दै बर्तमान लगानी नीति तथा संशोधनका लागी तयार गरिएको मस्यौदा सम्बन्धि चर्चा गर्नु भयो । उहाँले नेपालमा बैदेशिक लगानीको आबस्यकता रहेको र सोही अनुसार लगानी मैत्री बाताबरणका लागी नीतिगत सुधारको खाँचो रहेको बताउनु भयो । Special Economic Zone को कार्यानबयनको चरणमा भैरहवा र आगामी समयमा बन्द तथा हड्तालाई यस क्षेत्रमा प्रतिबन्ध लगाउने कानुनी आधार तय गरिएको बताउनु भयो । कृषि क्षेत्रको लगानीका विषयमा प्राथमिक क्षेत्रमामा हाललाई प्रोत्साहन गर्न नहुने तर प्रशोधनका क्षेत्रमा भने लगानी आकर्षित गर्नु पर्नेमा उहाँको तर्क रहन गयो । यसका लागी जमीन, श्रम सम्बन्ध, लगानी बाट प्राप्त नाफा सहज तरिकाबाट Remit out हुने आबस्यक ब्यबस्था तथा सुशासनमा सुधार गर्न आवस्यक रहेको र यसमा अन्य क्षेत्रका साथै राजनीतिक नेतृत्वको अहं भूमिका रहेको निष्कर्श गर्नु भयो ।

"कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीः सम्भावना र चुनौती" विषयमा डा. प्रेम दंगालको कार्यपत्र प्रस्तुती

- संसारमा १.५ ट्रिलियन डलर बराबरको FDI हुन्छ । त्यसको २.६% दक्षिण एसियामा हुने गरेको छ । दक्षिण एसियामा हुने लगानीको ८०% भारतमा हुन्छ । नेपालमा निकै कम लगानी हुन्छ । FDI भित्र्याउने संसारका १८९ देश मध्ये नेपाल १०८ औं स्थानमा पर्छ ।
- सन् २००८ देखि २०१० सम्म संसारमा भएका Food crisis, energy crisis जस्ता कारणहरूले गर्दा पेन्सन कोष जस्ता कोष समेत FDI को रुपमा लगानी भए ।
- जहाँ पनि **FDI** खुला गर्ने हो भने भोलि समस्या आउन सक्छ । चीनले अफ्रिकामा जग्गामा लगानी गरी राखेको छ । त्यसैले, यस्ता कुरामा बिचार पुर्‍याउनु पर्छ ।
- Doing business environment का हिसावले नेपाल राम्रै देशमा पर्छ । दक्षिण एसियाली देशहरूमा श्रीलङ्कापछि नेपालको स्थान आउँछ । संयुक्त राज्य अमेरिकामा कुनै कामको लागि अनुमति लिन औषतमा १९५ घण्टा लाग्छ भने नेपालमा ३३९ घण्टा लाग्ने गरेको छ ।
- नेपालमा गत वर्ष पूर्वाधार सम्मेलन, लगानी शिखर सम्मेलन, र उर्जा शिखर सम्मेलन गरिए । यी सम्मेलन FDI मैत्री थिए ।
- नेपाल जस्तो देशमा FDI को एउटै मात्र बाटो हुन्छ भन्ने छैन । यसका लागि बिगतलाई कोट्याएर हेर्नु पर्ने हुन्छ । सन् १९९० मा निजीकरण शुरु गरियो र यस पछि देशमा भएका स्रोत साधनको दोहन गर्ने काम भयो ।
- अहिलेको अवस्थामा FDI धानमा भित्र्याइयो भने किसान बिस्थापित हुन्छन्, **poultry sector** मा देश आत्मनिर्भर छ त्यो ध्वस्त हुन सक्छ । FDI ले देशमा रोजगारी घटाउँछ, खाने कुरा देशबाट बाहिरिन्छ भने GM ल्याउन सक्ने सम्भावना समेत छ, जुन अहिले विवादित छ ।
- विदेशी लगानी भित्र्याउने अरु बिभिन्न बाटाहरू पनि छन्: सन् २०३० सम्मको लागि तय भएका १७ वटा लक्ष सहितको दीगो विकासका लक्ष हासिल गर्नका लागि **Addis Ababa action agenda**को कार्यान्वयन, विकसित देशहरूले गर्नै पर्ने भनी तोकिएको ०.७५% सहयोग जस्ता कुराहरूको समुचित उपयोगबाट यो सम्भव छ । साथै, नेपाल WTO को सदस्य राष्ट्र भएको हुनाले लगानी नीति स्वीकृत भएपछि कृषि उत्पादनमा १० अर्व अनुदान दिन सक्छ ।

- FDI भित्र्याउँदै नभित्र्याउने भन्ने पनि होइन, भित्रिई राखेकै पनि छ, तर शक्तिसाली ऐन, नियम बनाएर त्यसको कार्यान्वयनबाट FDI लाई नियन्त्रणमा राख्नु पर्छ ।
- उत्पादन बृद्धिका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा भएको अभ्यास र वैज्ञानिक प्रविधिलाई मात्र भित्राउनु पर्नेमा जोड दिदै यसो गरेको खण्डमा नेपालको उर्वराभुमिबाट उत्पादन बढाई आयातलाई घटाउन सकिने कुरा प्रस्तुतीमा उल्लेख थियो । उहाँले सामुहिक कृषिका अवधारणाको विषयमा पनि जोड दिनु भयो । सिंचाई, आधुनिक र औजार र प्रविधिमा ठूलो लगानीको आवश्यकता रहेकाले वैदेशिक लगानी आवश्यक रहेको र त्यसको सम्भावना रहेको बताउनुभयो भने कृषिका प्राथमिक क्षेत्रहरुमा विदेशी लगानी ल्याउनु नहुने तर्क प्रस्तुत गर्नु भयो ।
- उहाले उर्जा संकतको बर्तमान अवस्थाको स्थायी समाधान, बन्द हड्ताला जस्ता श्रम सम्बन्धमा सुधार गर्दै लगानीका जोखिम कम गर्न सके यस प्रकारको लगानी आउन सक्ने विचार राख्नु भयो । ससका साथै किसान संघ संगठनहरुबाट यस्ता विषयमा पैरवी तथा दवाव कायम राखी राखन पनि जरुरी हुन्छ भन्नु हुँदै लगानी नियमन गर्न शक्तिशाली ऐन तथा नियमहरुको निर्माण र कार्यान्यवनमा जोड दिनुभयो ।

शुभकामना मन्तव्य

- माथि उल्लिखित दुईवटा प्रस्तूतीकरण पछि शुभकामना मन्तव्य दिने कार्य भएको थियो । सबैभन्दा पहिलो मन्तव्य कृषि विकास मन्त्रालयका निमित्त सचिव श्री इश्वर प्रसाद रिजालको रहेको थियो ।साथै कृषि क्षेत्रमा आशातित सुधारका लागी कृषि विकास मन्त्रालयको संरचनागत सुधार हुन आवस्यक रहेको र यस क्रममा सिंचाई विभाग र स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई कृषि विकास मन्त्रालय अन्तर्गत समायोजन गरिनु पर्ने वताउनु भयो । **Plant Quarantine** लाई थप प्रभावकारी बनाउनु पर्ने भन्दै वहाँले गोष्ठीको सफलताको कामना गर्दै यो गोष्ठीले FDI का सकारात्मक र नकारात्मक पक्षहरू केलाई ठोस निष्कर्षमा पुग्न सजिलो बनाउनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।
- राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष **डा. मीन बहादुर श्रेष्ठ**ले FDI का बारेमा समान धारणा बनाउन तथा सहमत भएका विषयमा FDI भित्र्याउन गोष्ठीले सहयोग पुऱ्याओस् भन्ने कामना व्यक्त गर्नु भयो । उहाँले देश नयाँ योजना कार्यान्वयनको चरणमा रहेकाले बिगतका अनुभवको उपयोग गर्दै ७.२% को आर्थिक बृद्धि हासिल गर्न सबैले मिलेर लाग्नु पर्ने र त्यसका लागि बिभिन्न श्रोतबाट लगानी बृद्धि गर्नु पर्ने बिचार व्यक्त गर्नु भयो । नेपालले सन् २०३० सम्ममा प्रति व्यक्ति औषत आय बृद्धि गरी हालको ८६० अमेरीकी डलरबाट ४२०० अमेरीकी डलर पुऱ्याउनु पर्ने लक्ष राखेको छ । विश्वका धेरै मुलुक आफ्नै देशको लगानीबाट मात्र विकास गरेर अहिलेको अवस्थामा आई पुगेका होइनन् । त्यसैले नेपाल पनि अरु देशको लगानी ल्याउन हिच्किचाउनु हुँदैन । आफ्नो देशको लगानीबाट गर्न सके त राम्रै हुन्थ्यो, तर हालसम्मको हाम्रो अनुभवले त्यस्तो हुन सक्ने देखाउँदैन । नेपालमा हाल कूल गार्हस्थ्य उत्पादनको ०.०५% FDI आएको छ । विकासको माथि उल्लिखित उद्देश्य हासिल गर्न FDI को प्रतिशत ४-५% पुऱ्याउनु पर्छ । अर्कोतर्फ FDI लाई पूँजीको रुपमा मात्र पनि हेर्नु हुँदैन । FDI संगै प्रविधि समेत आउने भएकाले यहाँका मान्छेले सिक्ने अवसर पाउँछन्, सामानको बजारीकरण सजिलो हुन्छ, स्थापित नेटवर्कको प्रयोग पछिसम्म गर्न सकिन्छ । यस्ता कार्यहरूले देशलाई दीर्घकालसम्म फाइदा पुऱ्याउँछन् । त्यसका लागि स्पष्ट क्षेत्रहरू भने पहिल्याउनु पर्छ । उदाहरणको लागि यार्चागुम्वाको खेती, कस्तुरी मृग पालनलाई लिन सकिन्छ । ब्यापारघाटा बढेको छ, कृषि वस्तु आयात भैराखेको छ, परम्परागत तरीकाबाट जाँदा कृषि अगाडी बढ्न सक्दैन, त्यसैले FDI लाई रोक्नु हुँदैन । यस्ता विषयहरूमा साँघुरो सोचाइले काम नगर्ने भएकाले अलि फराकिलो सोच बनाउनु जरुरी छ । अन्त्यमा, उहाँले फेरी अर्को गोष्ठी गर्न नपर्ने गरी निष्कर्ष निस्कियोस भन्ने कामना समेत व्यक्त गर्नु भयो ।

- मन्तव्य व्यक्त गर्ने अर्का वक्ता **मा. केशव बडाल**ले राष्ट्रिय किसान आयोगको माग पहिलेदेखि भएको जानकारी गराउनु भयो । नेपालमा कुरा धेरै काम थोरै हुने गरेको बताउँदै आफ्नो नेतृत्वमा गठन गरिएको उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदन धेरै अगाडी दिएको, तर त्यसको कार्यान्वयनको साटो पछि आउने सरकारहरूले अरु आयोग बनाउने काम गरे, कुनै पनि आयोगको प्रतिवेदन कार्यान्वयन गरेनन् । त्यसैले, नेपालमा कार्यान्वयको पाटोलाई विशेष महत्व दिनु पर्छ, हिंड्दैछ पाइला मेट्दैछ जस्तो गर्नु भएन । अब आएर FDI चाहिन्न भन्ने कुरा गर्नु उपयुक्त हुँदैन, हाम्रो राष्ट्रिय हीत अनुकूल हुने बनाउनु पर्छ । FDI हाम्रो नियन्त्रणमा आउनु पर्छ । ADS धेरै Exercise भएर तयार भएको दस्तावेज हो, यसलाई तुरुन्त कार्यान्वयन गर्न जरुरी छ । हाम्रो सबैभन्दा ठूलो कमजोरी भनेको अनुसन्धान र विकासमा पर्याप्त लगानी भएन । उत्पादन गरौं गरौं जस्तो लाग्ने वातावरण बनाई दिने हो भने किसानले आफै उत्पादन बढाउन थालि हाल्छन् । यसका लागि कति र कसरी उत्पादन गर्दा फाइदा हुन्छ भन्ने कुरा विचारणीय हुन्छ । उदाहरणको लागि, ५००० टन भन्दा कम क्षमताको शीतभण्डार बनाइयो भने नाफा हुँदैन । ११८० कि.मी. बोर्डर share गरेको India बाट हामीकहाँ नचाहिने चिजविज थुप्रै आउँछन्, ल्याउनु जरुरी छ र, तर यताबाट निर्यात गर्दा काउली भान्टालाई पनि बन्दा भनेर बेच्नु पर्छ । पैसाको नाफामा मात्रै पनि सबै कुराको लेखाजोखा गर्नु हुँदैन । भारतीय राज्य केरलाको प्रति व्यक्ति आय मापन गर्ने सूचक धेरै छैनन्, तर ११ वटा **development indicators**अमेरीकाकै जस्ता छन् ।
- मन्तव्य व्यक्त गर्ने क्रममा नेपाली कांग्रेसका महामन्त्री **मा. सशांक कोइरालाले** यस किसिमको गोष्ठीमा बोलाएर कृषिका कुरा सुन्ने र बुझ्ने मौका दिएकोमा आयोजकलाई धन्यवाद दिनु भयो । उहाँले नेपालको खेतीयोग्य जमीन सबैमा सिंचाई सुविधाको विकास गर्न सकियो भने त्यसबाट १० करोड जनसंख्या पाल्न सक्ने खाद्यान्न उत्पादन गर्न सकिने क्षमता देशसंग भएको कुरा उल्लेख गर्नु भयो । हाम्रो देशमा राजनीतिको प्राथमिकता विकासमा भन्दा अन्य कुरामा परेकाले देश पछाडि पऱ्यो । अब हामी यो कुरालाई मनन् गरेर अगाडि बढ्नु पर्छ र जनताको हीत हुने खालका योजना बनाउनु पर्छ । ती योजना कार्यान्वयनका लागि FDI आवश्यक पर्न सक्छ जसलाई हामीले सतर्कताका साथ भित्र्याउनु पर्छ । हामीले बिर्सन नहुने कुरा के हो भने अरु देशहरूले कृषि क्रान्ति पछि औद्योगिक क्रान्ति गरेका हुन् । हामी कृषि क्रान्ति गर्ने चरणमै छौं, त्यसैले कृषिको विकास सबै हिसावले पहिलो प्राथमिकतामा पर्नु पर्छ ।
- कार्यक्रमका प्रमुख अतिथि ने.क.पा. माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री **मा. पुष्प कमल दाहालले** आफ्नो मन्तव्यको शुरुमै गोष्ठीबाट उचित र साभ्रा निष्कर्ष निस्कियोस भन्ने शुभकामना व्यक्त गर्नु भयो । प्रत्यक्ष बैदेशिक लगानीलका सवल र दुर्बललाई सुक्ष्म विश्लेषण गरी नीति ल्याउनु पर्ने भन्नु भयो । प्रत्यक्ष बैदेशिक लगानीलाई अहिलेको विश्वब्यापिकरणबाट हाम्रो मुलुक अलग्गै रहन नसक्ने हुँदा ढोका बन्दको नीति राष्ट्रिय अर्थतन्त्रलाई नोक्सानी हुने धारणा राख्नु भयो । अब FDI नल्याउने भन्ने कुरा अलि नमिल्दो हुने भन्दै उहाँले नेपालको प्रतिष्ठामा आँच नआउने गरी तथा मौलिकतामा खलल नपर्ने गरी FDI भित्र्याउने कुरा तर्फ लाग्नु उचित हुने सुझाव राख्नु भयो । अहिले अन्तरराष्ट्रिय तहमा दुई किसिमका प्रवृत्ति, पहिलो ढोका बन्द गर्ने र दोस्रो आँखा चिम्लेर स्वागत गर्ने, देखा परेको उल्लेख गर्दै उहाँले यी दुवै उपयुक्त नभएकोले मध्यमार्गी बाटो अवलम्वन गर्नु पर्ने धारणा राख्नु भयो । हाम्रो देशको विकासमा नयाँ आयाम थप्ने, तर हामीलाई अप्ठ्यारो नपार्ने खालको FDI स्वीकार गर्नु पर्छ । हामीले पचाउन सक्ने हैसियत बनाएर FDI ल्याउनु पर्छ । त्यस्तै, हामीले स्वीकार गर्ने FDI ले हाम्रो परम्परागत भूमि व्यवस्था तथा नेपालीपनमा खलल ल्याउन दिनु हुँदैन । मेक्सिको लगायतका ल्याटिन अमेरीकी देशहरूमा ल्याइएको FDI ले त्यहाँका किसान कृषि मजदुर बने, त्यस्तो हुन दिनु हुँदैन । बाहिरको पूजी यहाँ ल्याउने तथा स्वदेशी पूँजी यहीं राखी रहने हो भने राजनीतिक स्थीरता जरुरी हुन्छ । राजनीतिक स्थीरता भएन भने विदेशीको त के कुरा भयो र स्वदेशी पूँजी पनि बाहिर जान सक्छ । हामीले हाम्रो देशका नागरिकको mindset परिवर्तन गर्न जरुरी छ । हामीकहाँ देशमा काम गर्न नचाहने, तर लाखौ खर्च गरेर विदेशमा गइ जस्तो पनि काम गर्न तयार हुने मानसिकताको विकास भएको छ । बाहिर जाने त संस्कार नै बनी सक्यो । त्यसैले राज्यका नीति यसरी विकसित गर्नु पर्छ कि देशभित्रै बसेर काम गरुँ गरुँ लाग्ने हुनु पऱ्यो । हामीले अनुदान दिने नीति

अख्तियार गर्नु पर्छ। विदेशीहरू हामीलाई अनुदान नदे भन्छन्, तर आफूले दिन्छन्। उहाँले आफ्नो १० महीने कार्यकालको स्मरण गर्दै आफ्नै देशभित्र विनियोजन गरेको बजेट खर्च गर्न नसकेको नमिठो अनुभव सुनाउनु भयो। हामीले पूँजीको खोजी मात्र होइन, खर्च गर्न सक्ने बानीको पनि विकास गर्नु पर्नेछ। आफैसंग भएको खर्च गर्न सकिएन भने बाहिरको कसरी आउला ? हाम्रो संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गरेको छ, वैज्ञानिक भूमिसुधार भनेको छ। संविधानको मर्म अनुरुप हामीले पनि सामाजिक न्याय कायम हुने गरी देश धनी बनाउने तर्फ लाग्नु पर्छ। राष्ट्रप्रति जिम्मेवार भएर काम गर्न चाहने हो भने गर्न सकिन्छ भन्ने महशुश भएको छ। उहाँले सरकारको सार्वजनीक खर्च गर्ने क्षमतामा देखिएको हालका कमजोर पक्षलाई औंल्याउँदै यस पक्षमा सुधार हुनु जरुरी भन्दै पूँजीको खाँचो पुष्ट्याईं गर्न कठिन भएको बताउँदै स्वदेशी पूँजी परिचालान अत्यन्दै महत्व रहेको बताउनु भयो।

त्रि.वि.वि. का प्राध्यापक डा. चन्द्र प्रसाद पोखरेलको

"FDI in Agriculture: Status, opportunities & challenges" नामक कार्यपत्र प्रस्तूती

- उहाँको प्रस्तूती नेपालमा हाल FDI को अवस्थाबाट शुरु भयो। उहाँका अनुसार नेपालले वर्ष २०७३/७४ मा १३२०९१२.०२ मिलियन रुपैयाँ FDI भित्र्यायो।
- FDI संग सम्बन्धित नीति नियममा एकरुपता नभएका कारण लगानीकर्ता स्वस्फूर्त रुपमा लगानी गर्न हिच्किचाउँछन् र कम लगानी भएको छ भन्न सकिन्छ।
- कृषि क्षेत्र FDI को लागि सम्भाव्य क्षेत्रमा पर्छ, तर एउटा विचारणीय कुरा चाहिं के हो भने माटोमा हुने पोषकतत्वको दोहनले जमीनको उत्पादकत्व दीगो नहुन सक्छ।
- बिभिन्न आ.व. मा FDI भएका उद्योगहरूको संख्या केलाउँदा सबैभन्दा बढी आ.व. २०६९/७० मा ५४ वटा उद्योगमा लगानी भएको थियो।
- FDI collateral मा गर्नु उपयुक्त हुन्छ।
- कृषि क्षेत्रमा FDI का निम्नानुसारका चुनौति छन्:
  - जहाँ genetic diversity छ त्यहाँ food aid गई रहेको छ, यसले genetic diversity मास्ने खतरा हुन्छ।
  - Soil organic carbon loss भैसक्यो र माटोको अवस्था बिग्री सकेको छ, यसले कृषि क्षेत्रलाई धरासायी बनाउन सक्छ।
- कृषि क्षेत्रमा FDI का निम्नानुसारका अवसरहरू छन्:
  - रोजगारीका अवसर बढ्छन्
  - पूँजी आवश्यकता र उपलब्धताको जुन gap छ त्यो पूरा हुन्छ।
  - अनुसन्धान र विकासमा लगानी बढ्छ। - प्रविधि प्रसार हुन्छ।

निष्कर्ष:

- कृषि क्षेत्रमा FDI primary production मा ल्याउनु हुँदैन, हाम्रो नीतिले पनि दिंदैन।
- Agro processing industry FDI को लागि सबैभन्दा उपयुक्त क्षेत्र हो।

कृषि विकास मन्त्रालय, कृषि विकास रणनीति समन्वय शाखाका वरिष्ठ बाली संरक्षण अधिकृत श्री इन्द्रहरी पौडेलबाट FDI in Agriculture: Analysis from Policy Perspectives विषयमा कार्यपत्र प्रस्तूत

- Foreign aid/Foreign direct investment मा फरक छ, त्यसैले यी दुईलाई फरक तरिकाले बुझ्नु जरुरी छ।
- FDI को विषयमा बहस गर्नुभन्दा अगाडि यसका फाइदा र बेफाइदाका विषयमा पर्याप्त छलफल गर्नु पर्छ।
- हाम्रो नीतिले छुट दिएको कृषि क्षेत्रको बीउ बिजन लगायतका बिभिन्न विधामा FDI को सम्भावना छ।
- Joint venture मा काम गरियो भने नेपालको हितमा हुन्छ भन्ने अध्ययन प्रतिवेदन छ।

- FDI को व्यहोरा आकर्षण हुने कृषि क्षेत्रमा बिभिन्न नीतिहरू रहेका छन्:
  - राष्ट्रिय कृषि नीति - कृषि व्यवसाय प्रवर्द्धन नीति
  - जैविक विविधता नीति - राष्ट्रिय मल नीति
  - कफि नीति - पुष्प प्रवर्द्धन नीति
  - पन्छीपालन नीति - खर्क नीति
  - सिंचाई नीति - औद्योगिक नीति
- प्रत्यक्ष बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा भएका प्रावधानले हामीलाई अगाडी बढ्न सहज बनाउँछ ।
- मौरी, कुखुरा, माछा, र ग्रामीण पर्यटन प्रत्यक्ष वैदशिक लगानीका लागि रोक लगाइएका क्षेत्र हुन् ।
- ऐनमा भएका प्रावधानहरू खास गरी Industry protect गर्ने खालका भन्दा पनि Commerce protect गर्ने खालका छन् ।
- हाम्रो परिस्थिति विचार गर्दा आर्थिक र प्राविधिक कामका लागि FDI चाहिन्छ, तर यसले सामाजिक र राजनीतिक क्षेत्रमा कस्तो प्रभाव पार्छ भन्ने कुरा चाहिं बिचार गर्नु पर्छ ।

निष्कर्ष:

- आत्मनिर्भर हुन सकिदैन - परनिर्भर हुन भएन - अन्तरनिर्भर economy हुनु पर्छ ।

Panelist को टिप्पणी :

डा. पुण्य प्रसाद रेग्मी, सरकारका प्रमुख आर्थिक सल्लाहकार

- पाँच जनाको बिचार र चार जनाको प्रस्तूतीको सार करीव करीव एउटै रहेको उहाँले उल्लेख गर्नु भयो । त्यो हो: आन्तरिक स्रोत कसरी परिचालन गर्ने र बाहिरी पूँजी उपयुक्त हिसावले कसरी ल्याउने ।
- आ. व. २०७३/७४ को आर्थिक बृद्धिदर ६.९४% रह्यो । यसका प्रमुख कारणहरूमा आर्थिक विकासमा केही सुधार भयो, उर्जाको उपलब्धता बढ्यो, बन्द हढताल कम भए ।
- हाम्रो अर्थतन्त्र समाजवाद उन्मुख हुने कुरा संविधानमै उल्लेख गरिएको छ । बहुसंख्यक जनताको जीवन निर्वाहसंग सम्बन्धित भएकाले र यसको अर्थतन्त्रमा रहेको योगदानका हिसावले कृषि क्षेत्र एक नम्वरमा परेको छ । हाम्रो देशमा कृषि प्राथमिकतामा परेको र बजेट कम बिनियोजन भएको क्षेत्र हो ।
- राजनीतिक अस्थिरता हाम्रो देशको दुर्भाग्य हो, यो सबैले महशुश गरेको जस्तो लाग्यो ।
- गोष्ठीका प्रस्तुतकर्ताहरूले;
  - Global context, - Nepalese context,
  - Status, opportunities, and challenges, - Future course of action प्रस्तूत गर्नु भयो ।
- उद्योग मन्त्रालयले Project bank बनाएको छ, ठीकै छ, तर यो गोष्ठीमा कृषि र पशुपालनमा कहाँ सम्भावना छ, FDI कहाँ ल्याउने भन्ने कुरा आई दिएको भए राम्रो हुन्थ्यो ।
- बन्द हडतालमा संलग्न नहुने चएका कारण नेपालका ठूला उद्योगमा ८०% भारतीय तथा बंगालादेशी कामदार छन्, यो हाम्रा लागि ठूलो चुनौतिको विषय हो ।
- हामीले Patent right लिनु पर्ने विषय यत्तिकै छ । जुम्लाको Photo insensitive धान लोप हुन लाग्यो । यो धान बादल लागी राखे पनि फल्छ ।
- अरु देशले चलाखीपूर्ण तरिकाले FDI भित्र्याएको कुरालाई मनन् गर्नु पर्छ ।

- नेपालमा अरु सबै कुराको बिकल्प खोज्न सकिन्छ, तर कृषिको बिकल्प खोज्न सकिंदैन ।त्यसैले, यो गोष्ठीमा आएका सुझावलाई कार्यान्वयनमा लैजान आयोगले एउटा taskforce बनाउनु पर्‍यो ।

डा. बिमला राई, राष्ट्रिय योजना आयोगकी पूर्व सदस्य

- FDI को बारेमा छलफल गर्ने यो उपयुक्त समय हो कि होइन, बिचार गर्नु पर्छ होला । हामीसंग भएकै पूजी खर्च हुन सकेको छैन ।
- त्यसमाथि कृषिमा FDI नभएरै पछि परेको हो त ? कृषिमा चाहिन्छ कि चाहिंदैन, त्यो पनि सोचौ ।
- हामीले पढ्ने बेलामा कृषि उत्पादनका चारवटा factors भनिन्थ्योः land, labour, capital and entrepreneurs । जग्गाको वर्गीकरण गरेको फाइल १५ वर्ष भयो, त्यो कहाँ गयो थाहा छैन । त्यस्तै, हाम्रो देशको दुई तिहाई जनसंख्याले साँच्चिकै कृषि कर्म गरेको भए जग्गा अहिले बाँझो रहन्थ्यो जस्तो लाग्दैन । जलवायु परिवर्तनले हामीले विकास गरेको प्रविधि काम नलाग्ने बनाई सक्यो । Stress tolerant varieties किसानकहाँ पुगेनन्, साथसाथै किसानले मन पराएनन् ।
- गैर सरकारी संस्थाको ताल गज्जवको छ । बीउ दिनेले पानी दिंदैन, पानी दिनेले बीउ दिंदैन ।
- पैसा खर्च नभएर फिर्ता गयो भनिन्छ ।
- त्यसैले हामीकहाँ लगानी पुगेन भन्नु भन्दा पनि मिलाउनु पर्ने कुरा धेरै छन् तिनलाई पहिले मिलाउनु पर्छ । आयात प्रतिस्थापन मात्रै गर्न पाए ठूलै कुरा हुन्थ्यो ।

डा. कृष्ण प्रसाद पौडेल

- उहाँले सहायता, सहयोग यी सबै कुरा दुर्भाग्य हुन् जस्तो लाग्छ जसले हामीलाई दिन परदिन परनिर्भर बनाउँदै लगी राखेको छ ।
- कस्तो कृषि कार्य गर्ने भन्ने यकीन नभैकन investment तिर लाग्नु हुंदैन ।
- खाद्यमा आत्मनिर्भर नहुने देश राष्ट्रवादी हुंदैन ।
- IPR तिर लाग्नु पर्छ, केमा FDI ल्याउने भन्ने कुरा बिचार गर्नु पर्छ ।
- प्राङ्गारिक उत्पादन खाने कि विषालु खान FDI ल्याउने, एकपटक सोचौं ।
- डा. कृष्ण पौडेलले वैदेशिक लगानी भित्राएको खण्डमा नेपालको जैविक विविधतामा असर गर्न सक्ने, नाफामा बढि केन्द्रित हुने भएकाले यसले चुनौती थप्न सक्ने भएकाले यस क्षेत्रलाई आधुनिकिकरण गर्नका लागि अन्य उपायहरु अवलम्बन गर्न सकिनेमा जोड दिनुभयो ।

नहेन्द्र खड्का

- प्रस्तोताहरुलाई धन्यवाद दिंदै उहाँले आफ्नो बिचार राख्न शुरु गर्नु भयो ।
- गोष्ठीमा कार्यपत्र प्रस्तूत गर्ने महानुभावहरूले अलि बढाईचढाई गरेको जस्तो लाग्यो । सुन्तलाको बोटमा सुन फल्छ जसरी प्रस्तूत गरियो ।
- Globalization of poverty भएको छ । FDI पुगेका देशहरू टाट पल्टेका छन् ।
- Virtual capital, virtual economics मा धेरै debate भयो ।
- उहाले वैदेशिक लगानी भित्राउँदा कृषि क्षेत्रमा भएका श्रमिकमा समस्या आउन सक्ने भएकाले यी सम्भावनाको अध्ययन गरेर मात्र नेपाली किसान र कृषि क्षेत्रमा काम गर्ने श्रमिकको हकहितमा हुने गरी कृषि क्षेत्रका पूर्वाधार निर्माण र प्रशोधनमामात्र बाहिर लगानी भित्राउनु पर्नेमा जोड दिनुभयो ।

मा. हरिबोल प्रसाद गजुरेल

- कृषिको विकास गर्न सबैभन्दा पहिले तालमेल नमिलेका विषय मिलाउने सुझाव उहाँको थियो ।
- कृषि कार्य गरी रहौं जस्तो लाग्ने खालका काम राज्यको तर्फबाट गर्न सकेमात्र यस पेशाबाट मानिस पलायन हुँदैनन् । कृषि कार्य गरी रहनु पर्छ भनेको भरमा मात्र काम गर्छन् भन्ने विश्वास गर्नु हुँदैन ।

5 n K n t y ; ' ´

१. निलकण्ठ शर्मा

- हामीसबैले पैसाको पछि लाग्ने संस्कारको विकास गऱ्यौं कि जस्तो लाग्छ । माओवादीको उद्‌गम थलोलाई कार्यक्षेत्र बनाएर USAID को Project सफलतापूर्वक चल्यो ।
- हामीले बिगतमा दातृ निकायका जस्ता पनि सहयोग स्वीकार गऱ्यौं । त्यसैले, सहयोगको असाध्यै सानो अंश मात्र किसानकहाँ पुग्यो ।
- जमीनको सबैभन्दा बढी उपयोग भएको जिल्ला इलाममा ३०,००० हे. जमीन बाँझो छ । यान्त्रीकरणका कुरा आएको भए राम्रो हुन्थ्यो ।
- हामीले लगानी पुगेन भनेर मात्र बहस गऱ्यौं कि ? दूरी मिलाएर रोप्ने, नछिप्पिएको बिरुवा रोप्ने, कम गहिराईमा रोप्ने जस्ता कार्य मात्र गर्न सकियो भने १०% उत्पादन त यत्तिकै बढ्छ । यस्तो कुरामा हाम्रो ध्यान पुगेको खोई ?

२. निलकण्ठ तिवारी, अष्ट ज अभियान

- उत्पादनको विज्ञापन नगर्ने भनेका रामदेव आफैले विज्ञापन गर्न थाले । हामी बोल्ने एकथोक गर्ने अर्कैथोक तिर लागेका हौं कि जस्तो लाग्छ ।
- नेपालका leadership level मा माटोमुखी, धर्तीमुखी मानसिकतै भएन ।

३. खोजराज कटुवाल

- विदेशमा बसेर सिकेको सीप जितपुरफेदीमा लगानी गरियो । हामीले खाने कुरा किसानले कसरी पुऱ्याउँछ भन्ने कुरा बुझेर बजारीकरणमा सहयोग गर्नु पऱ्यो । आफैले लगानी गरेका फार्म डुबे, ती किसान (फर्मवाला)को संरक्षण गर्नु पऱ्यो ।
- भारतबाट कुनै पनि चिज आउँदा केही गर्न नपर्ने, नेपालबाट जाँदा किन सबै चिजको क्वारेन्टाइन चेक गराउनु पर्ने, नीति निर्माताले ध्यान दिनु पऱ्यो ।
- मजदुरलाई मालिक बनाउने काम गर्नु पऱ्यो । एक वर्ष भित्रमा नेपालको उत्पादन ३ गुणा बढाउन सकिन्छ, तर सिंचाईमा पर्याप्त लगानी भएन ।
- राम्रा नराम्रा घटनाबाट पाठ सिक्नु पर्छ ।
- विश्वमा हाम्रो जस्तो देश बिरलै पाइन्छ । ६ वटा ऋतु भएको देश संसारमा सायदै होलान् । दक्षिण फर्केको हिमालमा पाइने जैविक विविधताको संरक्षण एवम् उपयोग गर्नु पऱ्यो ।

४. राम प्रसाद महतो, पिछडा वर्ग संघको अध्यक्ष

- किसानको कुरा चलेन, देश विदेशको कुरा चल्यो । तराइबाट ८५% आम्दानी काठमाण्डौ आउँछ, त्यसको १५% किसानकहाँ पुग्छ होला ।
- पानी खेर गयो Watershed मा पानीको मूल संरक्षण गरी दिएनन् । पानीको उपयोग पनि भएन, तटवन्ध निर्माण गर्नु पऱ्यो ।
- प्रति क्वीन्टल धानमा १६०० रुपैयाँ लगानी हुन्छ १८०० मा बिक्रि हुन्छ, किसान कसरी बाँच्ने ?

५. रघुपति चौधरी, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड

- FDI किन ? हाम्रो लगानी गर्ने क्षमता नभएको हो र ?
- कृषिमा अत्यन्तै न्यून लगानी गरिएको छ, त्यो पनि कर्मचारीको सेवा सुविधामा गएको छ ।
- I/NGO ले थुप्रै खर्च गरे, उपलब्धी के भयो त ? होटेलमा गोष्ठी गर्ने, काँटा चम्चाले खान सिकाउने, र विकासका गफ गर्ने, काम चाहिं खोई ?FDI ले पनि त्यसै नगरोस् ।

- चिया निर्यातयोग्य वस्तुको सूचिमा छ (NTIS), त्यसैले यसको प्रवर्द्धन गरौं ।
- अन्तरराष्ट्रिय बजारमा नेपाली Organic coffee को मूल्य ९ अमेरीकन डलर पर्छ, तर PMAMP मा यो किन परेन ?

६. सि.पि. भट्टराई, इन्जिनियर, सूचना विज्ञान प्रविधि संस्था

- २०६३ सालमा कम्प्यूटर विज्ञानको रोडम्याप दिइएको थियो । त्यस अनुसार प्रगति हुन सकेको भए हामीकहाँ धेरै प्रगति भएको हुने थियो ।
- किसान र कामदार सक्षम छन्, तर तिनीहरूको उपयोग राम्रो भएन ।

७. गुरु खतिवडा

- FDI आवश्यक हो कि होइन भन्ने कुरा सान्दर्भिक हुन्थ्यो ।
- सापेक्षतालाई बिचार गरेर मात्र FDI ल्याउने, नल्याउने निर्णय गर्नु पर्‍यो ।
- किसानको माग सम्बोधन गरी दिने गरी ल्याउनु पर्‍यो, टाठाबाठाले बिगार्लान् ।
- बिद्वानहरू बसेर सबै कुरा सुन्दैनन् भने, त्यस्तालाई बोलाउनु भएन । आज आफ्ना कुरा राखे हिंडे, हाम्रा कुरा सुनेनन् ।

गोष्ठीको समापन– राष्ट्रिय किसान आयोगका अध्यक्ष श्री चित्र बहादुर श्रेष्ठ

सर्वप्रथमत उहाँले गोष्ठीमा उपस्थित सबै कार्यपत्र प्रस्तूतकर्ता, विशेष अतिथि, अतिथि पत्रकार महानुभाव सबैलाई कार्यक्रम सफल बनाई दिनमा सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । राष्ट्रिय किसान आयोगले कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका विषयमा बहश चलाउन जरुरी भएकाले छलफलमा ल्याएको हो किनभने यो विषय अर्कै बाटोबाट संसदमा पुगेको जानकारी गराउनुभयो ।ADS ले प्राथमिक उत्पादनमा FDI रोक्नु पर्छ भनेर स्पष्ट रुपमा भन्दाभन्दै घुमाउरो बाटोबाट विधेयक संसदमा पुगी सकेको हुनाले सबैलाई जानकारी गराउन, छलफल चलाउन यो गोष्ठीको आयोजना गरिएको भन्दैसंसदमा पेश भएको विधेयक जस्ताको तस्तै पास हुँदा राम्रो नहुने विचार राख्नुभयो । त्यसैले, नेताज्यूहरूलाई समेत बोलाएर यो विषयमा जानकारी गराउन खोजिएको र किसान आयोगले आफ्नो तर्फबाट यस विषयमा काम त गर्छ नै, तर अरु पनि यस विषयमा प्रष्ट होउन् भन्ने गोष्ठीको उद्देश्य रहेको विचार राख्नुभयो । उहाले गोष्ठीमा सहभागी सबैलाई पुनः एकपटक धन्यवाद ज्ञापन गर्दै गोष्ठीको समापन गर्नुभयो ।

टिप्पणीकर्ताको Personal Impression

१. कन्चन राज पाण्डे, प्रमुख, कृषि वस्तु निर्यात प्रर्वद्वन कार्यक्रम

<u>डा.चन्द पसाद पोखरेलको प्रस्तुतीकरणः</u>

उहाले आफ्नो कार्यपत्रमा प्रत्यक्ष वैदेशिक लगानी (प्र.वै.ल.) ले लगानीको क्षेत्रमा अहम् भूमिका खल्नुको साथै देशको दीघो विकासको एक महत्वपूर्ण घटक रहेको उल्लेख गर्नुभयो । नेपालले २०३८ शालदेखिप्र.वै.ल.को ढोका खोलेको र तत्पश्चात विभिन्न ऐन नियमहरु आएको र हाल सम्म ४९ कम्पनीहरु स्थापना भई ३४२२० रोजगार भएको उल्लेख गर्नुभयो ।

प्रस्तुतीकरणमा प्र.वै.ल.वारे जानकारी उल्लेख भएकोले यस क्षेत्रमा हालसम्म नेपालको अवस्था जान्न मद्दत मिल्ने देखिन्छ । यो सह्रनिय पक्ष रहेको छ ।

नेपालको कृषि क्षेत्रको विवेचना गर्दै यस क्षेत्रमा प्र.वै.ल.को आवश्यकता प्रस्टाउन खोजिएको छ । प्र.वै.ल.ले गर्दा खाद्यान्न उत्पादन बृद्धि, गर्दै मूल्य श्रींखलाका क्षेत्रमा योगदान दिने उल्लेख गर्नु भायो । तथापि योगदान दिने

भनिएको क्षेत्रमा विशेष अध्ययनको आवश्यकता देखिन्छ। यसका अवसर र समस्याको विश्लेशण नितान्त आवश्यक रहेकोछ।

समस्या/चुनौतिको हकमा उल्लेखित वुदाहरु जस्तै- उचित लगानी वातावरण, नाफा विदेसिने, साना कृषक मारमा पर्ने, उपयुक्त नियम कानुनको अभाव र वातावरण उचितै देखिन्छ। तथापिप्र.वै.ल.वाट हुने अवसरहरुमा धेरै गहिरिएर लेखिएको देखिदैन।

समग्रमा नेपालमाप्र.वै.ल.को स्थति वारे राम्रो प्रकाश पारिएको छ भनेप्र.वै.ल.कृषि क्षेत्रमा लागु गर्दा क-कस्लाइ, कुन-कुन क्षेत्रमा, राष्ट्रको खाद्य सुरक्षा लगाएतमा यसको असर विश्लेसणत्मक रुपले आएको भए सहि मार्ग निर्कोल गर्न अझ मद्दत पुग्ने थियो।

डा. प्रेम दंगालको प्रस्तुतीकरणः

उहाले प्र.वै.ल.को परिचय, यसको आवश्यकता, मुलुकमा यसको अवस्था, दक्षीण एसियाली देशमा वैदेशिक लगानीको तुलना, लगानीकर्ताको संरक्षणको तुलना, वैदेशिक लगानी भिञ्याउन भएका प्रयासहरु, प्र.वै.ल. निर्धारण गर्ने तत्वहरु, मुलुकमा लगानी भिञ्याउन भएका नीतिगत प्रयासहरु, कृषिक्षेत्रमा नीतिगत सुधार र परिवर्तन, कृषिक्षेत्रमा प्र.वै.ल.को जोखिम, कृषिक्षेत्रमा वैदेशिक लगानीको प्रभाव र कृषिक्षेत्रमा वैदेशिक लगानी भिञ्याउन केही सुझावहरु वारे आफ्नो कार्यपत्रमा समेट्दै पश्तुत गर्नु भयो। प्रस्तुति ब्यापक र जानकारी मूलक थियो। अन्य विषय वस्तुको अलावा यसवाट विश्वमानचित्रमा प्र.वै.ल.को अवस्था अझ कृषि क्षेत्रमा केहि जान्ने अवसर प्रदान गरेको छ। विषेशत प्र.वै.ल.को जोखिम र प्रभावमा उल्लेखित वुदाहरु देशको कृषि एवं आम livelihood सम्वन्धि ऐन, नीति नियम वनाउन एउटा सूचिकै रुपमा प्रयोग गर्न मिल्ने देखिन्छ। यो सद्वायिन पक्ष हो। उहाले राजनैतिक, आथिक र सामाजिक पक्षवारे वुदागत रुपमा उल्लेख गर्नुभएको छ भने सांस्कृतिक पक्ष मौन रहेको छ।कृषि बहुसंख्यक नेपालीको जिवनको पद्वती भएकोले पनि प्र.वै.ल.को पक्षवाट समेत यसको विश्लेषण आवश्यक देखिन्छ। कार्यपत्रमा प्र.वै.ल.का सुझावहरु प्रसस्तमात्रामा छन्। कुन ठिक कुन वेठिक त्यति प्रष्ट छैन। हाल भइरहेको अवस्था पनि सुझावमा मिसिएका छन्। प्रष्ट भए वुझ्न सजिलो हुने थियो।

श्री इन्द्र हरि पौड्यालको प्रस्तुतीकरणः

उहाले नेपालको कृषि सम्बन्धि जानकारी सहित नेपालको प्र.वै.ल. वारे आफ्नो प्रस्तुतीमा राम्रो संग उल्लेख गर्नुभयो। प्र.वै.ल.को हालसंमको सर्न्दभमा मोटा-मोटी रुपले अन्य प्रस्तुतीहरु संग मेल खाएको थियो भने कृषि क्षेत्रको समस्या संक्षिप्तमा राम्रो रुपले पेश भएको छ। उहाले लगानीको अवसर तिन प्रकारले पेश गर्नुभयोः हाल प्राप्त अवसरहरु, नयाँ उठिरहेका एवं भविस्यका अवसर र विना अवसर। यसको श्रोत खुल्न सकेन भने विना अवसरमा रहेका मध्य केहिले निजि क्षेत्र आकर्षण गरि नाफा आर्जनको नयाँ आर्कसक श्रोत समेत भएको देखिन आउदछ।

श्री प्रदिप कोइरालाको प्रस्तुतीकरणः

उहाको प्रस्तुती समग्रमा प्रष्ट, सरल र जानकारी मुलक थियो। एसिया-प्रसान्त क्षेत्रमा प्र.वै.ल.को अवस्था/प्रवृत्ति ले राष्ट्रको GDP Growth मा यसको (प्र.वै.ल.को) महत्व उजागर गर्दछ। तथापि यस गोष्ठी कृषि क्षेत्रमा प्र.वै.ल.संग सम्वन्धित भएकोले एसिया-प्रसान्त क्षेत्रमा प्र.वै.ल.को अवस्थावारे तथ्याङ्क भएको भए उद्देश्य संग वढि तालमेल राख्थियो की ?नेपालको विकासका लागि भएका/प्रस्तावित लगानीका क्षेत्रहरु (प्र.वै.ल. सहित) राम्रो रुपमा आएको छ। Sectoral overview संक्षिप्त छ केहि कृषि वस्तु छुटेको पनि छ। निकासी, खासगरि कृषि वस्तुको सर्न्दभमा informal trade को विश्लेषण नगर्दा पूर्ण हुनै सक्दैन कारणः demand र supply को match हुन धेरै गाह्रो छ। याहि अवस्थामा ठोस निर्णय लिंदा market failure हुदैन भन्न सकिदैन।

<u>समष्टिगत भनाई</u>

प्र.वै.ल.Agri- Processing को क्षेत्रमा आवश्यकता देखिएको छ। लगानी कर्ताले Imbedded service को रुपमा राज्यले नकारात्मक रुपले हेरेका प्रविधि, वीउ-विजन आदीलाइ कसरी हेर्ने, कस्ले हेर्ने, कस्ले नियमन गर्ने र सो

गर्न क्षमता कसरी बृद्धि गर्ने प्रष्ट हुन आवश्यक छ । कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन तथा उपभोगको कार्य कसरी हेर्ने । यो किन भनिएको छ भने निर्वाहमुखी कृषकहरुको भरमा मात्र यस कार्य हुन सक्ने देखिदैन । तसर्थ, प्र.वै.ल.कर्ता (उत्पादन कार्यमा होइन प्रशोधन एवं सो पछिका कार्यमा मात्र) लाई काम गर्न दिईदा Corporate Social Responsibilityको अवधारण वमोजिम कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन तथा उपभोगको क्षेत्रमा खर्च गर्नैपर्ने तर सोको सर्वाधिकार कृषक/राज्यमा निहित हुनु पर्ने वाध्यकारी व्यवस्थाको जरुरी देख्दछु । अर्को तर्फ, संधिय ढाँचामा प्र.वै.ल.कुन तहको जिम्मेवारीमा राख्ने, के गर्न पाइने के नपाइने, निर्णयको अधिकार प्रष्ट हुनु अति जरुरी देख्दछु । माछा पालन र मोरी पालनलाई प्र.वै.ल.मा रोक किन, त्यसो भए अरु कृषि उत्पादन क्षेत्र/उप-क्षेत्र खुला कि वन्द ?

<u>विस्तृत अध्ययन र अनुसन्धान विना</u> कुनै पनि सिफारिस (प्र.वै.ल.वारे पक्ष, आम्सिक पक्ष वा विपक्षमा) निर्णयमा पुग्न वा निर्णय गर्दा दिर्घकालमा अनउत्पादक नहोला भन्न सकिन्न । कृषि वस्तु (प्रसोधित वा अप्रशोधित) निकासीलाई वा राष्ट्रमा खपतका लक्ष्य लिनेहो भने उक्त लक्षित वस्तुको informal trade को विश्लेषण नगर्दा market failure को प्रवल संभावना हुनजान्छ । साथै यसको निराकराण/रोकथाम को कडा कदम चाल्न सरकार पछि पर्न हुँदैन । यसको तालमेल कसरी मिलाउने ?

२. डा. महेन्द्र खनाल, बरिष्ठ बीउ विकास अधिकृत, वीउ विजन गुणस्तरीय नियन्त्रण केन्द्र

- यो गोष्ठीमा अत्यन्तै माथिल्ला तहका कुरा भए । ADS मा उल्लेख भैसकेका, देशका अन्य नीति नियममा लिपिवद्ध भैसकेका विषयमा छलफल भएकाले के गर्ने के नगर्ने भन्ने विषयमा निष्कर्ष निकाल्न कठीन देखिन्छ ।
- देशका नीति नियमले बाटो देखाउने हो र त्यो बाटो अनुसार चल्नु हामी सबैको कर्तव्य हो भन्ने कुरामा सजगता नभएको हो कि भन्ने छनक गोष्ठीमा व्यक्त भएका बिचारले दिए ।
- नीति नियमले हुन्न भनेका कुरामा गर्न खोज्नु भनेको त जवरजस्ती भैहाल्यो । त्यसकारण त्यस्तो जवरजस्ती हुँदैन होला भन्ने मेरो व्यक्तिगत बिचार छ । नीति नियमको परिधिभित्र रहेर FDI चाहिने क्षेत्र कुन् कुन् हुन् र त्यसलाई कसरी सहज बनाउने र कसरी सीमाभित्र राख्ने भन्ने कुरामा बहश भैदिएको भए ठूलो उपलब्धि हुन्थ्यो । यस विषयमा अझै exercise गर्नु पर्ने भयो ।
- गोष्ठीका सहभागी धेरैले Foreign aid र foreign direct investment लाई एउटै रुपमा लिनु भएको पाइयो ।
- यो गोष्ठीको अर्को महत्वपूर्ण पाटो भनेको राष्ट्रिय हिसावले विनियोजन भएको सरकारी बजेट खर्च नभैराखेको अवस्थामा प्रत्यक्ष वैदेशिक लगानी किन चाहियो भन्ने खालका अभिव्यक्तिहरू आए । सरकारी ढुकुटीको प्रयोग गर्ने तरिका र विदेशी व्यक्ति, संघ, संस्थाले आएर सिधा लगानी गर्ने तरिकामा के फरक हुन्छ भन्ने कुराको भित्र पसेर विश्लेषण गरिएन ।

<u>उपलब्धिहरु</u>:

- कृषि क्षेत्रमा देखिएका चुनौती र समस्याहरुको विषयमा व्यापक छलफल मन्थन भई त्यसको समाधानका प्रयास उपायहरु प्राप्त भएको ।
- कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीको सम्भावनो अवस्थाबारे जानकारी प्राप्त भएको । जसले नीति निर्माण गर्न सहज भएको ।
- कृषि क्षेत्रमा वैदेशिक लगानी भित्राउदा के कस्तो अभ्यास गर्नु पर्ने भन्ने विषयमा स्पष्ट भएको ।
- सुधार गर्नु पर्ने पक्षहरु पहिल्याई भावी योजना बारे दिशा निर्देश गरेको ।
- कृषि उत्पादन क्षेत्रमा संलग्न किसानका लागि दिशा निर्देशन गर्ने ।
- कृषि विकासका लागि नीति निमार्ण तय गर्नका लागि वैदेशिक लगानीको सम्भावनाको विषयमा स्पष्ट धारणा बनाउन सहयोग हुने ।

गोष्ठिमा सहभागीको नामावली

क्र.सं.	नाम थर	पद	कार्यालय
१	मा. पुष्पकमल दाहाल	स.पूर्व प्रधानमन्त्री/अध्यक्ष	
२	मा. शंसाक कोइराला	महामन्त्री, ने.का.	
३	ईश्वर प्रसाद रिजाल	नि. सचिव	कृषि विकास मन्त्रालय
४	मा. डा. मिन ब. श्रेष्ठ	उपाध्यक्ष	रा.योजना आयोग
५	चित्र बहादुर श्रेष्ठ	अध्यक्ष	रा.कि.आ
६	भानुभक्त सिग्देल	सदस्य	रा.कि.आ
७	उदय चन्द्र ठाकुर	सदस्य	रा.कि.आ
८	बसन्ती घिमिरे	सदस्य	रा.कि.आ.
९	मिना तामाङ	सदस्य	रा.कि.आ.
१०	रविन्द्र के.सी	सदस्य	रा.कि.आ.
११	मदन थापा	सदस्य सचिव	रा.कि.आ
१२	रघुपती चौधरी	उप. निर्देशक	रा.चि.तथा.क.विकास वोर्ड
१३	ढलकचन्द्र खत्री	हलुका सवारी चालक	कृषि विकास मन्त्रालय
१४	गोविन्द प्रसाद अधिकारी	हलुका सवारी चालक	कृषि विकास मन्त्रालय
१५	सुरेश घिमिरे	क्यामराम्यान	H.T.V.
१६	भौतिक मल्ल	रिर्पोटर	H.T.V.
१७	शिवराज मगर	कम्प्यूटर अफिसर	-
१८	सुनिता तामाङ्ग	रिर्पोटर	ईमेज च्यानल
१९	प्रकाश कुमार	-	-
२०	गोपाल भण्डारी	प्रधान-सम्पादक	साइन्स इन्फोटेक
२१	ई.सि.पि. महर्जन	अध्यक्ष	नेपाल सूचना विज्ञान प्रविधि संस्था
२२	प्रदिप प्रसाद गौतम	सचिव	स्वास्थ्य विकास समिति
२३	राम कुमार श्रेष्ठ	उप प्रध्यापक	लमजुङ्ग क्याम्पस
२४	श्रीगोविन्द महर्जन	सचिव	-
२५	शिशिर कुमार श्रेष्ठ	उपाध्यक्ष	स्वास्थ्य विकास संस्था
२६	कृण्ण राम भण्डारी	सचिव अष्ट ज	कमल पोखरी
२७	राम प्रसाद दाहाल	के.सदस्य	अ.ने.कि.म.क्रान्त्रिकारी
२८	पूर्ण बहादुर विष्ट	व्यवस्थापक	हाम्रो नयाँ कृषि सहकारी
२९	तेजेन्द्र प्रसाद पौडेल	का.नि.	कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
३०	रत्न लाल श्रेष्ठ		अ.ने.कि.मा.क्रान्तिकारी
३१	अर्जुन पोखरेल	अध्यक्ष	ने. मौरी के.सहकारी संघ
३२	नारायण प्रसाद देवकोटा	अध्यक्ष	के.दुग्ध सहकारी संघ
३३	विश्व नाथ दाहाल	के.प्र.	ने.कि. संघ
३४	डा. गोविन्द प्रसाद शर्मा	आ.नि.	PACT
३५	टिकाराम थापा	व.कृ.प्र.अ.	क्षे.कृ.नि. हरिहरभवन
३६	सालीकराम पौडेल	कृ.प्र.अ.	कृषि विभाग
३७	सूर्य प्रसाद पौडेल	उप.महानिर्देशक	कृषि विभाग

३८	नहेन्द्र खड्का	के.सदस्य	रा.कि.संजाल
३९	डा. विमल कुमार निर्मल	महानिर्देशक	पशु सेवा विभाग
४०	कल्पना राजकला	कोषाध्यक्षक	रा.ज.उ.स.
४१	लक्ष्मण प्रसाद पौडेल	का.निर्देशक	कृ.बजार विकास निर्देशनालय
४२	माधव प्रसाद लामिछाने	सभापती	ने.कि.संघ, भक्तपुर
४३	जंग बहादुर शाह	अध्यक्ष	नेपाल मत्स्य व्यवसायी संघ
४४	डा. वंशी शर्मा	सहसचिव	पशुपंक्षी विकास मन्त्रालय
४५	महेश सापकोटा	वैज्ञानिक	NARC
४६	रबिन थापा	विधार्थी	काठमाण्डौ
४७	अच्युत प्रसाद मिश्र	के.सदस्य	नेपाल किसान संघ
४८	निलकण्ठ शर्मा	कृषि विशेषज्ञ	BTL-NAF Seed
४९	करिश्मा गुरङ्ग	खाद्यका लागि कृषि	-
५०	गणेश शाह	-	-
५१	पदम जोशी	ने.कि.फ्रेडरेशन	
५२	रोहित भट्टराई	अ.ने.प्र.कि.संघ	
५३	केशव प्रसाद वडाल	रा.स. संघ	NCF
५४	कृष्ण प्रसाद पौडेल	संयोजक	खाद्यका लागि कृषि अभियान
५५	प्रकृति श्रेष्ठ	विधार्थी	HICAST
५६	ओकास शाक्य	विधार्थी	HICAST
५७	सुर्य माया	महिला सा.कृ.अध्यक्ष	गोकर्ण
५८	प्रदिप राज शर्मा	किसान	नेपाल किसान संघ
५९	डा. विमला राई पौडेल	पूर्व मा.सदस्य	रा.योजना आयोग
६०	भगवती काफ्ले	संचालक	राष्ट्रिय स.वि.वोर्ड
६१	ईश्प्रिना श्रेष्ठ	Reporter	News 24
६२	शंकर पोखरेल	किसान के.स	भक्तपुर
६३	मोहन गिरी	हलुका सवारी चालक	राष्ट्रिय सहकारी संघ
६४	टिका बास्तोला		अ.ने.कि.म.
६५	लेखनाथ पोखरेल		हिमालयन टाइम्स, वानेश्वर
६६	राजेश बर्मा	अन्नपूर्ण पोष्ट	तिनकुने
६७	माघुराम चौधरी		ने.का.
६८	निर्मल दवाडी		ने.का.
६९	वावुराम अधिकारी	अध्यक्ष	केन्द्रिय पशुपन्छी पा. सहकारी संघ
७०	राज कुमार चौधरी	प्रतिनिधि	ने.काग्रेस
७१	किशोर श्रेष्ठ	अधिकृत	हिमालय टाईम्स
७२	खुम बहादुर घर्ती	ना.सु.	रा.किसान आयोग
७३	ओमेश गैरे	लेखापाल	रा.किसान आयोग
७४	सुनिता बस्नेत	किसान प्रतिनिधि	
७५	सुरज कुँवर	पत्रकार	कान्तिपुर
७६	शान्ता न्यौपाने	किसान संघ	
७७	सन्तोष पौडेल		मूलखबर डटकम

७८	विनोद श्रेष्ठ		न्यूज एजेन्सी नेपाल
७९	सानु कान्छा श्रेष्ठ	रा.वि.अ.	अनुसन्धान
८०	अनुप चौधरी	सु.से.नी.	रा.अ.वि.
८१	डा. चन्द्र प्रसाद पोखरेल	प्राध्यापक	त्रिभुवन विश्वविद्यालय
८२	ईश्वर बर्सिला	कृ.अ.वि.	कृषि विकास मन्त्रालय
८३	रवि प्रसाद ढुंगाना	हलुका सवारी चालक	रा.किसान आयोग
८४	राम बहादुर गुरुङ्ग	हलुका सवारी चालक	रा.किसान आयोग
८५	अर्जुन थारु	का.स.	रा.किसान आयोग
८६	पुण्यवती सिलवाल	का.स.	रा.किसान आयोग
८७	गिता के.सी.	का.स.	रा.किसान आयोग
८८	महेन्द्र राज पन्त	कृ.प्र.अ.	कृषि विकास मन्त्रालय
८९	विज्ञान कोइराला	शा.अ.	कृषि विकास मन्त्रालय
९०	दिपेन्द्र कुँवर	क.अ.	रा.किसान आयोग
९१	लक्ष्मी श्रेष्ठ	किसान प्रतिनिधि	काठमाण्डौ
९२	कृष्ण गिरी		सेतोपाटी डटकम
९३	राम कृष्ण रेग्मी	व.तथ्याक अधिकृत	कृषि विकास मन्त्रालय
९४	इन्द्रहरि पौडेल	व.वा.सं.अ.	कृषि विकास मन्त्रालय
९५	लब श्री न्यौपाने		ने.किसान संघ
९६	विष्णु बस्नेत		ने.किसान संघ
९७	खेम शर्मा पौडेल	पूर्व महानिर्देशक	कृषि विभाग
९८	प्रदिप कोइराला	सहसचिव	उद्योग मन्त्रालय
९९	निलकण्ठ तिवारी		अष्ट ज अभियान
१००	डा. महेन्द्र प्रसाद खनाल	व.वी.वि.अ.	वी.वि.गु.नि.केन्द्र
१०१	श्रीराम लामिछाने	हलुका सवारी चालक	DHM
१०२	विभा भुसाल	Documentation & Communication	NFIWVAN
१०३	राम प्रमोद महतो	अध्यक्ष	OBC
१०४	राज कुमारी देवी	महिला अध्यक्ष	OBC
१०५	डा. हरि कुमार श्रेष्ठ	अध्यक्ष	कृषि सरोकार समाज नेपाल
१०६	चुर्न बहादुर के.सी.	प्र.ह.	नक्साल
१०७	रमेश प्रसाद घिमिरे	ह.स.चा.	
१०८	मिन घिमिरे	महासचिव	वी.उ.के.स.संघ
१०९	ज्ञानेन्द्र महत	पत्रकार	हिमालय टेलिभिजन
११०	राजेन्द्र श्रेष्ठ	कोषाध्यक्ष	कृषि स.संघ.लि, सिन्धुली
१११	निरन्जन कोइराला	सल्लाहाकार	ने.काग्रेस
११२	भलक प्रसाद लामिछाने	सदस्य	अ.ने.कि.महासंघ
११३	ल्याम बहादुर दर्जी	अध्यक्ष	रा.मू.अ.म.
११४	सोम प्रसाद भण्डारी	सदस्य	रा.मू.अ.म.
११५	उद्धव अधिकारी	अध्यक्ष	रा.कृ.स.महासंघ
११६	वैद्य गमेरा ब. राउत	के.सल्लाहकार	किसान महासंघ
११७	खोजराज कटुवाल	अध्यक्ष	व्यवसायिक कृषक

११८	नवराज लुइटेल	उपाध्यक्ष	-
११९	पुन्य प्रसाद पुडासैनी	अध्यक्ष	सहकारी
१२०	धिरेन्द्र बस्नेत	Reporter	कृषि साप्ताहिक
१२१	डा. विष्णु धिताल	कृषि विशेषज्ञ	FAO TA to AFSP
१२२	प्रकाश आचार्य	व.बाली वि.अ.	वाली विकास निर्देशनालय
१२३	देवराज गौली	अध्यक्ष	के.कृ.प्रा.एसोसिएसन
१२४	अमृत रानाभाट	प्रा.स.	कृषि वकास मन्त्रालय
१२५	कैलाश ढुङ्गेल	ED	NDDB
१२६	रविन्द्र के.सी.	सदस्य	रा. किसान आयोग
१२७	सिताराम अर्याल	निर्देशक	NARC
१२८	श्रीराम ढकाल	H.Q. Member	ने.क.पा., मा.के.
१२९	शम्भु प्रसाद ढकाल	महासचिव	रा.सिं.ज.उ. महासंघ
१३०	श्याम प्रसाद पौडेल	सहसचिव	पशुपंक्षी विकास मन्त्रालय
१३१	बाल चन्द्र शर्मा	-	-
१३२	ईश्वरी प्रसाद न्यौपाने	व.कृ.प्र.अ.	NARDF
१३३	प्रकाश कुमार सन्जेल	प्रमखु	AICC
१३४	प्रा.डा. पुण्य प्रसाद रेग्मी	प्राध्यापक	AFU/TU
१३५	लाल प्रसाद आचार्य	-	HBRTC
१३६	आनन्द राम फुयाल	कोषाध्यक्ष	अ.ने.कि.म., क्रान्तिकारी
१३७	रमेश पोखरेल	अध्यक्ष	राष्ट्रिय सहकारी बैङ्क
१३८	राम प्रसाद तिम्सिना	हलुका सवारी चालक	पशुपन्छी विकास मन्त्रालय
१३९	मिन बहादुर खड्का	हलुका सवारी चालक	PACT
१४०	राम कृष्ण डंगोल	हलुका सवारी चालक	NDDB
१४१	कुमार भण्डारी	क्यामरामेन	Media plan
१४२	विक्रम सुनुवार	हलुका सवारी चालक	पशुपन्छी विकास मन्त्रालय
१४३	विष्णु दत्त अधिकारी	हलुका सवारी चालक	पशुपन्छी विकास मन्त्रालय
१४४	मान बहादुर मोक्तान	हलुका सवारी चालक	अर्थ मन्त्रालय
१४५	उत्तम श्रेष्ठ	हलुका सवारी चालक	कृषि , NAST
१४६	नेत्र बहादुर तामाङ्ग	हलुका सवारी चालक	बजार व्यवस्थापन नि.
१४७	ऋषि शर्मा	म.नि.	DHM
१४८	वैकुण्ठ भण्डारी	सम्पादक	कृषि अनलाइन
१४९	डा. केशव प्रसाद प्रेमी	सहसचिव	पशुपंक्षी विकास मन्त्रालय
१५०	दिल बहादुर थापा	हलुका सवारी चालक	उद्योग मन्त्रालय
१५१	टेक बहादुर न्यासार	हलुका सवारी चालक	SQCC
१५२	सिमा रिजाल	सचिव	नेपाल किसान फेडेरेसन
१५३	हरिबोल प्रसाद गजुरेल	पूर्व मन्त्री/सांसद	ने.क.पा., मा.के.
१५४	प्रेम दंगाल	उपाध्यक्ष	YSEF
१५५	सागर घिमिरे	किसानसंघ सदस्य	YES
१५६	पार्वती चापागाई	केन्द्रिय सदस्य	-
१५७	सि.पि. जोशी	President	NCP United

१५८	सुनिता न्हम्हाफूकी	सम्पादक	कृषक र प्रविधि
१५९	केदारनाथ गौतम	सम्पादक	Newskoseli.com
१६०	प्रशान्त वोहरा	निर्देशक	उद्योग विभाग
१६१	सविना श्रेष्ठ	सदस्य	कृषि फर्म
१६२	कान्चन राज पाण्डे	प्रमुख	कृ.व.नि.प्र.का.
१६३	तुलसी राज गिरी	संस्थापक अध्यक्ष	ने.मत्स्य व्यवसायी संघ
१६४	चन्द्र प्रसाद पोखरेल	प्राध्यापक	TU
१६५	गणेश ढुंगाना	अ.ने.प्र.महासंघ	अ.ने.प्र.कि.स.
१६६	कैलास ढुंगाना	कोषाध्यक्ष	अ.ने.म.कि. संघ
१६७	गुरु खतिवडा	महासचिव	सूचना तथा संचार सहकारी
१६८	देवी माया बास्कोटा	कर्मचारी	राष्ट्रिय सहकारी लिमिटेड
१६९	गोपाल न्यौपाने	उपाध्यक्ष	अखिल क्रान्तिकारी
१७०	निर्मला घिसिङ्ग	रिर्पोटर	रेडियो नेपाल
१७१	विष्णु चापागाई	किसान	प्रतिनिधि काठमाण्डौ
१७२	सागर पौडेल	कर्मचारी	रा.औ.वा.वि.का.
१७३	प्रकाश बहादुर देउवा	किसान संघ के.स.	ने.कि.संघ
१७४	भरत तिवारी	किसान	ने.कि.संघ
१७५	रामु खड्का	किसान	ने.कि.संघ
१७६	लोक कुमार चौधरी	-	-
१७७	दिन बहादुर जि.सी.	अध्यक्ष	जि.कृ.स.संघ, प्युठान
१७८	कमल आचार्य	अध्यक्ष	मिनभवन काठमाण्डौ
१७९	दिपक प्रसाद पौडेल	सदस्य	नेपाल किसान संघ